# अन्तर्राष्ट्रिय
# फौजदारी अदालतको रोम विधान

## प्रस्तावना

**यस विधानका राज्यपक्षहरू,**
सबै जनता साझा बन्धनबाट एकताबद्ध भएको, तिनका संस्कृतिहरू एकै साझा सम्पदाभित्र आबद्ध भएको कुरामा सचेत भएर र यो कोमल स्वरूप कुनै पनि बेला विखण्डित हुन सक्छ भन्ने कुरामा चिन्ता गर्दै,

यस शताब्दीमा करोडौँ बालबालिका, महिला र पुरुषहरू मानवताको सद्विचारलाई गम्भीर आघात पुऱ्याउने अकल्पनीय ज्यादतीको शिकार भएको कुरालाई स्मरण गर्दै,

यस्ता अपराधहरू  विश्वको शान्ति, सुरक्षा र भलाइका लागि अनिष्टकारी हुने गर्दछ भन्ने कुराको मान्यता राख्दै,

अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम् अपराधहरू दण्डरहित रहनु हुँदैन र अन्तर्राष्ट्रिय सहयोग अभिबृद्धि गर्दै राष्ट्रिय तहमा हरसंभव तिनको प्रभावकारी अभियोजन सुनिश्चित गरिनै पर्छ  भन्ने कुराको अभिपुष्टि गर्दै,

यस्ता अपराधहरूका पीडकहरूका लागि दण्डहीनताको अन्त्य गर्न र यसबाट त्यस्ता अपराधहरूको रोकथाममा योगदान पुऱ्याउन कटिबद्ध हुँदै,

अन्तर्राष्ट्रिय अपराधहरूका लागि जिम्मेवारहरूउपर आफ्नो फौजदारी अधिकारक्षेत्रको प्रयोग गर्नु हरेक राज्यको कर्तव्य रहेको कुरा स्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घको वडापत्रका उद्देश्य र सिद्धान्तहरूलाई, खासगरी सबै राष्ट्रले कुनै पनि राज्यको प्रादेशिक अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध वा राष्ट्रसङ्घका उद्देश्यहरूसँग असङ्गत हुने कुनै तरिकाबाट धम्की वा बलको प्रयोग गर्नबाट अलग रहने कुरालाई पुनर्निश्चित गर्दै,

यस सन्दर्भमा यस विधानको कुनै पनि कुरालाई, कुनै पनि राज्यपक्षले कुनै सशस्त्र द्वन्द्व वा कुनै पनि राज्यको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने अधिकारका रूपमा लिन नपाइने कुरामा जोड दिँदै,

यी लक्ष्यहरू अनुरूप र वर्तमान तथा भावी पुस्ताका लागि संयुक्त राष्ट्रसङ्घीय प्रणालीअन्तर्गत सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम अपराधहरूउपर अधिकारक्षेत्र रहने गरी एक स्वतन्त्र स्थायी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने निधो गर्दै,

यस विधानअन्तर्गत स्थापना हुने अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको परिपूरक हुने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय न्यायको चिर सम्मान र कार्यान्वयनको प्रत्याभूतिप्रति प्रतिबद्ध भएर,

निम्नानुसार सहमत भएका छन्:

## खण्ड १
# अदालतको स्थापना

**धारा १: अदालत**

यसैद्वारा अन्तर्राष्ट्रिय फौजदारी अदालत ('अदालत') को स्थापना गरिएको छ। अदालत एक स्थायी संस्था हुनेछ र यसलाई यस विधानमा व्यवस्था भएबमोजिम अन्तर्राष्ट्रिय सरोकारका गम्भीरतम् अपराधहरूका सम्बन्धमा व्यक्तिहरूउपर यसको अधिकारक्षेत्र प्रयोग गर्ने अधिकार रहनेछ र राष्ट्रिय फौजदारी अधिकारक्षेत्रको यो परिपूरक हुनेछ। अदालतको अधिकारक्षेत्र र कामकारबाही यस विधानका प्रावधानहरूबाट परिचालित हुनेछन्।



**धारा २: संयुक्त राष्ट्रसङ्घसँग अदालतको सम्बन्ध**

अदालतलाई यस विधानका राज्यपक्षहरूको सभाले पारित गरेको सम्झौतामार्फत संयुक्त राष्ट्रसङ्घसँगको सम्बन्धमा आबद्ध गरिनेछ र त्यसपछि अदालतकातर्फबाट अध्यक्षद्वारा सम्पन्न गरिनेछ।

**धारा ३: अदालतको मुख्यालय**

१) अदालतको मुख्यालय नेदरल्यान्ड ("आतिथेय राज्य") को हेगमा रहनेछ।

२) अदालतले राज्यपक्षहरूको सभाबाट अनुमोदन हुने र त्यसपछि अदालतको तर्फबाट अध्यक्षद्वारा सम्पन्न गरिने गरी आतिथेय राज्यसित मुख्यालय स्थापना गर्ने सम्झौता गर्नेछ।

३) अदालतले वाञ्छनीय छ भनी विचार गरेमा यस विधानमा व्यवस्था भएबमोजिम जहिलेसुकै अन्यत्र जहाँसुकै पनि अदालत बस्न सक्नेछ।

**धारा ४: अदालतको कानुनी हैसियत र अधिकार**

१) अदालतको अन्तर्राष्ट्रिय कानुनी व्यक्तित्व हुनेछ। यसको आफ्ना कामकारबाहीको सम्पादन र उद्देश्यहरूको परिपूर्तिका लागि आवश्यकीय कानुनी हैसियत पनि रहनेछ।

२) यस विधानले व्यवस्था गरेअनुसार अदालतले कुनै पनि राज्यपक्षको भूभागमा र विशेष सम्झौताद्वारा अन्य जुनसुकै राज्यको भूभागमा यसका कामकारबाही र अधिकारको प्रयोग गर्न सक्नेछ।

## खण्ड २
# अधिकारक्षेत्र, ग्राह्यता र लागू हुने कानुन

**धारा ५: अदालतको अधिकारक्षेत्र भित्रका अपराध**

१) अदालतको अधिकारक्षेत्र सिङ्गो अन्तर्राष्ट्रिय समुदायको सरोकारका गम्भीरतम् अपराधहरूमा सीमित रहनेछ। यस विधानअनुसार देहायका अपराधहरूमाथि अदालतको अधिकारक्षेत्र रहने छ:

(क) आमसंहारको अपराध;

(ख) मानवताविरुद्धको अपराध;

(ग) युद्धअपराध;

(घ) आक्रामकताको अपराध।

२) अदालतले आक्रामकताको अपराधका सम्बन्धमा धारा १२१ र १२३ अनुसार परिभाषित गर्ने र यस अपराधको सन्दर्भमा अदालतले अधिकारक्षेत्रको प्रयोग गर्ने अवस्था तय गर्ने प्रावधान लागू गरिएपछि सो अपराधउपर अधिकारक्षेत्रको प्रयोग गर्नेछ। यस्तो प्रावधान संयुक्त राष्ट्रसङ्घको बडापत्रका सान्दर्भिक व्यवस्थासङ्गत हुनुपर्नेछ।

**धारा ६: आमसंहार**

यस विधानको प्रयोजनका लागि "**आमसंहार**" भन्नाले कुनै राष्ट्रिय, जनजातीय, जातीय वा धार्मिक समूहलाई पूर्ण वा आंशिकरूपमा सखाप पार्ने मनसायबाट गरिएको देहायको जुनसुकै कार्य जनाउँछ:

(क) समूहका सदस्यहरूको ज्यान लिने;

(ख) समूहका सदस्यहरूलाई गम्भीर शारीरिक वा मानसिक क्षति पुऱ्याउनु;

(ग) सोच-विचार गरी पूर्ण वा आंशिकरूपमा भौतिक विनास हुने खालको अवस्थामा समूहको जीउज्यान होम्नु;

(घ) समूहभित्र जन्मनिरोध गराउने दुरासयका साथ उपाय लाद्नु;

(ङ) समूहका बालबालिकालाई जबर्जस्ती अर्को समूहमा स्थानान्तरण गर्नु।

**धारा ७: मानवताविरुद्धको अपराध**

१) यस विधानको प्रयोजनका लागि "मानवताविरुद्धको अपराध" भन्नाले कुनै गैरसैनिक जनसमुदायविरुद्ध जानाजान लक्षित व्यापक वा योजनाबद्ध आक्रमणको हिस्साको रूपमा गरिएको देहायको जुनसुकै कार्य जनाउँछ:

(क) हत्या;

(ख) उच्छेदन;

(ग) दास बनाउने;

(घ) जनसमुदायको निष्कासन वा बलात् स्थानान्तरण;



(ङ) अन्तर्राष्ट्रिय कानुनका आधारभूत नियमविपरीत गरिएको कारावास वा भौतिक स्वतन्त्रता वञ्चित गर्नु;

(च) यातना;

(छ) जबर्जस्ती करणी, यौनदासता, करकापबाट गराइएको वेश्यावृत्ति, बलात् गर्भधारण, करकाप गरी स्थायी बन्ध्याकरण गराउनु वा यस्तै गम्भीर प्रकृतिका यौनहिंसाका अन्य जुनसुकै स्वरूप;

(ज) यस अनुच्छेदमा उल्लेख भएको कुनै कार्य वा अदालतको अधिकारक्षेत्रभित्रको कुनै कसुरका सिलसिलामा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अग्राह्य भनी विश्वव्यापीरूपमा मानिएको अनुच्छेद ३ मा परिभाषा गरिएअनुसारको राजनीतिक, जातीय, राष्ट्रिय, जनजातीय, सांस्कृतिक, धार्मिक वा लैङ्गिक वा अन्य आधारमा पहिचान्य समूह वा सामूहिकताविरुद्धको उत्पीडन;

(झ) व्यक्तिहरूलाई बलात् बेपत्ता पार्नु;

(ञ) जातिभेदको अपराध;

(ट) मानसिक वा शारीरिक स्वास्थ्यमा गम्भीर पीडा वा गम्भीर चोट पुऱ्याउने नियतले गरिएको समान प्रकृतिका अन्य अमानवीय कार्यहरू।

२) अनुच्छेद १ को प्रयोजनका लागि:

(क) "कुनै पनि गैरसैनिक जनसमुदाय विरुद्ध लक्षित आक्रमण" भन्नाले कुनै पनि गैरसैनिक जनसमुदायका विरुद्ध त्यस्तो राज्यको वा सङ्गठनात्मक नीतिअनुसार वा सोको विस्तारका लागि यस्तो आक्रमण गर्ने अनुच्छेद १ मा उल्लेख गरिएअनुसारका धेरैपटक गरिएका क्रियाकलापहरूको क्रमलाई जनाउँछ;

(ख) "उच्छेदन" भन्नाले जनसङ्ख्याको कुनै भागलाई जानाजानी नष्ट गर्ने हेतुले अन्य कुराका अतिरिक्त, खाद्य तथा औषधिको पहुँचबाट वञ्चित गराउने कार्यसमेत समेट्नेछ;

(ग) "दास बनाउनु" भन्नाले व्यक्तिउपरको स्वामित्वको अधिकारसँग सम्बन्धित कुनै वा सबै शक्तिको प्रयोगलाई जनाउनेछ र

व्यक्तिको, खासगरी महिला र बालबालिकाको ओसारपसारका क्रममा यस्तो शक्तिको प्रयोगलाई समेट्नेछ;

(घ) "जनसमुदायको देशबाट निष्कासन वा बलात् स्थानान्तरण" भन्नाले अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको स्वीकृत आधार विना देशनिकाला वा अन्य करकापपूर्ण कार्यद्वारा कानुनसङ्गतरूपमा रहेको क्षेत्रबाट सम्बन्धित व्यक्तिहरूको जबर्जस्ती विस्थापनलाई जनाउँछ;

(ङ) "यातना" भन्नाले कानुनसङ्गत सजायमा अन्तर्निहित वा सोबाट निस्रित पीडा वा कष्टबाहेक अभियुक्तको हिरासत वा भौतिक नियन्त्रणमा रहेको व्यक्तिउपर कठोर शारीरिक वा मानसिक पीडा पुऱ्याउन जानाजानी गरिएको कार्यलाई जनाउँछ;

(च) "बलात् गर्भधारण" भन्नाले कुनै जनसमुदायको जनजातीय स्वरूपलाई असर पुऱ्याउने वा अन्तर्राष्ट्रिय कानुनको अन्य गम्भीर उल्लङ्घन गर्ने-गराउने मनसायले बलजफ्ती गर्भधारण गराइएकी महिलाको थुनछेकलाई जनाउँछ। गर्भवतीसम्बन्धी राष्ट्रिय कानुनलाई असर पार्ने गरी कुनै पनि तरिकाले यस परिभाषाको व्याख्या गरिने छैन;

(छ) "उत्पीडन" भन्नाले समूह वा सामूहिकताको पहिचानका कारणले अन्तर्राष्ट्रिय कानुनविरुद्ध मौलिक अधिकारहरूबाट गरिने मनसायपूर्ण र कठोर वञ्चनालाई जनाउँछ;

(ज) "जातिभेदको अपराध" भन्नाले एक जातीय समूहद्वारा अन्य कुनै जातीय समूह वा समूहहरूउपर नियोजित दमन र प्रभुत्वको शासनप्रणाली संस्थागत गर्ने सन्दर्भमा र त्यस्तो शासनप्रणाली चलाइराख्ने नियतले गरिएको अनुच्छेद १ मा उल्लेख गरिएअनुसारका समान प्रकृतिका अमानवीय क्रियाकलापलाई जनाउँछ;

(झ) "व्यक्तिहरूको बलात् बेपत्ता" भन्नाले राज्य वा राजनीतिक सङ्गठनद्वारा तिनको अख्तियारी, सहयोग वा सम्मतिमा लामो अवधिका लागि कानुनको संरक्षणबाट तिनलाई हटाउने नियतले, तिनको स्वतन्त्रताहरण भएको कुरा वा तिनको हालत वा अत्तोपत्तोको जानकारी दिन इन्कार गरिने गरी



गरिएको व्यक्तिहरूको गिरफ्तारी, थुनछेक वा अपहरणलाई जनाउँछ;

३. यस विधानको प्रयोजनका लागि "लैङ्गिक" भन्ने शब्दले समाजको सन्दर्भमा दुई लिङ्ग -महिला र पुरुष भन्ने बुझिन्छ। "लैङ्गिक" शब्दले योभन्दा भिन्न कुनै अर्थ सूचित गर्ने छैन।

**धारा ८: युद्धअपराध**

१. अदालतलाई युद्धअपराधहरू, खासगरी कुनै योजना वा नीतिको अंशको रूपमा वा ठूलो परिमाणको खण्डस्वरूप गरिएका यस्ता अपराधका सन्दर्भमा अधिकारक्षेत्र हुनेछ।

२. यस विधानको प्रयोजनका लागि "युद्धअपराध" भन्नाले देहायका कार्यहरू बुझिन्छ:

(क) सन् १९४९ अगस्ट १२ का जेनेभा महासन्धिहरूको घोर उल्लङ्घन, मूलत: सम्बन्धित जेनेभा महासन्धिका प्रावधानहरूअन्तर्गत संरक्षित व्यक्तिहरू वा सम्पत्ति विरुद्धका निम्नलिखित कुनै पनि कार्य:

(१) स्वेच्छाचारी हत्या गर्नु;

(२) यातना वा जीववैज्ञानिक परीक्षणलगायत्का अमानवीय व्यवहार गर्नु;

(३) मनोमानी हिसाबले ठूलो कष्ट वा जीउज्यान वा स्वास्थ्यमा गम्भीर हानि पुऱ्याउनु;

(४) सैन्य आवश्यकता भएको पुष्टचाइँ नहुने र गैरकानुनी तरिका वा स्वेच्छाचारीपूर्वक सम्पत्तिको व्यापक तोडफोड वा हडप्ने कार्य गर्नु;

(५) युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई शत्रु शक्तिको सेनामा सेवा गर्न बाध्य पार्नु;

(६) युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई जानाजान स्वच्छ र नियमित पुर्पक्षको अधिकारबाट वञ्चित गर्नु;

(७) गैरकानुनी निष्कासन वा स्थानान्तरण वा गैरकानुनी थुनछेक गर्नु;

(८) बन्धक बनाउनु।

(ख) अन्तर्राष्ट्रिय कानुनको स्थापित ढाँचाभित्र अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा लागू हुने कानुन र प्रथाहरूको अन्य गम्भीर उल्लङ्घन, खासगरी देहायका कुनै पनि कार्य:

(१) गैरसैनिक जनसमुदायविरुद्ध वा सङ्घर्षमा प्रत्यक्ष भाग नलिएका नागरिक वा गैरसैनिक व्यक्तिउपर मनसायपूर्वक आक्रमण गर्नु;

(२) सैन्य लक्ष नरहेका गैरसैनिक बस्तुलाई मनसायपूर्वक आक्रमणको लक्ष्य बनाउनु;

(३) सशस्त्र द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गैरसैनिकहरू वा गैरसैनिक वस्तुलाई प्रदत्त संरक्षणको हकदार हुने खालका संयुक्त राष्ट्रसङ्घको बडापत्रअनुसारका मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारी, प्रतिष्ठापन, सरसामान, एकाइ वा सवारीसाधनविरुद्ध मनसायपूर्वक आक्रमण लक्षित गर्नु;

(४) अपेक्षित ठोस तथा प्रत्यक्ष समग्र सैनिक लाभको सन्दर्भमा त्यस्तो आक्रमणले जीउज्यानको अनुषङ्गिक क्षति, गैरसैनिकहरूलाई चोटपटक वा गैरसैनिक बस्तुहरूमा क्षति पुऱ्याउने वा प्राकृतिक वातावरणमा व्यापक, दीर्घकालीन र गम्भीर क्षति पुग्ने खालको मनसायपूर्वक आक्रमण गर्नु;

(५) जुनसुकै माध्यमबाट गरिएको भए पनि सुरक्षाघेरामा नरहेका र सैनिक लक्ष नरहेका शहर, गाउँ, आवास वा भवनहरूमा आक्रमण वा गोलाबारी वा बमवर्षा गर्नु,

(६) आफ्नो हतियार बिसाएका वा सुरक्षा साधनयुक्त नरहेका, स्वविवेकले आत्मसमर्पण गरेको लडाकुलाई मार्नु वा घाइते बनाउनु;

(७) मृत्यु वा गम्भीर व्यक्तिगत चोटपटकको परिणाम ल्याउने गरी युद्धविरामको झन्डा, शत्रुको वा संयुक्त राष्ट्रसङ्घको झन्डा, सैनिक चिह्न वा पोसाक साथसाथै जेनेभा महासन्धिका विशेष चिह्नहरूको अनुचित प्रयोग गर्नु;

(८) आफूले ओगटेको प्रादेशिक क्षेत्रमा सो क्षेत्र ओगट्ने शक्तिले आफ्नै गैरसैनिक जनसमुदायको केही हिस्सालाई



स्थानान्तरण गर्नु वा ओगटेको क्षेत्रभित्रै वा बाहिर, यसरी ओगटिएको क्षेत्रका सबै वा केही जनसमुदायको प्रत्यक्ष वा अप्रत्यक्ष निर्वासन वा स्थानान्तरण गर्नु;

(९) सैनिक उद्देश्य पूर्ति नहुने गरी यकिन गरिएका धर्म, शिक्षा, कला, विज्ञानमा समर्पित वा परोपकारी उद्देश्यका भवन, ऐतिहासिक स्मारक, विरामी तथा घाइते जम्मा हुने अस्पताल र स्थानहरूविरुद्ध मनसायपूर्वक लक्षित आक्रमण गर्नु;

(१०) प्रतिपक्षी पक्षको कब्जामा रहेका व्यक्तिहरूलाई शारीरिक अङ्गभङ्ग गर्नु वा सम्बन्धित व्यक्तिको चिकित्सकीय, दन्तचिकित्सकीय वा अस्पतालको उपचारले पुष्टयाइँ गर्न नसक्ने वा निजको हित हुने गरी नगरिएका र यस्ता व्यक्ति वा व्यक्तिहरूको मृत्यु हुने वा स्वास्थ्यलाई गम्भीर खतरा पार्ने जुनसुकै किसिमका चिकित्साजन्य वा वैज्ञानिक परीक्षणको विषय बनाउनु;

(११) शत्रु राज्य वा सेनाका व्यक्तिहरूलाई षडयन्त्रमूलक तरिकाले मार्नु वा घाइते पार्नु;

(१२) आत्मसमर्पण गरेका शत्रु पक्षका सैनिकलाई जीवन दान नदिने घोषणा गर्नु;

(१३) युद्धका दृष्टिले स्पष्टत: ध्वस्त वा जफत गर्नुपर्ने अवस्था नभएको स्थितिमा शत्रुको सम्पत्ति तोडफोड वा जफत गर्नु;

(१४) शत्रु पक्षका नागरिकहरूका अधिकार र न्यायिक कार्यविधिको अदालतबाट बदर, निलम्बन वा अग्राह्यताको घोषणा गर्नु;

(१५) युद्ध शुरु हुनुअघि लडाकुकै सेवामा सामेल भएका भए पनि शत्रु पक्षका नागरिकहरूलाई उनीहरूकै मुलुकविरुद्ध लक्षित युद्धमा भाग लिन बाध्य पार्नु;

(१६) आक्रमण गरी कब्जा गरिएको सहर वा ठाउँविशेषमा लुटपाट गर्नु;

(१७) विष वा विषालु हतियार प्रयोग गर्नु;

(१८) निसास्याउने, विषाक्त वा अन्य ग्याँस र यस्तै प्रकारका झोल, वस्तु वा सरसाधनको प्रयोग गर्नु;

(१९) मानव शरीरमा सजिलै फैलिन सक्ने वा घनीभूत हुने, कडा खोकासहितको, पूर्णरूपले नढाकिने र तिक्ष्ण घाउ बनाउनसक्ने छर्रायुक्त गोलीको प्रयोग गर्नु;

(२०) सतही चोटपटक वा अनावश्यक कष्ट गराउने प्रकृतिका वा आफैमा सशस्त्र द्वन्द्वका अन्तर्राष्ट्रिय कानुनको जथाभावी उल्लङ्घन हुने धारा १२१ र १२३ मा व्यवस्थित प्रावधानअनुसार संशोधनद्वारा यस विधानको अनुसूचीमा समाविष्ट र पूर्णत: निषेधित हातहतियार, क्षेप्यास्त्र, वस्तु तथा युद्धविधि प्रयोग गर्नु;

(२१) व्यक्तिगत मर्यादाउपर अचाक्ली, खासगरी हिनताबोधक र अपमानजनक व्यवहार गर्नु;

(२२) जेनेभा महासन्धिहरूको गम्भीर उल्लङ्घन गर्दै धारा ७ अनुच्छेद २ (च) मा परिभाषा गरिएअनुसारका जबर्जस्ती करणी, यौनदासता, जबर्जस्ती वेश्यावृत्ति, बलात् गर्भधारण गराउने कार्य, जबर्जस्ती बन्ध्याकरण गराउने वा यौनहिंसाका अन्य स्वरूपका कार्य गर्नु;

(२३) कुनै खास स्थान, क्षेत्र वा सैनिक बललाई सैनिक कारबाहीबाट सुरक्षित गराउन गैरसैनिक वा अन्य संरक्षित व्यक्तिहरूलाई उपस्थिति गराएर उनीहरुको उपयोग गर्नु;

(२४) अन्तर्राष्ट्रिय कानुनअनुकूल जेनेभा महासन्धिका विशेष चिह्नयुक्त भवन, वस्तु, स्वास्थ्य एकाइ, परिवहन र कर्मचारीविरुद्ध मनसायपूर्वक आक्रमण गर्नु;

(२५) युद्धविधिस्वरूप नियतवश नागरिकहरुलाई जेनेभा सन्धिहरूका प्रावधानअनुसारका राहत आपूर्तिहरूमा जानाजान रोक लगाएर बाँच्नका लागि नभई नहुने वस्तुहरूबाट मनसायपूर्वक वञ्चित गराई नागरिकहरूलाई भोकमरीमा पार्नु;



(२६) पन्ध्र वर्षभन्दा कम उमेरका बालबालिकालाई राष्ट्रिय सशस्त्र बलमा भर्ना गर्नु वा तिनलाई सक्रिय युद्धमा सहभागी गराउन प्रयोग गर्नु;

(ग) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वका मामिलामा चारवटा जेनेभा महासन्धिहरूको साझा धारा ३ को गम्भीर उल्लङ्घन, खासगरी हतियार बिसाएका सशस्त्र बलका सदस्यहरू र बिरामी, घाउचोट, थुनछेक वा अन्य कुनै कारणले युद्धाहत ( हर्स डे कम्ब्याट) बनेको सशस्त्र बलको सदस्यलगायत् युद्धमा सक्रिय भाग नलिएका व्यक्तिहरूविरुद्ध गरिएका निम्नलिखित कुनै पनि कार्य:

(१) जीवन र व्यक्तिउपर हिंसा, खासगरी सबै किसिमका हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातना;

(२) व्यक्तिगत मर्यादामाथिको अचाक्ली, खासगरी हिनताबोधक तथा अपमानजनक व्यवहार गर्नु;

(३) बन्धक बनाउनु;

(४) सामान्यतया अत्यावश्यक ठानिएका सबै न्यायिक प्रत्याभूति दिने, नियमित तवरले स्थापित अदालतको पूर्वघोषित फैसलाबिना दण्डसजाय सुनाउनु र तिनको कार्यान्वयन गर्नु।

(घ) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा अनुच्छेद २ (क) लागू हुनेछ र यो हुलदङ्गा, हिंसा एकल र छिटपुट कार्य वा यस्तै प्रकृतिका अन्य कार्यजस्ता आन्तरिक उपद्रव र तनावको अवस्थामा लागू हुनेछैन।

(ङ) अन्तर्राष्ट्रिय कानुनको स्थापित ढाँचाभित्र, अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा लागू हुने कानुन र प्रथाको अन्य गम्भीर उल्लङ्घन, खासगरी निम्नलिखितमध्येका जुनसुकै कार्य:

(१) युद्धमा प्रत्यक्ष भाग नलिएको नागरिक आवादी वा गैरसैनिक व्यक्तिहरुलाई मनसायपूर्वक आक्रमणको लक्ष बनाउनु;

(२) अन्तर्राष्ट्रिय कानुनअनुकूल जेनेभा महासन्धिका विशेष चिह्नहरू प्रयुक्त भवन, वस्तु, स्वास्थ्य एकाइ, परिवहन र कर्मचारीविरुद्ध मनसायपूर्वक आक्रमण गर्नु;

(३) सशस्त्र द्वन्द्वसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका गैरसैनिकहरू वा गैरसैनिक वस्तुलाई प्रदत्त संरक्षणको हकदार हुने खालका संयुक्त राष्ट्रसङ्घको बडापत्र-अनुसारका मानवीय सहायता वा शान्ति स्थापना नियोगमा संलग्न कर्मचारी, प्रतिष्ठापन, सरसामान, एकाइ वा सवारीसाधनविरुद्ध मनसायपूर्वक आक्रमणलाई लक्षित गर्नु;

(४) सैनिक उद्देश्य पूर्ति नहुने गरी यकिन गरिएका धर्म, शिक्षा, कला, विज्ञानमा समर्पित वा परोपकारी उद्देश्यका भवन, ऐतिहासिक स्मारक, विरामी तथा घाइते सङ्कलन हुने अस्पताल र स्थानहरूविरुद्ध मनसायपूर्वक आक्रमणलाई लक्षित गर्नु;

(५) आक्रमण गरी कब्जामा लिइएकै भए पनि सहर वा ठाउँविशेषमा लुटपाट गर्नु;

(६) चारवटा जेनेभा महासन्धिहरूका साझा धारा ३ को गम्भीर उल्लङ्घन हुने गरी धारा ७ अनुच्छेद २ (च) मा परिभाषा गरिएअनुसारका जबर्जस्ती करणी, यौनदासता, जबर्जस्ती वेश्यावृत्ति, बलात् गर्भधारण, जबर्जस्ती बन्ध्याकरण गराउने वा यौनहिंसाका अन्य स्वरूपका कार्य गर्नु;

(७) पन्ध्र वर्षभन्दा कम उमेरका बालबालिकालाई सशस्त्र बलमा भर्ना गर्नु वा तिनलाई सक्रिय युद्धमा सहभागी गराउन प्रयोग गर्नु;

(८) सम्बद्ध गैरसैनिकहरूको सुरक्षा वा नभई नहुने सैनिक कारणबाटै अत्यावश्यक भएकोमाबाहेक द्वन्द्वसम्बन्धी कारणबाट गैरसैनिक जनसमुदायलाई विस्थापनको आदेश गर्नु;

(९) विपक्षी लडाकुलाई षडयन्त्रमूलक तरिकाले मार्नु वा घाइते पार्नु;



(१०) आत्मसमर्पण गरेका शत्रु पक्षका सैनिकलाई जीवन दान नदिने घोषणा गर्नु;

(११) द्वन्द्वको अर्को पक्षका अख्तियारवाला व्यक्तिहरूलाई शारीरिक अङ्गभङ्ग वा सम्बन्धित व्यक्तिको चिकित्सकीय, दन्तचिकित्सकीय वा अस्पतालको उपचारले पुष्टचाइँ हुन नसक्ने र निजको हित हुने गरी नगरिएका र यस्ता व्यक्ति वा व्यक्तिहरूको मृत्यु वा स्वास्थ्यलाई गम्भीर खतरा पार्ने जुनसुकै किसिमका चिकित्साजन्य वा वैज्ञानिक परीक्षणको विषय बनाउनु;

(१२) सङ्घर्षमा अत्यावशक नभए पनि कुनै विपक्षीको सम्पत्ति विनास वा जफत गर्नु।

(च) अन्तर्राष्ट्रिय चरित्र नभएको सशस्त्र द्वन्द्वमा अनुच्छेद २ (ङ) लागू हुनेछ र यो हुलदङ्गा, हिंसाका एकल र छिटपुट कार्य वा यस्तै प्रकृतिका अन्य कार्यजस्ता आन्तरिक उपद्रव र तनावका अवस्थामा लागू हुनेछैन। राज्यको प्रादेशिक क्षेत्रमा सरकारी पदाधिकारीहरू र सङ्गठित सशस्त्र समूहहरूका बीच वा यस्तै समूहहरूका बीच हुने लामो सशस्त्र द्वन्द्वमा यो लागू हुनेछ।

३. अनुच्छेद २ (ग) र (ङ) को कुनै कुराले सम्पूर्ण वैधानिक माध्यमद्वारा राज्यमा अमनचैन कायम राख्न वा पुन:स्थापन गर्न वा राज्यको प्रादेशिक अखण्डता र एकताको रक्षा गर्ने सरकारको उत्तरदायित्वलाई असर गर्ने छैन।

**धारा ९: अपराधहरूका तत्व**

१) अपराधहरूका तत्वहरूले अदालतलाई धारा ६, ७ र ८ को व्याख्या र क्रियान्वयनमा मद्दत गर्नेछन्। राज्यपक्षहरूको सभाका सदस्यहरूको दुईतिहाई बहुमतद्वारा ती पारित हुनेछन्।

२) अपराधहरूका तत्वहरूको संशोधन देहायद्वारा प्रस्तावित हुन सक्नेछ:

(क) कुनै राज्यपक्ष;

(ख) निरपेक्ष बहुमत प्राप्त न्यायाधीशहरू;

(ग) अभियोक्ताले;

यस्ता संशोधनहरू राज्यपक्षहरूको सभाका दुईतिहाई सदस्यहरूको बहुमतबाट पारित गरिनेछन्।

३) “अपराधका तत्वहरू” र तिनका संशोधनहरू यसै विधानसङ्गत हुनेछन्।

**धारा १०**

यस खण्डमा लेखिएको कुनै कुरालाई यो विधानबाहेक अन्य प्रयोजनका लागि विद्यमान वा विकास हुँदै गरेका अन्तर्राष्ट्रिय कानुनका नियमहरूलाई कुनै तरिकाले सीमित पार्ने वा प्रतिकूल प्रभाव पार्ने अर्थमा व्याख्या गरिने छैन।

**धारा ११: अधिकारक्षेत्र**

१) अदालतले यो विधान लागू भएपछि भएगरेका अपराधहरूका सन्दर्भमा मात्र अधिकारक्षेत्र राख्दछ।

२) विधान लागू भएपछि कुनै राज्य यसको पक्ष भएमा सो राज्यले धारा १२ को अनुच्छेद ३ अन्तर्गतको घोषणा गरेमाबाहेक त्यस राज्यको हकमा अदालतले यो विधान लागू भएपछि भएका अपराधहरूको सम्बन्धमा मात्र आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्नेछ।

**धारा १२: अधिकारक्षेत्रको प्रयोगसम्बन्धी पूर्वशर्त**

१) यस विधानको पक्ष हुने राज्यले धारा ५ मा उल्लिखित अपराधहरूको सन्दर्भमा अदालतको अधिकारक्षेत्र स्वीकार गर्दछ।

२) धारा १३, अनुच्छेद (क) वा (ग) का हकमा, देहायका एक वा बढी राज्यहरू यस विधानको पक्ष रहेको वा अनुच्छेद ३ अनुसार अदालतको अधिकारक्षेत्र स्वीकार गरेको अवस्थामा अदालतले आफ्नो अधिकारक्षेत्र प्रयोग गर्न सक्नेछ:

(क) प्रश्न उठेको कार्य भएको प्रादेशिक क्षेत्रवाला राज्य वा अपराध जहाज वा विमानमा भएको भए त्यस्तो जहाज वा विमान दर्ता भएको राज्य;

(ख) अपराधको अभियोग लागेको व्यक्ति नागरिक भएको राज्य।

३) यदि यस विधानको पक्ष नभएको राज्यको स्वीकृति अनुच्छेद २ अन्तर्गत आवश्यक भए सो राज्यले रजिस्ट्रारसमक्ष घोषणा दर्ता गरी प्रश्न उठेको अपराधको सन्दर्भमा अदालतको अधिकारक्षेत्रको प्रयोग स्वीकार्न सक्नेछ। यसरी सकार गर्ने राज्यले बिना कुनै विलम्ब वा खण्ड ९ अनुसारको अपवादबिना अदालतलाई सहयोग गर्नेछ।



**धारा १३: अधिकारक्षेत्रको प्रयोग**

अदालतले धारा ५ मा उल्लिखित अपराधका सन्दर्भमा यस विधानका प्रावधान अनुरूप आफ्नो अधिकारक्षेत्रको प्रयोग गर्नेछ यदि:

(क) एक वा बढी यस्ता अपराधहरू भएको देखा परेको अवस्था राज्यपक्षले अभियोक्तालाई धारा १४ अनुसार सिफारिस गरेमा;

(ख) एक वा बढी यस्ता अपराधहरू भएको देखा परेको अवस्था संयुक्त राष्ट्रसङ्घको बडापत्रको परिच्छेद ७ अन्तर्गत कार्यरत सुरक्षापरिषद्ले अभियोक्तालाई सिफारिस गरेमा; वा

(ग) धारा १५ अनुसार अभियोक्ताले यस्तो अपराधको लागि अनुसन्धानको शुरुआत गरेमा।

**धारा १४: राज्यपक्षले अवस्थाबारे सिफारिस गर्ने**

१) अदालतको अधिकारक्षेत्रभित्र एक वा बढी अपराधहरू भएको देखा परेको अवस्थामा यस्ता अपराधमा एक वा सो भन्दा बढी खास व्यक्तिहरूलाई अभियोजन गर्ने-नगर्ने कुरा निर्धारण गर्ने प्रयोजनका लागि सो अवस्था बारे अभियोक्ताद्वारा अनुसन्धान हुन अनुरोध गर्दै राज्यपक्षले अभियोक्तासमक्ष सिफारिस गर्न सक्नेछ।

२) सम्भव भएसम्म सिफारिशले सान्दर्भिक परिस्थितिको किटान गर्नेछ र सो अवस्थाबारे सिफारिश गर्ने राज्यलाई उपलब्ध भएसम्मका सहायक अभिलेखनसमेत समावेश गर्नेछ।

**धारा १५: अभियोक्ता**

१) अभियोक्ताले सूचनाका आधारमा अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान सुरु गर्न सक्नेछ।

२) अभियोक्ताले प्राप्त सूचनाको संवेदनशीलताको विश्लेषण गर्नेछ। यस प्रयोजनका लागि, निजले राज्यहरू, संयुक्त राष्ट्रसङ्घका अङ्गहरू, अन्तरसरकारी वा गैरसरकारी सङ्गठनहरू वा निजले उपयुक्त देखेको अन्य कुनै भरपर्दो स्रोतबाट अतिरिक्त जानकारी खोज्न र अदालतको पीठ रहेको ठाउँबाट लिखित वा मौखिक प्रमाण प्राप्त गर्न सक्नेछ।

३) अनुसन्धान बढाउन मनासिब आधार छ भन्ने अभियोक्ताले निष्कर्ष निकालेमा अनुसन्धानको अनुमतिका लागि सङ्कलित सहायक कागजातसहित निजले पूर्वपुर्पक्ष गर्ने अधिकारीसमक्ष अनुरोध पेश

गर्नेछ। पीडितहरूले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमबमोजिम पूर्व पुर्पक्ष गर्ने अधिकारीसम्म प्रतिनिधित्व गर्न सक्नेछन्।

४) पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुरोध र सहायक कागजातको परीक्षणबाट अनुसन्धान बढाउन मनासिब आधार छ भन्ने विचार गरेमा र सो मुद्दा अदालतको अधिकारक्षेत्रभित्र पर्ने देखिएमा, पछि सो मुद्दामा अधिकारक्षेत्र र ग्राह्यताका बारेमा अदालतले गर्नसक्ने निर्णयहरूप्रति कुनै पूर्वाग्रह नराखी, अनुसन्धानको शुरुआतको लागि अनुमति दिनेछ।

५) पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुसन्धानको अनुमति दिन इन्कार गरेको कुराले उही अवस्थाका विषयमा नयाँ तथ्य वा प्रमाणमा आधारित भएर अभियोक्ताले अर्को अनुरोध प्रस्तुत गर्न रोक्ने छैन।

६) अनुच्छेद १ र २ मा उल्लेख भएअनुसारको प्रारम्भिक जाँचबाट अभियोक्ताले उपलब्ध गराइएका जानकारीहरूबाट अनुसन्धानको लागि मनासिब आधार खडा गर्दैन भन्ने निष्कर्ष निकालेमा सो जानकारी उपलब्ध गराउनेहरूलाई सूचित गर्नेछ। निजसमक्ष उही अवस्थाका विषयमा पेश गरिएको जानकारी नयाँ तथ्य वा प्रमाणका आधारमा अभियोक्ताले थप विचार गर्नलाई यस कुराले रोक्ने छैन।

**धारा १६: अनुसन्धान वा अभियोजनको स्थगन**

सुरक्षापरिषद्ले संयुक्त राष्ट्रसङ्घको बडापत्रको परिच्छेद ७ अन्तर्गत प्रस्ताव पारित गरी अदालतसमक्ष अनुरोध गरेमा तत्पश्चात्को १२ महिनाको अवधिका लागि यस विधानअनुसार कुनै अनुसन्धान वा अभियोजन सुरु हुने वा अघि बढ्नेछैन। यस्तो अनुरोध तिनै शर्तहरूअन्तर्गत परिषद्द्वारा नवीकरण हुन सक्नेछ।

**धारा १७: ग्राह्यताका सवालहरू**

१) प्रस्तावनाको अनुच्छेद १० र धारा १ लाई ध्यानमा राखी निम्नलिखित विषयहरूमा अदालतले मुद्दालाई अग्राह्य ठहर गर्नेछ:

(क) राज्य अनुसन्धान वा अभियोजन गर्न अनिच्छुक वा वास्तवमा असमर्थ भएको अवस्था भएबाहेक मुद्दाउपर अधिकारक्षेत्र भएकै राज्यले मुद्दाको अनुसन्धान वा अभियोजन गरिरहेको भएमा;

(ख) भएको निर्णय अभियोजन गर्न अनिच्छुक वा वास्तवमा नै अयोग्य भएकै कारणले भएकोमा बाहेक मुद्दाउपर अधिकारक्षेत्र भएकै राज्यले मुद्दाको अनुसन्धान गरेको र सम्बन्धित व्यक्तिलाई अभियोजन नगर्ने निर्णय गरेमा;

(ग) उजुरीको विषय बनेको क्रियाकलापकै लागि सम्बन्धित व्यक्तिलाई मुद्दा चलिसकेको र धारा २० अनुच्छेद ३ अन्तर्गत अदालतबाट पुपर्क्षको अनुमति नमिलेमा;

(घ) उक्त मुद्दा अदालतद्वारा थप कारबाही गरिने औचित्य सावित गर्न पर्याप्त गम्भीर प्रकृतिको नभएमा।

२) कुनै खास मुद्दामा अनिच्छा भएको ठहर गर्नको लागि अदालतले, अन्तर्राष्ट्रिय कानुनद्वारा मान्यताप्राप्त उचित प्रक्रियाका सिद्धान्तहरूको आदर गर्दै, लागू हुने देहायमध्येका एक वा बढी कुरा भए-नभएको विचार गर्नेछ:

(क) धारा ५ मा उल्लिखित अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधहरूका लागि सम्बन्धित व्यक्तिलाई फौजदारी दायित्वबाट बचाउने उद्देश्यबाट कारबाही चलाइएको थियो वा चलाइँदै गरेको छ वा राष्ट्रिय निर्णय लिइएको थियो;

(ख) कारबाहीमा औचित्यबिनाको ढिलाइ भइरहेको जो विद्यमान परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष उभ्याउने उद्देश्यसित असङ्गत भएको;

(ग) कारबाही स्वतन्त्ररूपमा र निष्पक्षतापूर्वक नचलाएको वा नभइरहेको र विद्यमान परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष उभ्याउने उद्देश्यसित असङ्गत हुने तरिकाले सो कारबाही चलेको वा चलाइएको।

३) कुनै खास मुद्दामा अयोग्यता ठहर गर्नको लागि अदालतले राष्ट्रिय न्यायिक प्रणालीको पूर्ण वा ठूलो असफलता वा अनुपलब्धताले राज्यले अभियुक्तलाई वा आवश्यक सबुतप्रमाण भेट्टाउन नसकेका वा अन्य तरिकाले यसको कारबाही चलाउन नसकेको भन्ने बारेमा विचार गर्नेछ।

**धारा १८ः ग्राह्यतासम्बन्धी प्रारम्भिक निर्णयादेश**

१) धारा १३ (क) अनुसार अदालतसमक्ष कुनै अवस्थाबारे सिफारिस भएमा र अभियोक्ताले अनुसन्धानको शुरुआत गर्ने मनासिब आधार छ भन्ने निधो गरेमा वा अभियोक्ताले धारा १३ (ग) र १५ अनुसार अनुसन्धान सुरु गरेमा, अभियोक्ताले सबै राज्यपक्षहरू र उपलब्ध जानकारीको विचार गरी सम्बन्धित अपराधहरूउपर सामान्यतया अधिकारक्षेत्रको प्रयोग गर्न सक्ने राज्यहरूलाई जनाउ दिनेछ। यस्ता राज्यहरूलाई अभियोक्ताले गोपनीयतापूर्वक जनाउ दिन सक्नेछ र व्यक्तिहरूको संरक्षण, प्रमाण नासिनबाट रोकथाम गर्न वा व्यक्तिहरू फरार हुनबाट रोक्न आवश्यक छ भन्ने अभियोक्तालाई लागेमा राज्यहरूलाई उपलब्ध गराउने सूचनाको क्षेत्र सीमित गर्न सक्नेछ।

२) त्यसरी जनाउ पाएको एक महिनाभित्र, राज्यले धारा ५ मा उल्लेख भएअनुसारको कसुर हुन सक्ने र राज्यलाई जनाउ गरिएको जानकारीसँग सम्बन्धित अपराधिक कार्यहरूका सन्दर्भमा आफ्नो अधिकारक्षेत्रभित्र आफ्ना नागरिकहरू वा अन्यको अनुसन्धान भइरहेको वा गरेको कुरा सूचित गर्न सक्नेछ। अभियोक्ताको निवेदनमा पूर्वपुर्पक्ष गर्ने अधिकारीले अनुसन्धानको अनुमति दिने निर्णय नगरेसम्म सो राज्यको अनुरोधमा अभियोक्ताले ती व्यक्तिहरूका हकमा राज्यको अनुसन्धान स्थगित गर्नेछ।

३) राज्यको अनुसन्धानमा अभियोक्ताद्वारा गरिएको स्थगन सोको छ महिनापछि वा अनुसन्धान सम्पन्न गर्न राज्यको अनिच्छा वा वास्तविक अयोग्यतामा आधारित परिस्थितिमा विचारणीय परिवर्तन अभियोक्ताद्वारा भएमा जुनसुकै समय पुनरावलोकन लागि खुल्ला हुनेछ।

४) पूर्वपूर्पक्ष गर्ने अधिकारीको निर्णयको विरुद्ध कार्यकक्षको धारा ८२ अनुसारको निर्णयादेशउपर सम्बन्धित राज्य वा अभियोक्ताले पुनरावेदन सुन्ने निकायसमक्ष पुनरावेदन गर्न सक्नेछ। पुनरावेदनउपर शीघ्रतापूर्वक सुनुवाइ हुनेछ।

५) अभियोक्ताले अनुच्छेद २ अनुसार अनुसन्धान स्थगन राखेकोमा आफ्नो अनुसन्धानका प्रगतिहरू र तत्पश्चात्का कुनै अभियोजनको बारेमा आफूलाई आवधिकरूपमा जानकारी गराउन सम्बन्धित राज्यलाई अनुरोध गर्न सक्नेछ। राज्यपक्षहरूले यस्ता अनुरोधहरूबारे अनुचित विलम्ब नगरिकन प्रत्युत्तर दिनेछन्।



६) पूर्वपुर्पक्ष गर्ने अधिकारीबाट कुनै आदेश मुल्तवी राखिएको वा अभियोक्ताले यस धाराअन्तर्गत अनुसन्धान स्थगन राखेको जुनसुकै समयमा महत्वपूर्ण प्रमाण प्राप्त गर्न अनुपम अवसर भएको वा कुनै त्यस्तो प्रमाण पछि उपलब्ध हुन नसक्ने ठूलो जोखिम छ भने त्यस्तो मुद्दामा आवश्यक अनुसन्धानात्मक पाइला चाल्न अभियोक्ताले अपवाद स्वरूप पूर्वपुर्पक्ष गर्ने अधिकारीबाट अख्तियारी माग गर्न सक्नेछ।

७) यस धाराअन्तर्गत पूर्वपुर्पक्ष गर्ने अधिकारीको आदेशउपर चुनौती दिने राज्यले धारा १९ अन्गर्तत थप महत्वपूर्ण तथ्य वा परिस्थितिको महत्वपूर्ण परिवर्तनको आधारमा मुद्दाको ग्राह्यतालाई चुनौती दिन सक्नेछ।

**धारा १९ः अदालतको अधिकारक्षेत्र वा मुद्दाको ग्राह्यताउपर चुनौती**

१) अदालतले आफूसमक्ष ल्याइएका कुनै मुद्दाको अधिकारक्षेत्र आफूमा भएको छ भन्ने बारे आफूलाई सुनिश्चित पार्नुपर्नेछ। अदालतले धारा १७ अनुसार आफ्नै प्रस्तावद्वारा मुद्दाको ग्राह्यता निर्धारण गर्नेछ।

२) धारा १७ मा उल्लेख गरिएका आधारहरूमा कुनै मुद्दाको ग्राह्यता वा अदालतको अधिकारक्षेत्रउपर देहायकाले चुनौती दिन सक्नेछः

(क) धारा ३८ अन्तर्गत पक्राउ वारेन्ट वा उपस्थित हुन समाह्वान जारी भएको अभियुक्त वा व्यक्तिले;

(ख) मुद्दाको अनुसन्धान वा अभियोजन जारी राखेको वा गरेको आधारमा मुद्दाको अधिकारक्षेत्र रहेको राज्यले; वा

(ग) धारा १२ अनुसार अधिकारक्षेत्र स्वीकार गर्न आवश्यक भएको राज्यले।

३) अधिकारक्षेत्र वा ग्राह्यताको प्रश्नमा अभियोक्ताले अदालतबाट निर्णयादेश माग गर्न सक्नेछ। अधिकारक्षेत्र र ग्राह्यतासम्बन्धी कारबाहीमा धारा १३ अन्तर्गतको अवस्था सिफारिश गर्ने, साथै पीडितहरूले पनि अदालतसमक्ष टिप्पणी पेस गर्न सक्नेछन्।

४) मुद्दाको ग्राह्ता वा अदालतको अधिकारक्षेत्रका बारेमा अनुच्छेद २ मा उल्लिखित कुनै व्यक्ति वा राज्यले एक पटक मात्र चुनौती दिन पाउनेछ। चुनौती पुर्पक्षभन्दा अगावै वा यसको शुरुआतमा गर्न सकिनेछ। अपवादजनक परिस्थितिमा अदालतले एकभन्दा बढी वा पुर्पक्ष सुरु भइसकेपछि पनि चुनौती गर्न मौका दिन सक्नेछ। मुद्दाको

ग्राह्यताउपर पुर्पक्षको आरम्भमा वा अदालतले दिएको अनुमतिका आधारमा गरिएको चुनौती धारा १७ को अनुच्छेद (ग) मा मात्र आधारित हुनेछ।

५) अनुच्छेद २ (ख) र (ग) मा उल्लिखित राज्यले सकेसम्म चाँडो चुनौती गर्नुपर्नेछ।

६) मुद्दाको ग्राह्यता वा अदालतको अधिकारक्षेत्रको चुनौती पूर्वपुर्पक्ष गर्ने अधिकारी अभियोग कायम हुनुअगावै प्रस्तुत गरी सक्नुपर्नेछ। अभियोग कायम भइसकेपछि तिनीहरूलाई पुर्पक्ष गर्ने अधिकारीसमक्ष पठाइनेछ। अधिकारक्षेत्र र ग्राह्यतासम्बन्धी निर्णयउपर धारा ८२ अनुसार पुनरावेदन सुन्ने निकायसमक्ष पुनरावेदन लाग्न सक्नेछ।

७) अनुच्छेद २ (ख) वा (ग) मा उल्लेख भएको राज्यद्वारा चुनौती गरिएकोमा अदालतले धारा १७ बमोजिम निर्णय नगरेको समयसम्मका लागि अभियोक्ताले अनुसन्धान स्थगित गर्नेछ।

८) अदालतले निर्णयादेश दिन बाँकी रहेको अवस्थामा अदालतबाट अभियोक्ताले निम्नलिखित अख्तियारी माग गर्न सक्नेछः

(क) धारा १८ को अनुच्छेद ६ मा उल्लेख भएअनुसारको आवश्यक अनुसन्धान गर्न;

(ख चुनौती गरिनुभन्दा अगावै थालिएका साक्षीको बयान वा वकपत्र गराउन वा प्रमाणको सङ्कलन र परीक्षण पूरा गर्न;

(ग) अभियोक्ताले अगावै धारा ५८ अन्तर्गत पक्राउ वारेन्टका लागि अनुरोध गरिसकेका व्यक्तिहरूलाई फरार हुनबाट सम्बन्धित राज्यहरूको सहयोगमा रोक्न।

९) चुनौती गरिएको कुराले चुनौती दिनु अघि अभियोक्ताबाट सम्पादित कुनै कार्य वा अदालतबाट जारी भएको कुनै आदेश वा वारेन्टको मान्यता वा वैधानिकतामाथि कुनै असर पार्नेछैन।

१०) कुनै मुद्दामा अदालतले धारा १७ अन्तर्गत अग्राह्य रहेको निर्णय गरेमा, अभियोक्ताले धारा १७ अन्तर्गत गरिएको मुद्दाको अग्राह्यताको यस्तो पूर्वनिर्णयको अधारलाई उल्टाउने नयाँ तथ्यहरू देखा परेको कुरामा निज पूर्णतः सन्तुष्ट भएपछि पुनरावलोकनका लागि अनुरोध पेस गर्न सक्नेछ।

११) धारा १७ मा उल्लिखित कुराहरूलाई विचार गरी अभियोक्ताले कुनै अनुसन्धान स्थगन गरेमा निजले सम्बन्धित राज्यलाई तत्सम्बन्धी



कारबाहीबारे आफूलाई जानकारी उपलब्ध गराइदिन अनुरोध गर्न सक्नेछ। यस्तो जानकारी सम्बन्धित राज्यको अनुरोधमा गोप्य रहनेछ। अभियोक्ताले त्यसपछि अनुसन्धान बढाउने निर्णय गरेमा निजले कारबाहीको स्थगन भएको राज्यलाई त्यसको जनाउ दिनेछ।

**धारा २०ः अनावृत्ति**

१) यस विधानमा व्यवस्था भएमाबाहेक, अपराधहरूको आधार हुने कामकुराका सन्दर्भमा अदालतबाट दोषी साबित भइसकेको वा सफाइ पाइसकेको व्यक्तिलाई अदालतमा पुर्पक्ष गरिनेछैन।

२) धारा ५ मा उल्लिखित अपराधमा अदालतबाट दोषी साबित भइसकेको वा सफाइ पाएको कसैलाई पनि अर्को अदालतबाट पुर्पक्ष गरिनेछैन।

३) धारा ६, ७ वा ८ अन्तर्गतसमेत निषिद्ध कामकुरामा अर्को अदालतबाट मुद्दा चलाइएको कसैलाई पनि त्यसै कामकुराको सम्बन्धमा अर्को अदालतमा निम्नलिखित अवस्थामाबाहेक पुर्पक्ष गरिनेछैन, जबसम्म अर्को अदालतमा भएको त्यस्तो कारबाहीः

(क) अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधहरूमा सम्बन्धित व्यक्तिलाई आपराधिक दायित्वबाट जोगाउने उद्देश्यबाट भएमा; वा

(ख) अन्तर्राष्ट्रिय कानुनद्वारा मान्य उचित प्रक्रियाका मान्यताअनुसार स्वतन्त्ररूपमा र निष्पक्षतापूर्वक नभएको र उक्त परिस्थितिमा सम्बन्धित व्यक्तिलाई न्यायसमक्ष ल्याउने अभिप्रायसँग असङ्गत हुने तरिकाले चलाएको भएमा।

**धारा २१ः लागू हुने कानुन**

१) अदालतले

(क) प्रथमतः यो विधान, अपराधहरूका तत्वहरू र यसको कार्यविधि तथा प्रमाणसम्बन्धी नियमहरू;

(ख) दोश्रो, उपयुक्त भएको ठाउँमा, सान्दर्भिक सन्धिहरू र सशस्त्र द्वन्द्वसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका स्थापित सिद्धान्तहरू-लगायत्का अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त र नियमहरू;

(ग) त्यसपछि, उपयुक्त भएसम्म, यस विधान अन्तर्राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रियरूपमा स्थापित मान्यता तथा मापदण्डहरूसँग नबाझिने, अपराधमा अधिकारक्षेत्रको प्रयोग गर्ने राज्यहरूका राष्ट्रिय कानुनलगायत्का विश्वका कानुनी प्रणालीअन्तर्गतका राष्ट्रिय कानुनबाट अदालतले सङ्कलन गरेका कानुनका सामान्य सिद्धान्तहरू लागू गर्न सक्नेछ।

२) अदालतले आफ्ना अघिल्ला फैसलाहरूमा व्याख्या गरेअनुसार कानुनका सिद्धान्त र नियमहरू लागू गर्न सक्नेछ।

३) यस धाराअनुसारको कानुनको प्रयोग र व्याख्या अन्तर्राष्ट्रिय मान्यताप्राप्त मानवअधिकारसङ्गत र धारा ७ अनुच्छेद ३ मा परिभाषित लैङ्गिकता, उमेर, जात, रङ, भाषा, धर्म वा आस्था, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जनजातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतमा आधारित कुनै प्रतिकूल विभेदबिना गरिनेछ।

## खण्ड ३
# फौजदारी न्यायका सर्वमान्य सिद्धान्तहरू

**धारा २२: कानुनबिनाको अपराध नहुने**

१) प्रश्न उठेको आचरण गरिएको समयमा अदालतको अधिकारक्षेत्र-अन्तर्गतको सो कार्य अपराध नहुने भएमा कुनै पनि व्यक्ति यस विधानअन्तर्गत आपराधिकरूपमा उत्तरदायी हुनेछैन।

२) अपराधको परिभाषा कठोररूपमा गरिनेछ र सादृश्यताको आधारमा विस्तार गरिनेछैन। सन्देह वा द्वैयार्थक अवस्था भएमा अनुसन्धान, अभियोजन वा दोषारोपित व्यक्तिको हितमा सो परिभाषाको व्याख्या गरिनेछ।

३) यस धाराले यस विधानबिना स्वतन्त्ररूपमा कुनै आचरणलाई अन्तर्राष्ट्रिय कानुनअन्तर्गत आपराधिक भनी वर्णन गर्ने कुरालाई प्रभावित गर्ने छैन।



**धारा २३: कानुनबिनाको सजाय नहुने**

अदालतबाट दोषी साबित गरिएको व्यक्तिलाई यस विधानअनुसार मात्र सजाय हुनेछ।

**धारा २४: भूतकालिक असर नहुने**

१) विधान लागू हुनुपूर्व गरिएको आचरणको लागि कुनै पनि व्यक्ति यो विधानअन्तर्गत आपराधिकरूपमा उत्तरदायी हुनेछैन।

२) अन्तिम निर्णय हुनुपूर्व कुनै मुद्दामा लागू हुने कानुनमा परिवर्तन भएमा, अनुसन्धान, अभियोजन भइरहेको वा कसूरदार ठहरेको व्यक्तिलाई बढी हितकर हुने कानुन लागू हुनेछ।

**धारा २५: व्यक्तिगत फौजदारी दायित्व**

१) यस विधानअनुसार अदालतलाई प्राकृतिक व्यक्तिहरूउपर अधिकारक्षेत्र रहनेछ।

२) अदालतको अधिकार क्षेत्रअन्तर्गतको अपराध गर्ने व्यक्ति यस विधानअनुसार सजायका लागि व्यक्तिगतरूपमा उत्तरदायी र भागी हुनेछ।

३) यस विधानअनुसार, अदालतको अधिकारक्षेत्रअन्तर्गतका अपराधको लागि कुनै व्यक्ति सजायको लागि अपराधिकरूपमा उत्तरदायी र भागी हुनेछ यदि सो व्यक्तिले:

(क) अन्य व्यक्ति आपराधिकरूपमा उत्तरदायी भए-नभएको जेसुकै भए पनि एक्लै, अर्कोसँग मिलेर वा अर्को व्यक्तिमार्फत् अपराध गरेमा;

(ख) यस्तो अपराध गर्न अह्राए, गुहारे वा उक्साएबाट वस्तुत: अपराध वा सोको उद्योग हुन गएमा;

(ग) यस्तो आपराधिक घटना गराउनका लागि सरसाधन उपलब्ध गराउनेलगायत् अपराध गर्नमा वा उद्योग गर्नमा मद्दत गरेमा, उक्साएमा वा अरू तरिकाले सघाएमा;

(घ) साझा उद्देश्य राखेका व्यक्तिहरूको समूहलाई अपराधको घटना गराउन वा सोको उद्योगमा योगदान गरेमा। यस्तो योगदान मनसायपूर्वक हुनेछ र या त:

(१) अदालतको अधिकारक्षेत्रभित्र अपराध गराउने क्रियाकलाप वा उद्देश्य समाविष्ट रहको कुनै आपराधिक क्रियाकलाप वा समूहको आपराधिक उद्देश्य अघि बढाउने लक्ष्यसाथ गरिएको; वा

(२) अपराध गर्न समूहको मनसायबारे जानीबुझिकन गरिएको हुनेछ।

(ङ) आमसंहारको अपराधको हकमा अरुहरूलाई आमसंहार गर्न प्रत्यक्षत: र सार्वजनिकरूपमा उकासेमा;

(च) ठोस उपायका माध्यमबाट क्रियान्वयन आरम्भ हुने गरी यस्तो अपराध गर्ने उद्योग गरेको तर सो व्यक्तिको मनसायबाट स्वतन्त्र परिस्थितिका कारणले उक्त आपराधिक काम भने भइनसकेको।

तर, अपराध गर्ने प्रयास परित्याग गरेको व्यक्ति वा आपराधिक उद्देश्य स्वेच्छापूर्वक र पूर्णरूपमा त्यागेर अपराध हुनबाट रोक्ने व्यक्ति सो अपराध गर्न उद्योग गरेबापत यस विधानबमोजिम सजायका लागि जिम्मेदार हुनेछैन यदि सो व्यक्तिले पूर्णरूपमा र स्वेच्छापूर्वक आपराधिक उद्देश्य परित्याग गरेमा।

निज सो अपराधका लागि आपराधिक रूपले उत्तरदायी तथा सजायका लागि जिम्मेदार हुनेछ।

४) व्यक्तिगत आपराधिक उत्तरदायित्वसम्बन्धी यस विधानको कुनै पनि प्रावधानले अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका राज्यहरूको उत्तरदायित्व-लाई कुनै असर पार्नेछैन।

**धारा २६: अठार वर्ष मुनिका व्यक्तिहरू अधिकारक्षेत्रबाहिर हुने**

अपराध गर्दाको समयमा १८ वर्षभन्दा कम उमेर रहेको कुनै पनि व्यक्तिउपर अदालतको अधिकारक्षेत्र रहनेछैन।

**धारा २७: पदीय हैसियतको असान्दर्भिकता**

१) पदीय हैसियतमा आधारित कुनै पनि विभेद नराखी यो विधान सबैका लागि समानरूपमा लागू हुनेछ। खासगरी, राज्य वा सरकार प्रमुख,



सरकार वा संसद्को सदस्य, निर्वाचित प्रतिनिधि वा सरकारी अधिकारीजस्ता पदीय हैसियतले कुनै पनि अवस्थामा यस विधानअन्तर्गतको फौजदारी उत्तरदायित्वबाट छुट हुनेछैन, न त यस्तो कुराले सजायको न्यूनीकरणकै लागि कुनै आधार प्रदान गर्नेछ।

२) राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै व्यक्तिको पदीय हैसियतसँग आसन्न हुन सक्ने उन्मुक्तिहरू वा विशेष कार्यविधिहरूले त्यस्तो व्यक्तिउपर अधिकारक्षेत्रको प्रयोग गर्न अदालतलाई कुनै बाधा गर्नेछैन।

**धारा २८: समादेशक र अन्य तालुकवालाहरूको उत्तरदायित्व**

अदालतको क्षेत्राधिकारभित्रका अपराधहरूका लागि यस विधानअन्तर्गत फौजदारी उत्तरदायित्वका अन्य आधारहरूका अतिरिक्त:

(क) सेनाको समादेशक वा सेनाको समादेशकको रूपमा प्रभावी तरिकाले कार्य गरिरहेको व्यक्तिमाथि निजको प्रभावकारी आदेश र नियन्त्रणका मातहतको सेनाले गरेका वा अवस्थाअनुसार निजको प्रभावकारी अख्तियारी र नियन्त्रण हुँदाहुँदै पनि निजले नियन्त्रण गर्न असफल भएको परिणामस्वरूप त्यस्तो सेनाले गरेका अदालतको अधिकारक्षेत्र अन्तर्गका अपराधहरूको लागि फौजदारी उत्तरदायित्व रहनेछ, जहाँ;

(१) त्यस्तो सैनिक समादेशक वा व्यक्तिलाई त्यस्तो बलहरूले त्यस्तो अपराध गरेको वा सो समयमा विद्यमान परिस्थितिहरूका कारण सेनाले यस्तो अपराध गरिरहेको वा गर्न लागेको कुराको जानकारी भएमा;

(२) त्यस्तो सैनिक समादेशक वा व्यक्तिले सेनालाई अपराध हुनबाट रोक्न वा शमन गर्न आफ्नो सामर्थ्यभित्रका सबै आवश्यक र उचित उपाय नअपनाएको वा अनुसन्धान र अभियोजनका लागि सक्षम पदाधिकारीहरूसमक्ष सो विषय प्रस्तुत नगरेको भएमा।

(ख) अनुच्छेद (क) मा वर्णन नभएको तालुकदार र मातहतका सम्बन्धहरूको सन्दर्भमा निम्न तालुकवालामाथि मातहतीहरूउपर सही तरिकाले नियन्त्रण गर्न असफल रहेको परिणामस्वरूप निजको प्रभावकारी अख्तियारी र नियन्त्रणअन्तर्गतका मातहतीहरूले गरेको

अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूका लागि फौजदारी उत्तरदायित्व रहनेछ:

(१) मातहतीहरूले यस्तो अपराध गर्दै गरेको वा गर्न लागेको भन्ने कुरा तालुकवालाले थाहा पाएको थियो वा त्यस्तो स्पष्ट सूचना गर्ने जानकारीलाई जानीबुझिकन उपेक्षा गरेको भए;

(२) ती अपराधहरू सो तालुकवालाको प्रभावकारी जिम्मेवारी र नियन्त्रणभित्र रहेका गतिविधिहरूसँग सम्बन्धित रहेको भए; र

(३) तालुकवालाले सो हुनबाट रोक्न वा शमन गर्न आफ्नो सामर्थ्यभित्रका सबै आवश्यक र उचित उपायहरू नअपनाएको वा अनुसन्धान र अभियोजनका लागि सक्षम निकायहरूसमक्ष सो विषय प्रस्तुत नगरेको भए।

**धारा २९: हदम्याद कानुन नलाग्ने**

अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूमा कुनै हदम्याद कानुन लागू हुने छैन।

**धारा ३०: मानसिक तत्व**

१) अन्यथा व्यवस्था भएमाबाहेक, मनसायपूर्वक र ज्ञानपूर्वक, भौतिक अपराधतत्व (मेटेरिएल इलिमेन्ट) घटित गराएको भएमामात्र कुनै व्यक्ति अदालतको अधिकारक्षेत्रभित्रको कुनै अपराधमा आपराधिक-रूपमा उत्तरदायी र सजायको भागी हुनेछ।

२) यस धाराको प्रयोजनका लागि, व्यक्तिको मनसाय भन्नाले निम्नलिखित अवस्थालाई जनाउनेछ:

(क) क्रियाकलापका सन्दर्भमा सो क्रियाकलापमा त्यो व्यक्ति संलग्न हुन चाहेको;

(ख) परिणामका सन्दर्भमा त्यो व्यक्तिले परिणाम उत्पन्न गराउन चाहेको वा सामान्य घटनाक्रममा यस्तो हुन्छ भन्ने कुरामा सचेत रहेको।

३) यस धाराको प्रयोजनका लागि "ज्ञान" भन्नाले यस्तो परिस्थिति छ वा घटनाको सामान्य प्रक्रियामा यस्तो परिणाम आउन सक्छ भन्ने कुराको सचेततालाई जनाउनेछ। "जान्नु" वा "ज्ञानपूर्वक" लाई पनि यसै गरी व्याख्या गरिनेछ।



**धारा ३१: फौजदारी उत्तरदायित्वबाट अलग्याउने आधारहरू**

१) फौजदारी उत्तरदायित्वबाट बाहेक गर्ने यस विधानमा व्यवस्था गरिएका अन्य आधारहरूका अतिरिक्त कुनै व्यक्ति आपराधिकरूपमा जिम्मेवार हुने छैन यदि सो कार्य गर्दाको समयमा सो व्यक्ति;

(क) निजले गरेको कार्य गैरकानुनी भएको वा सो कार्यको प्रकृतिको हेक्का राख्ने क्षमता वा कानुनले चाहेअनुसार निजको कार्यमाथि नियन्त्रण राख्ने क्षमतालाई समाप्त गर्ने गरी सो व्यक्ति मानसिक रोग वा कमजोरीले ग्रस्त भएमा;

(ख) मदोन्मत्तताको परिणामस्वरूप अदालतको अधिकारक्षेत्रअन्तर्गतको अपराध हुने कार्यमा संलग्न हुन सक्ने कुरा जानेर पनि वा जोखिमको बेवास्ता गरी स्वेच्छाले मदोन्मत्त भएको अवस्थामाबाहेक, निजले गरेको कार्यको वैधता वा प्रकृतिको हेक्का राख्ने क्षमता वा कानुनले चाहेअनुसार आफ्नो कार्यमाथि नियन्त्रण राख्ने क्षमतालाई नष्ट गर्ने गरी सो व्यक्ति मदोन्मत्त अवस्थामा रहेकोमा;

(ग) आफैलाई वा अर्को व्यक्तिलाई हुने वा सैनिक लक्ष्य पूरा गर्न आवश्यक पर्ने सम्पत्तिको सुरक्षाका लागि बचाउन युद्धअपराधको हकमा सो व्यक्ति वा अन्य व्यक्ति बाँचिरहनको लागि आवश्यक व्यक्ति आफूलाई वा अन्य व्यक्ति वा संरक्षित सम्पत्तिलाई हुने खतराको मात्रासँग समानुपातिक तरिकाले आसन्न र गैरकानुनी शक्तिको प्रयोगका विरुद्ध सो व्यक्तिले युक्तिसङ्गत रूपले काम गरेको भएमा। सेनाले चलाएको प्रतिरक्षात्मक कारबाहीमा समावेश भएको तथ्य यस उपअनुच्छेदअन्तर्गत त्यस्तो व्यक्तिलाई फौजदारी उत्तरदायित्वबाट बाहेक गर्ने आधार बन्ने छैन।

(घ) अदालतको अधिकारक्षेत्र अपराध ठानिएको आचरण सो व्यक्ति वा अन्य व्यक्तिका विरुद्ध आसन्न मृत्यु वा भइरहेको वा आसन्न शारीरिक चोट पटकको त्रासको फलस्वरूप करकापबाट गरिएको भए र सो व्यक्तिले सो त्रासबाट जोगिन आवश्यक र युक्तिसङ्गत तरिकाले काम गरेको भए परन्तु सो

व्यक्तिले टार्न खोजिएको हानिभन्दा ठूलो हानि गर्ने मनसाय नराखेको हुनु पर्नेछ। यस्तो डरत्रास

(१) या त अन्य व्यक्तिबाट गराइएको हुन सक्छ; वा

(२) सो व्यक्तिको नियन्त्रणभन्दा बाहिरको परिस्थितिले गर्दा उत्पन्न भएको हुन सक्छ।

२) आफूसमक्ष प्रस्तुत मुद्दामा यस विधानले व्यवस्था गरेका आपराधिक उत्तरदायित्वलाई बाहेक गर्ने आधार लागू हुनेबारे अदालतले निर्धारण गर्नेछ।

३) पुर्पक्ष हुँदा अदालतले आपराधिक दायित्वबाट बाहेक गर्न अनुच्छेद १ मा उल्लिखित आधारहरूभन्दा अलग अन्य आधारबाट विचार गर्न सक्नेछ जहाँ यस्तो आधार धारा २१ मा उल्लिखित लागू हुने कानुनबाट नि:सृत भएको अवस्था रहेछ भने । यस्तो आधारबाट विचार गर्ने प्रक्रियाहरू कार्यविधि तथा प्रमाणसम्बन्धी नियमहरूमा व्यवस्था गरिनेछ।

**धारा ३२: तथ्य वा कानुनको भ्रम**

१) अपराधले खोजेको मनसाय तत्वलाई इन्कार गर्ने भएमात्र तथ्यको भ्रम आपराधिक दायित्वलाई बाहेक गर्ने आधार हुनेछ।

२) अदालतको अधिकारक्षेत्रभित्रको अपराधको हो होइन भनी खास किसिमको क्रियाकलापस्वरूप भएको कानुनको भ्रम आपराधिक दायित्वलाई बाहेक गर्ने आधार हुनेछैन। तथापि, अपराधले खोजेको मनसायतत्वलाई इन्कार गर्ने गरी भएको वा धारा ३३ को व्यवस्थाबमोजिमको कानुनको भ्रम आपराधिक दायित्व बाहेक गर्ने आधार हुन सक्नेछ।

**धारा ३३: माथिल्लो आदेश र कानुनको निर्देश**

१) सरकार वा सैनिक वा गैरसैनिक तालुकवालको आदेशअनुसार कुनै व्यक्तिले गरेको अदालतको अधिकारक्षेत्रभित्रको अपराधमा देहायको अवस्थामाबाहेक त्यस्तो व्यक्तिलाई आपराधिक उत्तरदायित्वबाट छुट हुने छैन:

(क) प्रश्न उठेको सरकार वा माथिल्लोको आदेशहरूको पालना गर्न सो व्यक्तिमाथि कानुनी दायित्व रहेको भए;



(ख) आदेश कानुनविपरीत थियो भन्ने कुरा सो व्यक्तिलाई थाहा नभएको भए; र

(ग) आदेश स्पष्टरूपमा कानुनविपरीत देखिने नभएको भए।

२) यस धाराको प्रयोजनका लागि आमसंहार वा मानवताविरुद्धको अपराध गर्ने आदेश स्पष्टरूपमा कानुनविपरीत हुनेछ।

## खण्ड ४
# अदालतको बनोट र प्रशासन

**धारा ३४: अदालतका अङ्गहरू**

अदालतका देहायका अङ्गहरू रहनेछन् :

(क) अध्यक्षता;

(ख) पुनरावेदन विभाग, पुर्पक्ष विभाग र पूर्वपुर्पक्ष विभाग;

(ग) अभियोक्ताको कार्यालय;

(घ) दर्ता।

**धारा ३५: न्यायाधीशहरूको सेवा**

१) सबै न्यायाधीशहरू अदालतको पूर्णकालीन सदस्यका रूपमा निर्वाचित हुनेछन् र तिनको पदाधिकारको प्रारम्भबाट सोही आधारमा सेवा प्रदान गर्न उपलब्ध हुनेछन्।

२) अध्यक्षतामा रहने न्यायाधीशहरूले निर्वाचित हुनासाथ पूर्णकालीनरूपमा सेवा गर्नेछन्।

३) अध्यक्षताले अदालतको कार्यभारका आधारमा र यसका सदस्यहरूको परामर्शमा बाँकी न्यायाधीशहरूले पूर्णकालीनरूपमा कति समय सेवा गर्न आवश्यक पर्ने हो भन्नेबारेमा समयसमयमा निर्णय गर्नेछ। यस्तो कुनै पनि बन्दोबस्त धारा ४० को व्यवस्थाप्रति पूर्वाग्रहरहित हुनेछ।

४) पूर्णकालीनरूपमा काम गर्नु नपर्ने न्यायाधीशहरूका लागि हुने वित्तीय बन्दोबस्त धारा ४९ मा व्यवस्था गरिएबमोजिम हुनेछ।

**धारा ३६: न्यायाधीशहरूको योग्यता, मनोनयन र निर्वाचन**

१) अनुच्छेद २ को व्यवस्थाको अधीन रही अदालतमा १८ जना न्यायाधीशहरू रहनेछन्।

२) अदालतकातर्फबाट अध्यक्षताले सङ्ख्या बढाउन आवश्यक र उचित ठानिएको कारण औँल्याउँदै अनुच्छेद १ मा तोकिएका न्यायाधीशहरूको सङ्ख्या बढाउन प्रस्ताव गर्न सक्नेछ। रजिस्ट्रारले

यस्तो कुनै पनि प्रस्तावलाई सबै राज्यपक्षहरूलाई शीघ्र परिपत्र गर्नेछ।

(क) यस्तो जुनसुकै प्रस्ताव तत्पश्चात् धारा ११२ अनुसार हुने राज्यपक्षहरूको सभाको बैठकमा विचार गरिनेछ। राज्यपक्षहरूको सभाका दुईतिहाइ सदस्यहरूको मतदानबाट बैठकमा प्रस्ताव स्वीकृत भएमा सो प्रस्ताव पारित भई जारी भएको मानिनेछ र राज्यपक्षहरूको सभाले निर्णय गरेअनुसारको मितिबाट लागू हुनेछ।

(ख) (१) उपअनुच्छेद (ख) अन्तर्गत न्यायाधीशहरूको सङ्ख्या बढाउने प्रस्ताव पारित भएपछि, अतिरिक्त न्यायाधीशहरूको निर्वाचन राज्यपक्षहरूको सभाको त्यसपछिको सत्रमा अनुच्छेद ३ देखि ८ र धारा ३७, अनुच्छेद २ अनुसार हुनेछ।

(२) न्यायाधीशहरूको सङ्ख्या बढाउने प्रस्ताव उपअनुच्छेद (ख) र (ग) (१) अन्तर्गत जारी भई प्रभावकारी भएपछि, त्यसपछिको जुनसुकै समयमा, अदालतको कार्यभारले उचित दर्साएमा, अनुच्छेद १ मा तोकिएको सङ्ख्याभन्दा कम नहुने गरी न्यायाधीशहरूको सङ्ख्या घटाउने प्रस्ताव गर्न अध्यक्षतालाई खुला रहनेछ। यस्तो प्रस्तावलाई उपअनुच्छेद (क) र (ख) मा तोकिएको कार्यविधि अपनाएर कारबाही चलाइनेछ। प्रस्ताव पारित भएको अवस्थामा, आवश्यक सङ्ख्यामा नपुगुन्जेलसम्म न्यायाधीशहरूको सङ्ख्या सेवारत न्यायाधीशहरूको पदावधि समाप्त हुने क्रमसँगै क्रमश: घट्दै जानेछ।



३) (क) आ-आफ्नो सम्बन्धित राज्यहरूका सर्वोच्च न्यायिक पदहरूमा नियुक्त हुन योग्यता पुगेका उच्च नैतिक चरित्र, निष्पक्ष र इमान्दार व्यक्तिहरूमध्येबाट न्यायाधीशहरू चयन हुनेछन्।

(ख) अदालतको निर्वाचनका लागि हरेक उम्मेदवार:

(१) फौजदारी कानुन र कार्यविधिमा स्थापित सक्षमता र न्यायाधीश, अभियोक्ता, अधिवक्ता वा यस्तै अन्य हैसियतमा फौजदारी कारबाहीमा आवश्यक सान्दर्भिक अनुभव भएको हुनेछन्; वा

(२) अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकार कानुनजस्ता अन्तर्राष्ट्रिय कानुनका सान्दर्भिक क्षेत्रमा स्थापित सक्षमता र अदालतको न्यायिक कार्यसँग सान्दर्भिक व्यावसायिक कानुनी क्षमताको गहन अनुभव भएका हुनेछन्।

(ग) अदालतको निर्वाचनका लागि हरेक उम्मेदवार अदालतको कामकाजी भाषामध्ये कम्तीमा एकको उत्कृष्ट ज्ञान भएको र त्यो भाषा धाराप्रवाह बोल्न सक्ने हुनेछन्।

४) (क) अदालतमा निर्वाचनका लागि उम्मेदवारको मनोनयन यस विधानको राज्यपक्षबाट गरिनेछ र

(१) सम्बन्धित राज्यको सर्वोच्च न्यायिक पदमा उम्मेदवारको नियुक्तिको मनोनयनको कार्यविधिद्वारा; वा

(२) अन्तर्राष्ट्रिय न्यायालयको उम्मेदवारको मनोनयनका लागि सोको विधानमा व्यवस्था गरिएको कार्यविधिअनुसार गरिनेछ।

मनोनयनसाथ अनुच्छेद ३ को योग्यता उम्मेदवारले कसरी पूरा गर्छ भन्ने कुरा खुलाएको आवश्यक विवरणयुक्त वक्तव्य संलग्न हुनेछ।

(ख) हरेक राज्यपक्षले सोही राज्यपक्षको नागरिक नै हुनुपर्ने नभए पनि कुनै राज्यपक्षको नागरिक रहेको व्यक्तिलाई तोकिएको कुनै पनि निर्वाचनको उम्मेदवारका रूपमा प्रस्तुत गर्न सक्नेछ।

(ग) राज्यपक्षहरूको सभाले उपयुक्त सम्झेमा मनोनयनसम्बन्धी एउटा परामर्श-समिति स्थापना गर्ने निर्णय गर्न सक्नेछ। यसो

भएमा समितिको बनोट र कार्यशर्त राज्यपक्षहरूको सभाद्वारा निर्धारित हुनेछ।

५) निर्वाचनको प्रयोजनका लागि उम्मेदवारहरूका दुईटा सूची हुनेछन्: अनुच्छेद ३ (ख) (१) मा तोकिएको योग्यता भएका उम्मेदवारहरूको नामहरू रहेको सूची क; र अनुच्छेद ३ (ख) (२) मा तोकिएको योग्यता भएका उम्मेदवारहरूको नामहरू रहेको सूची "ख"।

दुवै सूचीका योग्यताहरू पर्याप्त रहेको उम्मेदवारले आफूले रहन चाहेको सूची छान्न सक्नेछन्। अदालतको पहिलो निर्वाचनमा सूची "क" बाट कम्तीमा नौजना र सूची "ख" बाट कम्तीमा पाँचजना न्यायाधीशहरू निर्वाचित हुनेछन्। त्यसपछिका निर्वाचनहरू दुवै सूचीका योग्य न्यायाधीशहरूको अदालतमा समानुपात कायम रहने गरी गरिनेछन्।

६) (क) न्यायाधीशहरू धारा ११२ अन्तर्गत सो प्रयोजनका लागि बोलाइएको राज्यपक्षहरूको भेलाको बैठकमा गोप्य मतदानद्वारा निर्वाचित हुनेछन्। अनुच्छेद ७ को अधीन रही, उच्चतम मतसङ्ख्या प्राप्त गर्ने र उपस्थित र मतदान गर्ने राज्यपक्षको दुईतिहाइ बहुमतप्राप्त १८ जना उम्मेदवारहरू अदालतका लागि निर्वाचित व्यक्ति हुनेछन्।

(ख) पहिलो मतदानबाट पर्याप्त सङ्ख्यामा न्यायाधीशहरू निर्वाचित हुन नसकेको खण्डमा, बाँकी स्थानहरू पूरा नहुन्जेलसम्म उपअनुच्छेद
(क) मा व्यवस्थित कार्यविधिअनुसार क्रमश: मतदान हुनेछन्।

७) दुई न्यायाधीशहरू एकै राज्यका नागरिकहरू हुन सक्नेछैनन्। अदालतको सदस्यताको लागि एकभन्दा बढी राज्यको नागरिक मानिन सक्ने कुनै पनि व्यक्ति निजले सामान्यतया नागरिक र राजनीतिक अधिकार प्रयोग गर्ने गरेको राज्यको नागरिक ठानिनेछ।

८) (क) न्यायाधीशहरूको छनोटमा राज्यपक्षहरूले अदालतको सदस्यताभित्र निम्नलिखित कुराको आवश्यकतालाई ध्यान दिनेछन्:

(१) विश्वका प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व;

(२) समन्यायिक भौगोलिक प्रतिनिधित्व; र

(३) महिला र पुरुष न्यायाधीशहरूको उचित प्रतिनिधित्व।



(ख) राज्यपक्षहरूले महिला र बालबालिकाविरुद्धको हिंसालगायत्‌का, तर यसैमा मात्र सीमित नहुने गरी,
खास सवालमा कानुनी विशेषज्ञता भएका न्यायाधीशहरूलाई समावेश गर्ने खाँचोलाई पनि ध्यानमा राख्नेछन्।

९) (क) उपअनुच्छेद (ख) को अधीन रही, न्यायाधीशहरू नौ वर्ष पदमा बहाल हुनेछन् र उपअनुच्छेद (ग) र धारा ३७, अनुच्छेद २ को अधीन रही पुनर्निर्वाचनका लागि योग्य हुने छैनन्।

(ख) पहिलो निर्वाचनमा गोलाप्रथाद्वारा एकतिहाइ न्यायाधीशहरू तीन वर्षको कार्यकालका लागि; एकतिहाई न्यायाधीशहरू गोला प्रथाद्वारा छ वर्षको कार्यकालका लागि छनोट हुने छन् र बाँकी न्यायाधीशहरू नौ वर्षको कार्यकालका लागि छनोट हुनेछन्।

(ग) उपअनुच्छेद (ख) अनुसार तीन वर्षको कार्यकालको लागि सेवा गर्न छनोट भएको न्यायाधीश एक पूर्ण कार्यकालका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ।

१०) अनुच्छेद ९ मा जेसुकै लेखिएको भए पनि, धारा ३९ बमोजिम पुर्पक्ष वा पुनरावेदन कार्यकक्षमा कार्यभार तोकिएको न्यायाधीश सो कार्यकक्षमा सुरु भइसकेको पुर्पक्ष वा पुनरावेदनको सुनुवाइ पूरा गरुन्जेलसम्म पदमा कायम रहनेछ।

### धारा ३७: पद रिक्तता

१) पद रिक्त भएको अवस्थामा सो पदपूर्तिको लागि धारा ३६ अनुसार निर्वाचन हुनेछ।

२) रिक्त पदपूर्तिका लागि निर्वाचित न्यायाधीशले पूर्ववर्तीको पदावधिको बाँकी अवधिका लागि पदाधिकार बहन गर्नेछ र त्यो अवधि तीन वर्ष वा सोभन्दा कम भएमा धारा ३६ अनुसार एक पूर्ण पदावधिका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ।

**धारा ३८: अध्यक्षता**

१) अध्यक्ष र प्रथम तथा द्वितीय उपाध्यक्षहरू न्यायाधीशहरूको पूर्ण बहुमतबाट निर्वाचित हुनेछन्। हरेक तीन वर्षको कार्यकालको लागि वा न्यायाधीशको रूपमा तिनको पदावधिको अन्तसम्म तीमध्ये जुन पहिले समाप्त हुन्छ त्यही अवधिसम्मका लागि पदमा रहनेछन्। उनीहरू अरू एक पटकसम्म पुनर्निर्वाचनका लागि योग्य हुनेछन्।

२) अध्यक्ष उपलब्ध नभएको वा अयोग्य भएको अवस्थामा प्रथम उपाध्यक्षले अध्यक्षको रूपमा कार्य गर्नेछन्। अध्यक्ष र प्रथम उपाध्यक्ष दुवै उपलब्ध नभएको वा अयोग्य भएको अवस्थामा द्वितीय उपाध्यक्षले अध्यक्ष भई काम गर्नेछन्।

३) प्रथम र द्वितीय उपाध्यक्षसहित अध्यक्षले अध्यक्षताको गठन गर्नेछन्, जो निम्नलिखित कार्यका लागि जिम्मेवार हुनेछ:
(क) अभियोक्ताको कार्यालयबाहेक अदालतको उचित प्रशासन; र
(ख) यस विधानअनुसार यसलाई प्रदान गरिएका अन्य कार्यहरू।

४) अनुच्छेद ३ (क) अनुसारको जिम्मेवारी सम्पादन गर्ने सिलसिलामा अध्यक्षताले पारस्पारिक सरोकारका मामिलामा अभियोक्तासँग समन्वय गर्ने र निजको सम्मति लिनेछ।

**धारा ३९: कार्यकक्ष**

१) न्यायाधीशहरूको निर्वाचन भएपछि सकेसम्म चाँडो, अदालतले आफूलाई धारा ३४, अनुच्छेद (ख) मा निर्दिष्ट भएअनुसार विभागहरूमा व्यवस्थित गर्नेछन्। पुनरावेदन विभागमा अध्यक्ष र चार सदस्यहरू, पुर्पक्ष विभागमा छजनामा नघटाइ न्यायाधीशहरू र पूर्वपुर्पक्ष विभागमा कम्तीमा छजना न्यायाधीशहरू रहनेछन्। विभागहरूमा न्यायाधीशहरू तोक्ने काम हरेक विभागले सम्पादन गर्नुपर्ने कार्यहरूको प्रकृति र हरेक विभागमा फौजदारी कानुन, कार्यविधि र अन्तर्राष्ट्रिय कानुनको विशेषज्ञताको उपयुक्त संयोजन रहने गरी अदालतमा निर्वाचित न्यायाधीशहरूको योग्यता र अनुभवमा आधारित हुनेछ। पुर्पक्ष र पूर्वपुर्पक्ष विभागहरूको गठन फौजदारी पुर्पक्षको अनुभव भएका न्यायाधीशहरूको बाहुल्य रहने गरी गरिनेछ।



२) (क) अदालतका न्यायिक कामहरू हरेक विभागमा कार्यकक्षहरूद्वारा सम्पादन गरिनेछन्।
(ख) (१) पुनरावेदन कार्यकक्षमा पुनरावेदन विभागका सबै न्यायाधीश रहने छन् ;
(२) पुर्पक्ष कार्यकक्षको कामकारबाही पुर्पक्ष विभागका तीनजना न्यायाधीशहरूबाट सम्पादन हुनेछन्;
(३) पूर्वपुर्पक्ष कार्यकक्षको कामकारबाही यस विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पूर्वपुर्पक्ष विभागका तीनजना न्यायाधीशहरू वा एकजना न्यायाधीशबाट सम्पादन हुनेछ।
(ग) यस अनुच्छेदको कुनै कुराले अदालतको कार्यभारको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक भएअनुसार तत्काले एकभन्दा बढी पुर्पक्ष कार्यकक्ष वा पूर्वपुर्पक्ष कार्यकक्षको गठन गर्ने कुरालाई रोक्ने छैन्।

३) (क) पुर्पक्ष र पूर्वपुर्पक्ष विभागहरूमा तोकिएका न्यायाधीशहरूले ती विभागहरूमा तीन वर्ष र
त्यसपछि सम्बन्धित विभागमा अगावै सुरु भइसकेको कुनै मुद्दाको सुनुवाइ नसकिएसम्म सेवा गर्नेछ।
(ख) पुनरावेदन विभागमा तोकिएका न्यायाधीशहरूले उनीहरूको पूरै पदावधिभर त्यसै विभागमा सेवा गर्नेछन्।

४) पुनरावेदन विभागमा तोकिएका न्यायाधीशहरूले त्यसै विभागमा मात्र सेवा गर्नेछन्। तथापि, अदालतको कार्यभारको प्रभावकारी व्यवस्थापनको लागि आवश्यक भएको अध्यक्षताले देखेमा, कुनै मुद्दाको पूर्वपुर्पक्ष चरणमा सहभागी भएको कुनै पनि न्यायाधीश सो मुद्दाको पुर्पक्षको सुनुवाइमा कुनै पनि अवस्थामा बस्न नपाउने गरी, पुर्पक्ष विभागको न्यायाधीशलाई पूर्वपुर्पक्षविभागमा र पूर्वपुर्पक्ष विभागको न्यायाधीशलाई पुर्पक्ष विभागमा अस्थायीरूपमा संलग्न गराउन यस धाराको कुनै कुराले बाधा गर्नेछैन।

**धारा ४०: न्यायाधीशहरूको स्वतन्त्रता**

१) न्यायाधीशहरू उनीहरूको कार्यसम्पादनमा स्वतन्त्र हुनेछन्।

२) उनीहरूको न्यायिक कामकारबाहीमा हस्तक्षेप हुनसक्ने वा उनीहरूको न्यायिक स्वतन्त्रताको विश्वासलाई असर पार्नसक्ने कुनै पनि क्रियाकलापमा न्यायाधीशहरू संलग्न हुनेछैनन्।

३) अदालतको पदमा पूर्णकालीनरूपमा सेवा गर्नुपर्ने न्यायाधीशहरू व्यावसायिक प्रकृतिको कुनै पनि पेसामा संलग्न हुने छैनन्।

४) अनुच्छेद २ र ३ को प्रयोगसम्बन्धी कुनै पनि प्रश्न बहुमत न्यायाधीशहरूबाट निर्णय हुनेछ। कुनै न्यायाधीशविशेषसँग सम्बन्धित यस्तो प्रश्नबारे निजले निर्णयमा भाग लिनेछैन।

**धारा ४१: न्यायाधीशहरूलाई स्वतन्त्रता र उनीहरूको अयोग्यता**

१) कुनै न्यायाधीशको अनुरोधमा, अध्यक्षताले कार्यविधि तथा प्रमाण नियमावलीअनुसार यस विधानअन्तर्गतको कुनै काम गर्नबाट निजलाई अलग्याउन सक्नेछ।

२) (क) कुनै आधारमा निजको निष्पक्षताउपर मनासिब शङ्का हुनसक्ने कुनै पनि मुद्दामा न्यायाधीश संलग्न हुने छैन।
अन्य कुराको अतिरिक्त, अदालतसमक्षको कुनै मुद्दामा वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्ति समावेश रहेको राष्ट्रिय तहको कुनै सम्बन्धित फौजदारी मुद्दामा जुनसुकै क्षमतामा पहिले संलग्न भैसकेको न्यायाधीश सो मुद्दा हेर्नका लागि यस अनुच्छेदअनुसार अयोग्य हुनेछ। कार्यविधि तथा प्रमाण नियमावलीले व्यवस्था गरेबमोजिमका यस्ता अन्य आधारहरूमा पनि न्यायाधीश अयोग्य हुनेछ।

(ख) अभियोक्ताले वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिले यस अनुच्छेद अनुसार कुनै न्यायाधीशको अयोग्यताका लागि अनुरोध गर्न सक्नेछ।

(ग) न्यायाधीशको अयोग्यतासम्बन्धी प्रश्नउपर न्यायाधीशहरूको पूर्ण बहुमतबाट निर्णय लिइनेछ।

जुन न्यायाधीशको बारेमा प्रश्न उठेको हो सम्बन्धित विषयमा टिप्पणी गर्ने हक उनलाई रहनेछ तर निर्णयमा निजले भाग लिनेछैनन्।



**धारा ४२: अभियोक्ताको कार्यालय**

१) अभियोक्ताको कार्यालयले अदालतको अलग अङ्गका रूपमा स्वतन्त्रतापूर्वक कार्य गर्नेछ। अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूसम्बन्धी सिफारिसहरू र कुनै प्रमाणीकृत सूचना परीक्षणका लागि प्राप्त गर्न एवं अनुसन्धानहरू गर्न र अदालतसमक्ष अभियोजन गर्न यो जिम्मेवार रहनेछ। कार्यालयको कुनै सदस्यले कुनै बाहिरी स्रोतबाट निर्देशनहरू खोज्ने वा त्यस्तो निर्देशनमा काम गर्ने छैन।

२) कार्यालयको नेतृत्व अभियोक्ताद्वारा गरिनेछ। कार्यालयका कर्मचारी, सरसुविधा तथा अन्य स्रोतसाधनलगायत्को व्यवस्थापन र प्रशासनउपर अभियोक्ताको पूरा अधिकार हुनेछ। अभियोक्तालाई एक वा बढी नायब अभियोक्ताहरूले सहयोग गर्नेछन्, जसलाई यस विधानअन्तर्गत अभियोक्ताले गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने अधिकार हुनेछ। अभियोक्ता र नायव अभियोक्ताहरू फरक राष्ट्रियताका हुनेछ। उनीहरूले पूर्णकालीन आधारमा सेवा गर्नेछन्।

३) अभियोक्ता तथा नायब अभियोक्ताहरू उच्च नैतिक चरित्र भएका, फौजदारी मुद्दाको अभियोजन वा पुर्पक्षमा अत्यन्त सक्षम र गहन व्यावहारिक अनुभव भएका हुनेछन्। उनीहरू अदालतको कम्तीमा एक कामकाजी भाषाको उत्कृष्ट ज्ञान भएका र धाराप्रवाह बोल्न सक्ने हुनेछन्।

४) अभियोक्ता राज्यपक्षहरूको भेलाका सदस्यहरूको गोप्य मतदानबाट प्राप्त पूर्ण बहुमतद्वारा निर्वाचित हुनेछन्। नायब अभियोक्ताहरू अभियोक्ताले उपलब्ध गराएको उम्मेदवारहरूको सूचीबाट समान तरिकाले निर्वाचित हुनेछन्। पूर्ति हुनुपर्ने नायब अभियोक्ताको हरेक पदका लागि अभियोक्ताले तीनजना उम्मेदवार मनोनयन गर्नेछ। निर्वाचन हुँदाको समयमा छोटो पदावधि कायम गरिएमाबाहेक, अभियोक्ता र नायब अभियोक्ताहरूले नौ वर्ष पदमा रही काम गर्नेछन् र पुनर्निर्वाचनका लागि योग्य हुनेछैनन्।

५) अभियोक्ता वा नायब अभियोक्ता कसैले पनि निजको अभियोजनात्मक कामकारबाहीलाई हस्तक्षेप गर्न सक्ने र निजको स्वतन्त्रताप्रतिको विश्वासलाई असर पार्न सक्ने कुनै पनि क्रियाकलापमा संलग्न हुने

छैनन्। उनीहरू व्यावसायिक प्रकृतिको अन्य कुनै पेसामा संलग्न हुने छैनन्।

६) अध्यक्षताले अभियोक्ता वा नायब अभियोक्तालाई निजको अनुरोधमा निजलाई खास मुद्दामा काम गर्नबाट छुटकारा दिन सक्नेछ।

७) अभियोक्ता वा नायब अभियोक्ता कसैले पनि कुनै पनि आधारमा उनीहरूको निष्पक्षतामाथि मनासिब शङ्का हुन सक्ने कुनै पनि मामिलामा सहभागी हुने छैनन्। अन्य कुराको अतिरिक्त, अदालतसमक्ष उक्त मुद्दा वा अनुसन्धान वा अभियोजन भइरहेको व्यक्ति समावेश रहेको राष्ट्रिय तहको कुनै सम्बद्ध फौजदारी मुद्दामा जुनसुकै क्षमतामा पहिले संलग्न भइसकेको भए ती मुद्दाको कारबाहीका लागि उनीहरू यस अनुच्छेदअनुसार अयोग्य हुनेछन्।

८) अभियोक्ता वा नायब अभियोक्ताको अयोग्यता बारेको कुनै पनि प्रश्न पुनरावेदन कार्यकक्षबाट निर्णय हुनेछः

(क) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिले यस धारामा उल्लिखित आधारहरूमा अभियोक्ता वा नायब अभियोक्ताको अयोग्यताका लागि जुनसुकै समयमा अनुरोध गर्न सक्नेछ;

(ख) अभियोक्ता वा नायब अभियोक्ताले, उपयुक्त भएअनुसार सम्बन्धित विषयमा आफ्नो टिप्पणी प्रस्तुत गर्न पाउनेछ।

९) अभियोक्ताले सोहीमा मात्र सीमित नहुने गरी, यौन तथा लैङ्गिक हिंसा तथा बालबालिकाविरुद्धको हिंसालगायत्का खासखास विषयमा कानुनी विशेषज्ञता भएका सल्लाहकारहरू नियुक्त गर्नेछ।

**धारा ४३ः दर्ताकक्ष**

१) धारा ४२ अनुसारको अभियोक्ताको अधिकार र कामकारबाहीप्रति प्रतिकूल प्रभाव नपर्ने गरी दर्ताकक्ष अदालतको प्रशासन तथा सेवाको गैरन्यायिक क्षेत्रमा जिम्मेवार हुनेछ।

२)रजिस्ट्रार दर्ता कक्षको प्रमुख हुनेछन्, जो अदालतको प्रमुख प्रशासनिक अधिकारी हुनेछ। अदालतका अध्यक्षको अख्तियारीका मातहत रजिस्ट्रारले आफ्नो कामकारबाही बढाउनेछ।

३) रजिस्ट्रार तथा नायब रजिस्ट्रार उच्च नैतिक चरित्र भएका अत्यन्त सक्षम, अदालतको कम्तीमा एक कामकाजी भाषाको उत्कृष्ट ज्ञान भएका र धाराप्रवाह बोल्न सक्ने हुनेछन्।



४) राज्यपक्षहरूको सभाले गरेको कुनै पनि सिफारिसलाई ध्यानमा राखी, न्यायाधीशहरूले गोप्य मतदान गरी पूर्ण बहुमतद्वारा रजिस्ट्रार निर्वाचित गर्नेछन्। आवश्यकता भएमा र रजिस्ट्रारको सिफारिसमा न्यायाधीशहरूले समान तरिकाले नायब रजिस्ट्रार निर्वाचित गर्नेछन्।

५) रजिस्ट्रारको कार्यकाल पाँच वर्षको हुनेछ, एक पटकका लागि पुनर्निर्वाचित हुन योग्य हुनेछ र पूर्णकालीनरूपमा सेवा गर्नेछन्। नायब रजिस्ट्रारको कार्यकाल पाँच वर्ष वा न्यायाधीशहरूको पूर्ण बहुमतले सोभन्दा कम अवधिका लागि निर्णय गरेमा निर्णयअनुसार हुनेछ र आवश्यकताअनुसार सेवा गर्न नायब रजिस्ट्रारको माग गरिएको आधारमा निर्वाचित हुन सक्नेछ।

६) रजिस्ट्रारले दर्ताकक्षभित्र एक पीडित तथा साक्षी एकाइको स्थापना गर्नेछ। यो एकाइले, अभियोक्ताको कार्यालयको परामर्शमा, अदालतसमक्ष उपस्थित भएका साक्षीहरू, पीडितहरू र यस्ता साक्षीहरूले साक्षी बकेका कारणले जोखिममा परेका अन्यलाई संरक्षणात्मक उपाय र सुरक्षाको बन्दोबस्त, परामर्श र अन्य उपयुक्त सहायता उपलब्ध गराउनेछ। एकाइले यौनहिंसाका अपराधहरूसँग सम्बन्धित आघातलगायत्का आघातबारेमा विशेषज्ञता रहेका कर्मचारीहरू समावेश गर्नेछ।

**धारा ४४ः कर्मचारीहरू**

१) अभियोक्ता र रजिस्ट्रारले तिनका कार्यालयहरूमा आवश्यक भएअनुसार योग्य कर्मचारीहरू नियुक्त गर्नेछन्। अभियोक्ताका हकमा यसले अनुसन्धानकर्ताहरूको नियुक्तिलाई समेट्नेछ।

२) कर्मचारीहरूको नियुक्तिमा अभियोक्ता र रजिस्ट्रारले कार्यकुशलता, सक्षमता र इमान्दारीको उच्चतम मापदण्डहरू सुनिश्चित पार्नेछन् र धारा ३६, अनुच्छेद ८ ले कायम गरेको मानकहरूको यथोचित परिवर्तनसहित पालना गर्नेछन्।

३) अध्यक्षता र अभियोक्ताको सहमतिमा रजिस्ट्रारले अदालतका कर्मचारीहरूको नियुक्ति, पारिश्रमिक तथा बर्खास्त गर्ने शर्त र अवस्थाहरू समावेश भएको कर्मचारी नियमावली प्रस्ताव गर्नेछ। कर्मचारी नियमावली राज्यपक्षहरूको सभाबाट स्वीकृत हुनेछ।

४) अदालतले, अपवादजनक परिस्थितिमा, अदालतको कुनै पनि अङ्गको काममा सघाउ पुऱ्याउन राज्यपक्षहरू, अन्तरसरकारी सङ्गठनहरू वा गैरसरकारी संस्थाहरूले प्रस्ताव गरेका अवैतनिक कर्मचारीहरूको विशेषज्ञता प्रयोग गर्न सक्नेछ। अभियोक्ताले अभियोक्ताको कार्यालयको तर्फबाट यस्ता कुनै पनि प्रस्ताव सकार्न सक्नेछ। यस्ता अवैतनिक कर्मचारीहरूलाई राज्यपक्षहरूको सभाद्वारा स्थापित मार्गदर्शनअनुसार नियुक्त गरिनेछ।

**धारा ४५ः औपचारिक प्रतिज्ञा**

यस विधानअन्तर्गत आ-आफ्नो अभिभारा सम्भाल्नुअघि न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू, रजिस्ट्रार र नायब रजिष्ट्रार हरेकले आफ्नो पदसँग सम्बन्धित कार्यहरू निष्पक्षता तथा सचेष्टतापूर्वक सम्पादन गर्ने खुला इजलासमा औपचारिक प्रतिज्ञा गर्नुपर्नेछ।

**धारा ४६ः पदबाट निष्कासन**

१) अनुच्छेद २ अनुसार पदबाट हटाउने निर्णय भएमा न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रार पदबाट निम्नलिखित अवस्थामा पदमुक्त हुनेछन्:

(क) कार्यविधि तथा प्रमाण नियमावलीले व्यवस्था गरेअनुसार यस विधान अन्तर्गत सो व्यक्तिले गम्भीर खराव आचरण गरेको वा निजको कर्तव्यको गम्भीर उल्लङ्घन गरेको ठहरिएमा;

(ख) सो व्यक्ति विधानले चाहेअनुसारको कामकारबाही गर्न असमर्थ भएमा।

२) न्यायाधीश, अभियोक्ता वा नायब अभियोक्तालाई अनुच्छेद १ अनुसार निष्कासन गर्ने निर्णय राज्यपक्षहरूको सभाबाट गोप्य मतदानद्वारा हुनेछः

(क) न्यायाधीशका हकमा अन्य न्यायाधीशहरूको दुईतिहाइ बहुमतले पारित गरेको सिफारिसमा राज्यपक्षहरूको दुईतिहाई बहुमतबाट;

(ख अभियोक्ताका हकमा राज्यपक्षहरूको पूर्ण बहुमतबाट;

(ग) नायब अभियोक्ताको हकमा अभियोक्ताको सिफारिसमा राज्यपक्षहरूको पूर्ण बहुमतबाट।



३) रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई पद मुक्त गर्ने निर्णय न्यायाधीशहरूको पूर्ण बहुमतबाट हुनेछ।

४) विधानले चाहेअनुसारको पदीय कामकारबाही गर्ने योग्यता वा आचरणउपर यस धाराअन्तर्गत चुनौती गरिएका न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई कार्यविधि तथा प्रमाण नियमावलीअनुसार प्रमाण प्रस्तुत गर्ने र प्राप्त गर्ने र आफ्नो कुरा प्रस्तुत गर्ने पूरा अवसर रहनेछ। विवादित व्यक्तिले सो विषयबारे विचार हुँदा अन्यथा सहभागी हुन भने पाउनेछैन।

**धारा ४७ः अनुशासनात्मक कारबाही**

धारा ४६, अनुच्छेद १ मा व्यवस्था गरिएको भन्दा कम प्रकृतिको गम्भीर खराब आचरण गरेका न्यायाधीश, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारलाई कार्यविधि तथा प्रमाण नियमावलीअनुसार अनुशासनात्मक कारबाही हुनेछ।

**धारा ४८ः विशेषाधिकार र उन्मुक्ति**

१) अदालतले हरेक राज्यपक्षको प्रादेशिक क्षेत्रमा यसका उद्देश्यहरूको परिपूर्तिका लागि आवश्यक भएका विशेषाधिकार र उन्मुक्तिहरूको उपभोग गर्नेछ।

२) न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू र रजिस्ट्रारले अदालतको काममा हुँदा वा त्यसको सिलसिलामा कूटनीतिक नियोगका प्रमुखसरहको विशेषाधिकार र उन्मुक्तिहरू उपभोग गर्नेछन् र पदीय कार्यकालको समाप्तिपछि पनि तिनले पदमा रहँदा बोलेको वा लेखेको र गरेका कार्यहरूका सन्दर्भमा सबै खालका कानुनी प्रक्रियाबाट पाएको उन्मुक्ति निरन्तररूपमा प्राप्त गरी रहने छन्।

३) नायब रजिस्ट्रार, अभियोक्ताको कार्यालयका कर्मचारी र दर्ताकक्षका कर्मचारीहरूले उनीहरूको कार्यसम्पादनका लागि अदालतको विशेषाधिकार र उन्मुक्तिसम्बन्धी सम्झौताअनुसार उनीहरूको कार्य सम्पादनका लागि आवश्यक पर्ने विशेषाधिकार, उन्मुक्ति र सरसुविधाहरू प्राप्त गर्नेछन्।

४) अदालतको मुख्यालयमा प्रस्तुत हुनुपर्ने परामर्शदाता, विज्ञ, साक्षीहरू वा अन्य कुनै व्यक्तिलाई अदालतको समुचित कामकारबाहीका लागि आवश्यक भएअनुसार अदालतको विशेषाधिकार र उन्मुक्तिसम्बन्धी सम्झौताअनुसारको व्यवहार गरिनेछ।

५) विशेषाधिकार र उन्मुक्तिहरू:

(क) न्यायाधीश वा अभियोक्ताको भए न्यायाधीशहरूको बहुमतबाट परित्याग गर्न सकिनेछ।

(ख) रजिस्ट्रारको भए अध्यक्षताबाट परित्याग गर्न सकिनेछ।

(ग) नायब अभियोक्ताहरू र अभियोक्ताका कार्यालयका कर्मचारीको भए अभियोक्ताबाट परित्याग गर्न सकिनेछ।

(घ) नायब रजिस्ट्रार र दर्ताकक्षका कर्मचारीको भए रजिस्ट्रारबाट परित्याग गर्न सकिनेछ।

**धारा ४९: तलब, भत्ता र अन्य खर्च**

न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ता, रजिस्ट्रार वा नायब रजिस्ट्रारले राज्यपक्षहरूको सभाले निर्णय गरेअनुसारको तलब, भत्ता र अन्य खर्च पाउनेछन्। यस्तो तलब र भत्ता तिनीहरूको पदावधिभर घटाइने छैन।

**धारा ५०: आधिकारिक र कामकाजी भाषाहरू**

१) अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनिस भाषा अदालतका आधिकारिक भाषाहरू हुनेछन्। अदालतको फैसला साथसाथै अदालतसमक्ष रहेका मौलिक सवालहरूको समाधान गर्न भएका अन्य निर्णयहरू आधिकारिक भाषाहरूमा प्रकाशित हुनेछन्। यस अनुच्छेदको प्रयोजनका लागि कुन निर्णयहरू मौलिक सवालको समाधान गर्न भएका हुन सक्ने कुराको निर्धारण अध्यक्षताले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले स्थापना गरेको मानकअनुसार गर्नेछ।

२) अदालतको कामकाजी भाषाहरू अङ्ग्रेजी र फ्रान्सेली हुनेछन्। कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले कुन मामिलामा अरू आधिकारिक भाषाहरू कामकाजी भाषाका रूपमा प्रयोग हुन सक्छन् भन्ने कुरा निर्धारण गर्नेछ।



३) त्यस्तो आधिकारिकता दिनु पर्याप्त युक्तिसङ्गत छ भन्ने अदालतलाई लागेमा, कारबाहीको कुनै पक्ष वा कारबाहीमा हस्तक्षेप गर्न अनुमति पाएको राज्यको अनुरोधमा अदालतले त्यस्तो पक्ष वा राज्यले अङ्ग्रेजी वा फ्रेन्चबाहेक अर्को भाषा प्रयोग गर्ने आधिकारिकता प्रदान गर्नेछ।

**धारा ५१: कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली**

१) राज्यपक्षहरूको सभाका दुईतिहाइ सदस्यहरूद्वारा पारित भएपछि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली लागू हुनेछ।

२) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीउपर देहायकाले संशोधन प्रस्ताव गर्न सक्नेछन्:

(क) कुनै राज्यपक्षले;

(ख) पूर्ण बहुमतद्वारा न्यायाधीशहरूले; वा

(ग) अभियोक्ताले।

यस्तो संशोधन राज्यपक्षहरूको सभाका दुईतिहाई सदस्यहरूले पारित गरेपछि लागू हुनेछ।

३) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली पारित भएपछि, नियमावलीले अत्यावश्यक मामिलामा अदालतसमक्ष रहेको कुनै विशेष अवस्थाको लागि व्यवस्था नगरेको स्थितिमा न्यायाधीशहरूले दुईतिहाई बहुमतद्वारा राज्यपक्षहरूको सभाको साधारण वा विशेष आगामी अधिवेशनबाट पारित, संशोधन वा अस्वीकृत नभएसम्मका लागि लागू हुने अस्थायी नियमहरू बनाउन सक्नेछन्।

४) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली, तिनमाथिका संशोधनहरू र कुनै पनि अस्थायी नियम यो विधानसङ्गत हुनेछन्। कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीका संशोधनहरूका साथै अस्थायी नियमहरू अनुसन्धान वा अभियोजन भइरहेको वा कसूरदार ठहर भइसकेको व्यक्तिलाई क्षति पुग्ने गरी भूतप्रभावीरूपमा लागू हुनेछैनन्।

५) विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली बाझिएको अवस्थामा विधानको व्यवस्था प्रभावकारी हुनेछ।

**धारा ५२: अदालतको नियमावली**

१) न्यायाधीशहरूले अदालतको नियमित कामकारबाहीका लागि आवश्यक नियमावली, यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पूर्ण बहुमतद्वारा पारित गर्नेछन्।

२) नियमावलीको विस्तार र तिनका संशोधनहरूमा अभियोक्ता र रजिस्ट्रारसँग परामर्श गरिनेछ।

३) न्यायाधीशहरूबाट अन्यथा निर्णय भएमाबाहेक, नियमावली र तिनका संशोधनहरू पारित हुनासाथ प्रभावी हुनेछन्। पारित हुनासाथ प्रतिक्रियाका लागि तिनलाई राज्यपक्षहरूसमक्ष पठाइनेछ। छ महिनाभित्रमा बहुमत राज्यपक्षहरूबाट विरोध नआएमा तिनीहरू प्रभावी भइरहनेछन्।

## खण्ड ५
# अनुसन्धान र अभियोजन

**धारा ५३: अनुसन्धानको शुरुआत**

१) यस विधानअनुसार कारबाही बढाउन मनासिब आधार छैन भन्ने निजले निधो गरेमाबाहेक, अभियोक्ताले आफूलाई उपलब्ध भएका जानकारीहरूको मूल्याङ्कन गरी अनुसन्धान सुरु गर्नेछन्। अनुसन्धान गर्ने कि नगर्ने भन्ने बारेमा निर्णय गर्दा अभियोक्ताले निम्नलिखित विषयका बारे विचार गर्नेछ:

(क) अभियोक्तालाई उपलब्ध जानकारीले अदालतको अधिकार-क्षेत्रभित्र अपराध भएको वा भैरहेको भन्ने विश्वास गर्ने मनासिब आधार उपलब्ध गराएको;

(ख) मुद्दा धारा १७ अन्तर्गत ग्राहय छ वा हुन सक्नेछ; र

(ग) अपराधको गम्भीरता र पीडितहरूको हितलाई ध्यानमा राख्दा, अनुसन्धानले न्यायको हितमा काम गर्नेछैन भन्ने विश्वास गर्ने ठोस कारणहरू भएको।

२) अनुसन्धानबाट देहायका कारणले अभियोजनका लागि पर्याप्त आधार छैन भन्ने निष्कर्ष गरेमा, अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्ष र धारा १४ अनुसार सिफारिस गरिपठाउने राज्य वा धारा १३ अनुच्छेद (ख) को मामिलामा हकमा सुरक्षा परिषद्लाई निजको निष्कर्ष र निष्कर्षका कारणहरू बारे जानकारी गराउनेछ:

(क) धारा ५८ अन्तर्गत वारेन्ट वा समाह्वानका लागि पर्याप्त कानुनी वा तथ्यगत आधार छैन;

(ख) धारा १७ अन्तर्गत मुद्दा अग्राह्य छ;

(ग) अपराधको गम्भीरता, पीडितको हित र आरोपित कसूरदारको उमेर वा अशक्तता र आरोपित अपराधमा निजको भूमिकालगायत्का सबै परिस्थितिहरूलाई विचार गर्दा अभियोजन न्यायको हितमा छैन;

३) (क) धारा १४ अन्तर्गत सिफारिस पठाउने राज्य वा धारा १३, अनुच्छेद

(ख) अन्तर्गत सुरक्षा परिषद्को अनुरोधमा, पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताको अनुच्छेद १ वा २ अन्तर्गत कारबाही नबढाउने निर्णय पुनरावलोकन गर्न सक्छ र अभियोक्तालाई सो निर्णयमा पुनर्विचार गर्न अनुरोध गर्न सक्नेछ।

(ग) यसअतिरिक्त, अभियोक्ताको कारबाही नबढाउने निर्णय अनुच्छेद १ (ग) वा २ (ग) मा मात्रै आधारित भएमा पूर्वपुर्पक्ष कार्यकक्षले, आफ्नै सक्रियतामा, सो निर्णयको पुनरावलोकन गर्न सक्नेछ। यस्तो अवस्थामा अभियोक्ताको निर्णय पूर्वपुर्पक्ष कार्यकक्षबाट समर्थित भएमा मात्र प्रभावकारी हुनेछ।

४) नयाँ तथ्यहरू वा जानकारीमा आधारित भएर अनुसन्धान वा अभियोजन सुरु गर्ने कि नगर्ने भन्ने बारे अभियोक्ताले निर्णयको जुनसुकै समयमा पुनर्विचार गर्न सक्नेछ।

**धारा ५४: अभियोक्ताका अनुसन्धानसम्बन्धी अधिकार र कर्तव्य**

१) अभियोक्ताले:

(क) सत्य पत्ता लगाउनका लागि, यस विधानअन्तर्गतको फौजदारी उत्तरदायित्व छ-छैन भन्ने कुराको लेखाजोखासँग सान्दर्भिक सबै तथ्य र प्रमाणहरू समेट्न अनुसन्धानको विस्तार गर्नेछ, र यसो गर्दा, कसूरदार देखिने र सफाइ दिने कुराको समानरूपमा अनुसन्धान गर्नेछ;

(ख) अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाउनेछ, र यसो गर्दा, उमेर, धारा ७ अनुच्छेद ३ मा परिभाषा गरिएजस्तै लैङ्गिकता, र स्वास्थ्यलगायत् पीडित र साक्षीहरूको हित र व्यक्तिगत परिस्थितिलाई सम्मान गर्नेछ, र अपराधको प्रकृति, खासगरी यौनहिंसा, लैङ्गिक हिंसा वा बालबालिकाविरुद्धका हिंसालाई, ख्यालमा राख्नेछ; र

(ग) यस विधानअन्तर्गत प्राप्त हुने व्यक्तिहरूका अधिकारहरूको पूरा सम्मान गर्नेछ।

२) राज्यको प्रादेशिक क्षेत्रभित्र अभियोक्ताले अनुसन्धानहरू चलाउन सक्नेछः

(क) खण्ड ९ का प्रावधानहरूअनुसार; वा

(ख) धारा ५७ अनुच्छेद ३ (घ) अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षले अख्तियारी दिएअनुसार।

३) अभियोक्तालेः

(क) प्रमाणको सङ्कलन र परीक्षण गर्न सक्नेछ;

(ख) अनुसन्धान भइरहेका व्यक्ति, पीडित र साक्षीहरूको उपस्थितिका लागि अनुरोध गर्न सक्नेछ र निजहरूसँग प्रश्न गर्न सक्नेछ;

(ग) यसको आफ्नो सक्षमता र/वा कार्य आदेशअनुसार कुनै राज्य वा अन्तरसरकारी सङ्गठन वा बन्दोबस्तबाट सहयोगको लागि माग गर्न सक्नेछ;

(घ) यस विधानसँग नबाझिने गरी राज्य, अन्तरसरकारी सङ्गठन वा व्यक्तिको सहयोगलाई सहज बनाउन आवश्यक हुन सक्ने बन्दोबस्त वा सम्झौता गर्न सक्नेछ;

(ङ) जानकारी उपलब्ध गराउनेको सम्मति भएमाबाहेक, अभियोक्ताले गोपनीयताको शर्तमा र नयाँ प्रमाणहरूको विकासका लागि मात्र प्राप्त गरेका कागजात र सूचना कारबाहीको कुनै चरणमा पनि खुलासा नगर्न सहमत हुन सक्नेछ;



(च) सूचनाको गोपनीयता, कुनै व्यक्तिको संरक्षण वा प्रमाणको जगेर्ना सुनिश्चित गर्न आवश्यक उपायहरू अपनाउनेछ वा अपनाउन अनुरोध गर्न सक्नेछ।

**धारा ५५ः अनुसन्धानको क्रममा व्यक्तिका अधिकारहरू**

१) यस विधानअन्तर्गतको अनुसन्धानका सिलसिलामा कुनै व्यक्तिलाईः

(क) आत्मापराधीकरण गर्न वा कसूरमा साबित हुन बाध्य पारिनेछैन;

(ख) कुनै पनि स्वरूपको करकाप, जबर्जस्ती वा त्रास, यातना वा अन्य कुनै स्वरूपको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको भागीदार बनाइनेछैन;

(ग) सो व्यक्तिले राम्ररी बुझ्ने र बोल्नेभन्दा भिन्न भाषामा प्रश्न सोधिएमा, निःशुल्करूपमा सक्षम दोभाषे र स्वच्छताको खाँचो पूरा गर्न आवश्यक भएसम्मको अनुवादको सहायता प्राप्त हुनेछ; र

(घ) स्वेच्छाचारी पक्राउ र थुनछेकको भागीदार बनाइनेछैन र यस विधानमा स्थापित आधारहरू र कार्यविधिद्वारा बाहेक निजको स्वतन्त्रताबाट वञ्चित गरिनेछैन।

२) कुनै व्यक्तिले अदालतको अधिकारक्षेत्रभित्रको अपराध गरेको विश्वास गर्नुपर्ने आधारहरू भएको र त्यस्तो व्यक्तिलाई अभियोक्ताद्वारा वा खण्ड ९ अन्तर्गतको अनुरोधअनुसार राष्ट्रिय पदाधिकारीहरूद्वारा सोधपूछ गरिने भएमा यस्तो व्यक्तिलाई देहायअनुसारका अधिकार हुनेछन् र प्रश्न गरिनु अगावै निजलाई तिनको जानकारी दिइनेछः

(क) सोधपूछ गर्नु अगावै अदालतको अधिकारक्षेत्रभित्रको अपराध निजले गरेको छ भन्ने विश्वास गर्नुपर्ने आधारहरू छन् भन्ने कुराको जानकारी पाउने;

(ख) यस्तो चूप बसाइलाई दोष वा निर्दोषिताको निर्धारण गर्दा विचार नहुने गरी चूप बस्न पाउने;

(ग) व्यक्तिको छनौटमा कानुनी सहायता लिन पाउने, वा निजको आफ्नो कानुनी सहायता नभएमा न्यायको हितमा आवश्यक भएमा जुनसुकै मामिलामा निजलाई कानुनी सहायता उपलब्ध

गराउनु पर्ने र निजसँग पर्याप्त स्रोतसाधन नभएमा यस्तो सहायता नि:शुल्क पाउने; र

(घ) व्यक्तिले स्वैच्छिकरूपमा कानुनी सल्लाहकारको अधिकार परित्याग नगरेसम्म, कानुनी सल्लाहकारको उपस्थितिमा निजलाई सोधपुछ गरिने।

**धारा ५६: अद्वितीय अनुसन्धानात्मक अवसरका सम्बन्धमा पूर्वपुर्पक्ष कार्यकक्षको भूमिका**

१) (क) जहाँ अभियोक्ताले कुनै अनुसन्धानले पुर्पक्षको प्रयोजनका लागि पछि उपलब्ध हुन नसक्ने कुनै साक्षीको गवाही वा बकपत्र लिन वा प्रमाणको परीक्षण, सङ्कलन वा जाँच गर्न अद्वितीय अवसर प्रदान गर्छ भनी विचार गरेको अवस्थामा अभियोक्ताले सो कुरा पूर्वपुर्पक्ष कार्यकक्षलाई जानकारी गराउनेछ।

(ख) त्यस्तो मामिलामा अभियोक्ताको अनुरोधबमोजिम पूर्वपुर्पक्ष कार्यकक्षले कारबाहीको कार्यकुशलता र निष्ठा सुनिश्चित गर्न र खासगरी प्रतिरक्षाको अधिकारको संरक्षण गर्न आवश्यक हुन सक्ने उपायहरू अपनाउन सक्नेछ।

(ग) पूर्वपुर्पक्ष कार्यकक्षले अन्यथा आदेश दिएमाबाहेक, अभियोक्ताले उपअनुच्छेद (क) मा उल्लिखित अनुसन्धानसम्बन्धी समाह्वानको प्रत्युत्तरमा पक्राउ परेको वा उपस्थित भएको, व्यक्तिलाई सान्दर्भिक जानकारी उपलब्ध गराउनेछ जसले गर्दा सो विषयमा निजको सुनुवाई हुन सकोस्।

२) अनुच्छेद १ (ख) मा निर्दिष्ट उपायहरूले निम्न कुरा समेट्न सक्नेछ:

(क) पालन गर्नुपर्ने कार्यविधिसम्बन्धी सिफारिस वा आदेश गर्ने;

(ख) कारबाहीको अभिलेख राख्न निर्देशन दिने;

(ग) सहयोगका लागि विज्ञ नियुक्त गर्ने;

(घ) पक्राउ परेको, वा समाह्वानको प्रत्युत्तरमा अदालतमा उपस्थित भएको व्यक्तिकातर्फबाट भाग लिन सल्लाहकारलाई अख्तियारी प्रदान गर्ने, वा अझै यस्तो पक्राउ वा अदालतमा उपस्थिति नभएको वा सल्लाहकार नियुक्त नभएको अवस्थामा प्रतिरक्षातर्फबाट उपस्थित हुन र हितको प्रतिनिधित्व गर्न अर्को सल्लाहकार नियुक्त गर्ने;



(ङ) अवलोकन गर्न र सुझाउ सिफारिस गर्न वा प्रमाणको सङ्कलन र संरक्षण गर्न तथा व्यक्तिहरूलाई सोधपुछको आदेश गर्न आफ्ना सदस्यहरूमध्येबाट कुनै एक सदस्यको वा आवश्यक भए पूर्वपुर्पक्ष वा पुर्पक्ष विभागको उपलब्ध अन्य न्यायाधीशको नाम तोक्ने;

(च) प्रमाणको सङ्कलन र संरक्षका लागि आवश्यक पर्न सक्ने अन्य कारबाही गर्ने।

३) (क) यस धाराबमोजिमका उपायहरू अभियोक्ताले माग नगरेको तर पूर्वपुर्पक्ष कार्यकक्षले पुर्पक्षमा प्रतिरक्षाका लागि चाहिन्छ भन्ने ठानेको प्रमाणको संरक्षणका लागि यस्ता उपायहरू आवश्यक छ भन्ने विचार गरेमा उपायहरूका लागि अनुरोध नगर्नुको पछाडि केही असल कारणहरू छन् कि भनी यसले अभियोक्तासित परामर्श गर्नेछ। परामर्शबाट पूर्वपुर्पक्ष कार्यकक्षले यस्ता उपायहरूका लागि अभियोक्ताले अनुरोध नगर्ने कार्य उचित छैन भन्ने निष्कर्ष निकालेमा कार्यकक्षले आफ्नै सक्रियतामा यस्ता उपायहरू अपनाउनेछ।

(ख) यस अनुच्छेदअनुसार पूर्वपुर्पक्ष कार्यकक्षले आफ्नै सक्रियतामा लिएको निर्णयउपर अभियोक्ताले पुनरावेदन गर्न सक्नेछ। पुनरावेदनको सुनुवाइ शीघ्रतापूर्वक हुनेछ।

४) यस धाराअनुसार पुर्पक्षका निमित्त सङ्कलित वा संरक्षित प्रमाणको ग्राह्यता, वा सोको अभिलेख, पुर्पक्ष हुँदा धारा ६९ द्वारा व्यवस्थित गरिनेछ, र पुर्पक्ष कार्यकक्षले निर्धारण गरेबमोजिमको महत्व दिइनेछ।

**धारा ५७: पूर्वपुर्पक्ष कार्यकक्षका कामकारबाही र अधिकार**

१) यस विधानमा अन्यथा व्यवस्था गरिएकोमाबाहेक, पूर्वपुर्पक्ष कार्यकक्षले यस धाराका प्रावधानअनुसार आफ्नो कामकारबाही गर्नेछ।

(क) धारा १५, १८, १९, ५४, अनुच्छेद २, ६१ अनुच्छेद ७ र ७२ अन्तर्गत जारी भएका पूर्वपुर्पक्ष कार्यकक्षका आदेश वा निर्णयादेशहरू यसका बहुमत न्यायाधीशहरूको मतैक्यप्राप्त गरेको हुनु पर्दछ।

(ख) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले वा पूर्वपुर्पक्ष कार्यकक्षका बहुमत न्यायाधीशहरूले अन्यथा व्यवस्था गरेमाबाहेक, अन्य सबै मामिलामा पूर्वपुर्पक्ष कक्षका एक न्यायाधीशले यस विधानको व्यवस्थाबमोजिमका कामकारबाही गर्न सक्नेछ।

२) यस विधानअन्तर्गतका यसका अन्य कामकारबाहीका अतिरिक्त, पूर्वपुर्पक्ष कार्यकक्षले निम्नलिखित कामकारबाही गर्न सक्नेछः

(क) अभियोक्ताको अनुरोधमा अनुसन्धानको प्रयोजनका लागि आवश्यक पर्न सक्ने आदेश र वारेन्ट जारी गर्ने;

(ख) पक्राउ परेको वा धारा ५८ अनुसारको समाह्वानअनुसार उपस्थित भएको व्यक्तिको अनुरोधमा, धारा ५६ मा वर्णित उपायहरूसमेतका आदेश जारी गर्ने वा सो व्यक्तिलाई निजको प्रतिरक्षाको तयारीका लागि आवश्यक हुन सक्ने खण्ड ९ अनुसारको सरसहयोगको खोजी गर्ने;

(ग) आवश्यक भएमा, पीडित र साक्षीहरूको गोपनीयता र संरक्षण, प्रमाणको संरक्षण, पक्राउ परेको वा समाह्वानको प्रत्युत्तरार्थ उपस्थित व्यक्तिहरूको संरक्षण, र राष्ट्रिय सुरक्षासूचनाको संरक्षणको व्यवस्था गर्ने;

(घ) सम्भव हुने ठाउँमा राज्यको दृष्टिकोणलाईसमेत सम्मान गर्दै, पूर्वपुर्पक्ष कार्यकक्षले कुनै मुद्दामा सो राज्यले कुनै अधिकार वा यसको न्यायिक प्रणालीको कुनै पक्षको सक्षमताको अनुपलब्धताले खण्ड ९ अनुसार मागिएको सहयोग कार्यान्वयन गर्न स्पष्टतः असमर्थ छ भन्ने कुरा ठहर गरेको भए खण्ड ९ अनुसार सम्बन्धित राज्यको सहयोग नपाइकनै राज्यपक्षको प्रादेशिक क्षेत्रभित्र निर्दिष्ट अनुसन्धानात्मक पाइला चाल्न अभियोक्तालाई अख्तियारी प्रदान।

(ङ) धारा ५८ अनुसार पक्राउको वारेन्ट वा समाह्वान जारी भएको अवस्थामा र प्रमाणको सबलता तथा यस विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिमका सम्बन्धित पक्षहरूका अधिकारहरूप्रति समुचित विचार पुऱ्याएर, धारा ९३, अनुच्छेद १ (ट) अनुसार, खासगरी पीडितहरूको अन्तिम लाभका लागि, सर्वस्वको प्रयोजनका लागि संरक्षणात्मक उपाय अपनाउन राज्यहरूको सहयोग खोज्ने।



**धारा ५८ः पूर्वपुर्पक्ष कार्यकक्षबाट पक्राउको वारेन्ट वा उपस्थित हुन समाह्वान जारी हुने**

१) अनुसन्धान सुरु भएपछि कुनै पनि समयमा अभियोक्ताले प्रस्तुत गरेको निवेदन र प्रमाण तथा अन्य जानकारीको परीक्षण गर्दा निम्न कुरा सन्तोषजनक देखिए अभियोक्ताको निवेदनमा पूर्वपुर्पक्ष कार्यकक्षले कुनै व्यक्तिको पक्राउको वारेन्ट जारी गर्नेछः

(क) अदालतको अधिकारक्षेत्रभित्रको अपराध सो व्यक्तिले गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार छ;

(ख) सो व्यक्तिको पक्राउ निम्नलिखित कुराहरूले गर्दा आवश्यक देखिन्छः

(१) पुर्पक्ष हुँदा निजको उपस्थिति सुनिश्चित गर्न;

(२) सो व्यक्तिले अनुसन्धान वा अदालती कारबाहीलाई व्यवधान वा खतरा नपारोस् भन्ने सुनिश्चित पार्न; वा

(३) त्यस्तो अवस्था भएका ठाउँमा, सो अपराध वा अदालतको अधिकारक्षेत्रभित्रको र समान परिस्थितिबाट उत्पन्न भएको सम्बद्ध अपराध गर्ने निरन्तरताबाट सो व्यक्तिलाई रोक्न।

२) अभियोक्ताको निवेदनमा निम्नलिखित विषय रहनेछन्ः

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख;

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण;

(घ) सो व्यक्तिले ती अपराधहरू गरेको विश्वास गर्नुपर्ने मनासिब आधारहरू स्थापित गर्ने प्रमाण र अन्य कुनै संक्षिप्त जानकारीको सारांश; र

(ङ) सो व्यक्तिको पक्राउ आवश्यक छ भनी अभियोक्ताले ठानेको कारण।

३) पक्राउको वारेन्टमा निम्न कुरा रहनेछन्ः

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख; र

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण।

४) पक्राउको वारेन्ट अदालतले अन्यथा आदेश नगरेसम्म प्रभावकारी रहनेछ।

५) पक्राउको वारेन्टका आधारमा अदालतले खण्ड ९ अन्तर्गत सो व्यक्तिको अस्थायी पक्राउ वा पक्राउ र समर्पणका लागि अनुरोध गर्न सक्नेछ।

६) पक्राउको वारेण्टमा निर्दिष्ट रहेका अपराधहरूमा हेरफेर वा थप गरी त्यसमा संशोधन गर्न अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्षसमक्ष अनुरोध गर्न सक्नेछ। सो व्यक्तिले हेरफेर वा अतिरिक्त अपराधहरू गरेको छ भन्ने विश्वास गर्नुपर्ने मनासिब आधार छ भन्ने कुरामा सन्तुष्ट भएमा पूर्वपुर्पक्ष कार्यकक्षले वारेन्ट संशोधन गर्नेछ।

७) पक्राउको वारेन्ट खोज्नुको विकल्पका रूपमा, अभियोक्ताले पूर्वपुर्पक्ष कार्यकक्षसमक्ष त्यस्तो व्यक्तिलाई अदालतमा उपस्थित गराउन समाह्वान जारी गर्न अनुरोध गर्दै निवेदन पेस गर्न सक्नेछ। त्यस्तो व्यक्तिले आरोपित अपराध गरेको विश्वास गर्नुपर्ने मनासिब आधारहरू छन् र व्यक्तिको उपस्थितिलाई निश्चित गर्न समाह्वान नै पर्याप्त छ भन्ने कुरामा पूर्वपुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा राष्ट्रिय कानुनले व्यवस्था गरेको भए स्वतन्त्रतामाथि रोक (थुनछेकभन्दा भिन्न) लगाउने शर्तहरूसहित वा रहित व्यक्तिको उपस्थितिका लागि समाह्वान जारी गर्नेछ। समाह्वानमा निम्न कुराहरू रहनेछन्:

(क) व्यक्तिको नाम र अरू कुनै सान्दर्भिक पहिचानजनक जानकारी;

(ख) सो व्यक्ति उपस्थित हुनुपर्ने निर्दिष्ट मिति;

(ग) सो व्यक्तिले गरेको आरोप लाइएको अदालतको अधिकारक्षेत्रका अपराधहरूको विशेष उल्लेख; र

(ग) ती अपराध हुन आरोप गरिएका तथ्यहरूको संक्षिप्त विवरण समाह्वान गरिएको व्यक्तिलाई तामेल गरिनेछ।

**धारा ५९: आरक्षक राज्यमा पक्राउ प्रक्रिया**

१. अस्थायी पक्राउ वा पक्राउ र समर्पणका लागि अनुरोध प्राप्त गरेको राज्यपक्षले आफ्नो कानुन र खण्ड ९ का प्रावधानहरूअनुसार व्यक्तिलाई पक्राउ गर्न तत्काल पाइला चाल्नेछ।



२. पक्राउ गरिएको व्यक्तिलाई आरक्षक राज्यमा सक्षम न्यायिक पदाधिकारी शीघ्र ल्याइनेछ जसले राज्यको कानुनअनुसार निम्न कुरा ठेगान गर्नेछ:

(क) वारेन्ट सो व्यक्तिलाई लागू हुन्छ;

(ख) उचित प्रक्रियाअनुसार व्यक्तिलाई पक्राउ गरिएको छ; र

(ग) व्यक्तिका अधिकारहरूको सम्मान भएको छ।

२. पक्राउ परेको व्यक्तिलाई आरक्षक राज्यमा सक्षम अधिकारीसमक्ष समर्पण लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्ने अधिकार रहनेछ।

३. यस्तो कुनै निवेदनमा निर्णयमा पुग्न, आरक्षक राज्यको सक्षम अधिकारीले आरोपित अपराधहरूको गम्भीरताको परिप्रेक्ष्यमा अन्तरिम रिहाइको औचित्य सावित गर्ने अत्यावश्यक र अपवादजनक परिस्थिति छ कि छैन र आरक्षक राज्यले अदालतसमक्ष व्यक्तिलाई समर्पण गर्नुपर्ने आफ्नो कर्तव्य पूरा गर्न सक्ने कुरा सुनिश्चित पार्न आवश्यक सुरक्षाहरू छ कि छैन भन्नेबारेमा विचार गर्नेछ। पक्राउको वारेन्ट धारा ५८ को अनुच्छेद १ (क) र (ख) अनुसार उचित तरिकाले जारी भएको छ कि छैन भनी विचार गर्न आरक्षक राज्यको सक्षम अधिकारीलाई अधिकार हुनेछैन।

४. अन्तरिम रिहाइको जुनसुकै अनुरोधबारे पूर्वपुर्पक्ष कार्यकक्षलाई जनाउ दिइनेछ र यसले आरक्षक राज्यको सक्षम अधिकारीलाई सुझाउ सिफारिस गर्नेछ। आरक्षक राज्यका सक्षम अधिकारीले आफ्नो निर्णय दिनुअगाडि सो व्यक्ति भाग्न सक्ने कुरालाई रोक्ने उपायसम्बन्धी सिफारिशसमेत यस्ता सिफारिस गरिएका सुझाउहरूलाई पूर्णरूपमा विचार गर्नेछ।

५. सो व्यक्तिलाई अन्तरिम रिहाइ दिइएमा, पूर्वपुर्पक्ष कार्यकक्षले अन्तरिम रिहाइको अवस्थामा बारेमा आवधिक प्रतिवेदनहरूका लागि अनुरोध गर्न सक्नेछ।

६. आरक्षक राज्यद्वारा समर्पण गर्नुपर्ने आदेश हुनासाथ सो व्यक्तिलाई यथासम्भव चाँडो अदालतसमक्ष पठाइनेछ।

**धारा ६०: अदालतसमक्ष प्रारम्भिक कारबाही**

१. अदालतसमक्ष व्यक्तिको समर्पण भएपछि वा स्वैच्छिक वा समाह्वानअनुसार व्यक्ति अदालतमा उपस्थित भएपछि निजले गरेको भनी आरोप लागेका अपराधहरू र मुद्दाको कारबाही लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्न पाउनेलगायत्का यस विधानअन्तर्गतका निजका अधिकारहरूका बारेमा निजलाई जानकारी गराइएको छ भन्ने कुरामा पूर्वपुर्पक्ष कार्यकक्षले आफूलाई सन्तुष्ट पार्नेछ।

२. पक्राउको वारेन्टमा परेको व्यक्तिले मुद्दा लम्बित रहेको अवस्थामा अन्तरिम रिहाइका लागि निवेदन गर्न सक्नेछ। धारा ५८ अनुच्छेद १ ले कायम गरेका अवस्थाहरू पूरा भएको कुरामा पूर्वपुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा सो व्यक्ति थुनामा निरन्तर रहनेछ। यसरी सन्तुष्ट नभएमा पूर्वपुर्पक्ष कार्यकक्षले सो व्यक्तिलाई सशर्त वा निशर्त छुटकारा दिनेछ।

३. पूर्वपुर्पक्ष कार्यकक्षले व्यक्तिको रिहाइ वा थुनछेकसम्बन्धी आफ्ना निर्णयादेशहरूको आवधिक पुनरावलोकन गर्नेछ, र अभियोक्ता वा सो व्यक्तिको अनुरोधमा जुनसुकै बेला पुनरावलोकन गर्न सक्नेछ। परिवर्तित परिस्थितिमा यस्तो आवश्यक छ भन्ने कुरामा सन्तुष्ट भएमा यस्तो पुनरावलोकनमा कार्यकक्षले थुनछेक, रिहाइ वा रिहाइका अवस्थाहरूसम्बन्धी आफ्ना निर्णयादेशहरूमा फेरबदल गर्न सक्नेछ।

४. अभियोक्ताले गरेको अक्षम्य विलम्बका कारणले पुर्पक्षपूर्व कुनै व्यक्ति बेमनासिब अवधिका लागि थुनिएको छैन भन्ने कुरा पूर्वपुर्पक्ष कार्यकक्षले सुनिश्चित गर्नेछ। यस्तो विलम्ब भएको पाइएमा अदालतले सो व्यक्तिलाई सशर्त वा बिनाशर्त रिहाइ गर्ने कुरा विचार गर्नेछ।

५. आवश्यक भएमा, रिहाइ भइसकेको व्यक्तिलाई उपस्थित गराउन हासिल गर्न पूर्वपुर्पक्ष कार्यकक्षले पक्राउको वारेन्ट जारी गर्न सक्नेछ।



**धारा ६१: पुर्पक्षपूर्व अभियोगको किटानी**

१. अनुच्छेद २ का प्रावधानहरूको अधीन रही, व्यक्तिको अदालतसमक्षको समर्पण वा स्वैच्छिक उपस्थितिपछिको मनासिब समयभित्र, पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताले पुर्पक्ष चाहेको अभियोग निश्चित गर्न सुनुवाइ गर्नेछ। सुनुवाइ अभियोक्ता, अभियोग लगाइएको व्यक्ति साथै निजको सल्लाहकारको उपस्थितिमा हुनेछ।

२. पूर्वपुर्पक्ष कार्यकक्षले अभियोक्ताको अनुरोध वा आफ्नै प्रस्तावमा अभियोग लागेको व्यक्तिको अनुपस्थितिमा अभियोग सुनिश्चित गर्ने सुनुवाइ गर्न सक्नेछ, यदि सो व्यक्तिले:

(क) आफू उपस्थित रहनुपर्ने अधिकार परित्याग गरेमा; वा

(ख) निज फरार भएको वा फेला पार्न नसकिएको र अदालतसमक्ष निजको उपस्थितिका लागि र अभियोगबारे तथा अभियोग निश्चित गर्न अदालतमा सुनुवाइ हुन्छ भन्ने बारेमा सो व्यक्तिलाई जानकारी गराउन सबै मनासिब पाइलाहरू चालिएको अवस्थामा यस्तो अवस्थामा पूर्वपुर्पक्ष कार्यकक्षले न्यायको हितमा हुन्छ भन्ने निधो गरेमा सल्लाहकारद्वारा सो व्यक्तिको प्रतिनिधित्व हुनेछ।

३. सुनुवाइपूर्व मनासिब समयभित्र, सो व्यक्तिलाई:

(क) अभियोक्ताले निजलाई पुर्पक्षमा ल्याउन चाहेको अभियोगहरू समावेश रहेको लिखतको प्रति उपलब्ध गराउनेछ; र

(ख) सुनुवाइमा अभियोक्ताले भर पर्न चाहेको प्रमाणको जानकारी दिइनेछ।

४. सुनुवाइको प्रयोजनको लागि पूर्वपुर्पक्ष कार्यकक्षले जानकारीको खुलासाका बारेमा आदेशहरू जारी गर्न सक्नेछ। सुनुवाइपूर्व भियोक्ताले अनुसन्धान जारी राख्न र कुनै अभियोगलाई संशोधन वा फिर्ता लिन सक्नेछ। व्यक्तिलाई अभियोगको कुनै पनि संशोधन वा फिर्तीबारे सुनुवाइ अगावै मनासिब जनाउ दिइनेछ। अभियोगहरू फिर्ता गरिएका अवस्थामा अभियोक्ताले फिर्ता गर्ने कारणहरूको जनाउ पूर्वपुर्पक्ष कार्यकक्षलाई दिनेछ।

५. सुनुवाइमा अभियोग लगाइएको अपराध सो व्यक्तिले गरेको हो भन्ने विश्वास गर्न सबल आधारहरू स्थापित गर्ने पर्याप्त प्रमाणसहित हरेक आरोपबारे अभियोक्ताले अडान लिनुपर्नेछ। अभियोक्ताले

अभिलेख वा संक्षिप्त प्रमाणको भर लिन सक्नेछ र पुर्पक्षमा परीक्षणको अपेक्षा गरिएका साक्षीहरूलाई बोलाउन आवश्यक पर्नेछैन।

६. सुनुवाइमा व्यक्तिले:
   (क) आरोप अस्वीकार गर्न सक्नेछ;
   (ख) अभियोक्ताले पेस गरेका प्रमाणउपर चुनौती दिन सक्नेछ; र
   (ग) प्रमाण पेस गर्न सक्नेछ।

७. सुनुवाइका आधारमा पूर्वपुर्पक्ष कार्यकक्षले अभियोग लगाइएका हरेक अपराध सो व्यक्तिले गरेको विश्वास गर्नुपर्ने सबल आधारहरू स्थापित गर्न पर्याप्त प्रमाण छन्-छैनन् भन्ने कुराको टुङ्गो गर्नेछ। यसको टुङ्गोको आधारमा पूर्वपुर्पक्ष कार्यकक्षले:
   (क) यसले पर्याप्त प्रमाण छन् भनी टुङ्गो गरेका अभियोगहरूको निश्चय गर्नेछ र निश्चय गरिएका अभियोगहरूका लागि सो व्यक्तिलाई पुर्पक्षका लागि पुर्पक्ष कार्यकक्षसमक्ष सुम्पनेछ;
   (ख) पर्याप्त प्रमाण छैन भनी यसले टुङ्गो लाएका अभियोगहरू इन्कार गर्नेछ;
   (ग) सुनुवाइ स्थगन गर्ने र अभियोक्तालाई (देहायका लागि) अनुरोध गर्नेछ:
      (१) खास अभियोगमा अरू प्रमाण उपलब्ध गराउन वा अरू अनुसन्धान गर्न; वा
      (२) पेस गरिएको प्रमाणले अदालतको अधिकारक्षेत्रभित्रको भिन्दै अपराध स्थापित गर्ने देखिएकोले अभियोगलाई संशोधन गर्न।

८. पूर्वपुर्पक्ष कार्यकक्षले कुनै अभियोग सदर गर्न इन्कार गरेको कुराले अतिरिक्त प्रमाणले पुष्टि गरेमा अभियोक्तालाई सोपछि पनि यसको पुष्टिका लागि अभियोग निश्चयका लागि अनुरोध गर्न छेक्ने छैन।

९. अभियोग सदर भइसकेपछि र पुर्पक्ष सुरु हुनुअघि अभियोक्ताले, पूर्वपुर्पक्ष कार्यकक्षको स्वीकृति लिएर र अभियुक्तलाई सूचना दिएपछि आरोपहरू संशोधन गर्न सक्नेछ। अभियोक्ताले अतिरिक्त अभियोगहरू थप्न वा अझ गम्भीर अभियोगद्वारा प्रतिस्थापित गर्न खोजेमा अभियोग निश्चय गर्न यस धाराअन्तर्गत सुनुवाइ हुनै पर्नेछ।



पुर्पक्ष प्रारम्भ भइसकेपछि अभियोक्ताले, पुर्पक्ष कार्यकक्षको अनुमति लिई, अभियोग फिर्ता लिन सक्नेछ।

१०. पूर्वपूर्पक्ष कार्यकक्षबाट अभियोग सदर नभएमा वा अभियोक्ताले अभियोग फिर्ता लिएमा सो अभियोगमा पहिले जारी भएका कुनै पनि वारेन्ट प्रभावी रहने छैन।

११. यस धाराअनुसार अभियोग सदर भएपछि अध्यक्षताले पुर्पक्ष कार्यकक्ष गठन गर्नेछ, जुन अनुच्छेद ९ र धारा ६४ को अनुच्छेद ४ को अधीन रही यसपछिका कारबाही चलाउन जिम्मेवार हुनेछ र ती कारबाहीमा लागू हुने र सान्दर्भिक हुने पूर्वपुर्पक्ष कार्यकक्षका कामकारबाही क्रियान्वयन गर्न सक्नेछ।

# खण्ड ६
# पुर्पक्ष

**धारा ६२: पुर्पक्षको स्थान**

अन्यथा निर्णय गरिएकोमाबाहेक अदालतको मुख्यालय नै पुर्पक्षको स्थान हुनेछ।

**धारा ६३: अभियुक्तको उपस्थितिमा पुर्पक्ष**

१. पुर्पक्षका समयमा अभियुक्त उपस्थित रहनेछ।

२. अदालतसामु उपस्थित भएर अभियुक्तले पुर्पक्षलाई निरन्तर व्यवधान गरेमा, पुर्पक्ष कार्यकक्षले अभियुक्तलाई हटाउन सक्नेछ र आवश्यक परे सूचनाप्रविधिको माध्यमद्वारा अदालत कार्यकक्षबाहिरबाट पुर्पक्ष अवलोकन गर्न र सल्लाहकारलाई निर्दिष्ट गर्ने व्यवस्था मिलाउनेछ। यस्तो उपाय अन्य मनासिब वैकल्पिक उपायहरू अपर्याप्त सिद्ध भएपछि र अत्यावश्यक भएको अवधिभरका लागि अपवादजनक परिस्थितिमा मात्रै अपनाइनेछ।

**धारा ६४: पुर्पक्ष कार्यकक्षका अधिकार र कामकारबाही**

१. यस धारामा कायम गरिएका पुर्पक्ष कार्यकक्षका अधिकार र कामकारबाही यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार प्रयोग गरिनेछ।

२. पुर्पक्ष कार्यकक्षले पुर्पक्ष स्वच्छ र शीघ्रतापूर्ण हुने र अभियुक्तका अधिकारहरूको पूर्ण सम्मान तथा पीडित र साक्षीहरूको संरक्षणलाई ख्याल गरी सञ्चालन गरिने कुराको सुनिश्चय गर्नेछ।

३. यस विधानअनुसार मुद्दाको पुर्पक्ष सम्पादन गर्न तोकिएपछि पुर्पक्ष कक्षले मुद्दामा:

(क) पक्षहरूसँग छलफल गर्नेछ र पुर्पक्षको कारबाहीलाई स्वच्छ तथा छिटो छरितोरूपमा सञ्चालन गर्न सहज पार्न आवश्यक पर्ने कार्यविधि प्रयोग गर्नेछ;

(ख) पुर्पक्षमा प्रयोग गर्ने भाषा वा भाषाहरू निर्धारण गर्नेछ;

(ग) यस विधानका अन्य कुनै सान्दर्भिक प्रावधानहरूका अधीनमा रही, पुर्पक्षको समुचित तयारीलाई सबल पार्न पुर्पक्ष सुरु हुनु पर्याप्त अगावै पहिले खुलासा नभएका लिखत वा जानकारीको खुलासा गर्ने व्यवस्था गर्नेछ।

४. यसका प्रभावकारी तथा स्वच्छ कामकारबाहीका लागि आवश्यक भएमा पुर्पक्ष कार्यकक्षले प्रारम्भिक विषयहरू पूर्वपुर्पक्ष कार्यकक्ष वा आवश्यक भए, पूर्वपुर्पक्ष विभागको उपलब्ध अर्को न्यायाधीशलाई पठाउन सक्नेछ।

५. पक्षहरूलाई सूचना दिएर पुर्पक्ष कार्यकक्षले, उपयुक्त भएसम्म, एकभन्दा बढी अभियुक्त भएको अभियोगका सिलसिलामा लगाउ कायम गर्न वा, मुद्दा फटाउन निर्देशन दिन सक्नेछ।

६. पुर्पक्ष पूर्व वा पुर्पक्षको सिलसिलामा आफ्ना कामकारबाही सम्पादन गर्दा पुर्पक्ष कार्यकक्षले आवश्यकताअनुसार:

(क) धारा ६१, अनुछेद ११ मा उल्लिखित पूर्वपुर्पक्ष कार्यकक्षका कुनै पनि कार्य गर्न सक्नेछ;

(ख) आवश्यकताअनुसार, यस विधानमा व्यवस्था गरिएबमोजिम, राज्यको सहयोग लिँदै साक्षीहरूको उपस्थिति र बकपत्र तथा लिखत र अन्य प्रमाणहरू पेस गर्न लगाउन सक्नेछ;



(ग) गोप्य जानकारीहरूलाई संरक्षण प्रदान गर्न व्यवस्था गर्न सक्नेछ;

(घ) पुर्पक्ष पूर्व सङ्कलित वा पक्षहरूबाट पुर्पक्षको क्रममा पेस गरिएका प्रमाणका अतिरिक्त प्रमाण प्रस्तुत गर्न आदेश दिन सक्नेछ;

(ङ) अभियुक्त, साक्षी र पीडितहरूलाई संरक्षण प्रदान गर्न व्यवस्था गर्न सक्नेछ; र

(च) सम्बन्धित अन्य विषयहरूमा नियमन गर्न सक्नेछ।

७. पुर्पक्ष खुला हुनेछ। तथापि पुर्पक्ष कार्यकक्षले धारा ६८ मा उल्लिखित प्रयोजनका लागि वा प्रमाणमा दिनुपर्ने गोप्य वा संवेदनशील जानकारीलाई संरक्षित गर्न विशेष परिस्थितिहरूमा आवश्यक भए खासखास कारबाही बन्दसत्रमा गर्न निर्धारण गर्न सक्नेछ।

८. (क) पुर्पक्षको प्रारम्भमा पुर्पक्ष कार्यकक्षले पूर्वपुर्पक्ष कार्यकक्षले निश्चित गरेका अभियोगहरू पढेर अभियुक्तलाई सुनाउनेछ। पुर्पक्ष कार्यकक्षले अभियुक्तले अभियोगको प्रकृति बुझेको कुरामा आफूलाई सन्तुष्ट बनाउनेछ। यसले निजलाई धारा ६५ अनुसार दोष सकार गर्न वा निदोर्षिता दाबी गर्न अवसर प्रदान गर्नेछ।

(ख) पुर्पक्ष हुँदा अध्यक्षता गरी रहेका न्यायाधीशले स्वच्छ र निष्पक्ष तरिकाले कारबाही सञ्चालन गर्ने कुरा सुनिश्चित पार्नेलगायत्का कारबाहीसम्बन्धी निर्देशन दिन सक्नेछ। अध्यक्षता गरिरहेका न्यायाधीशको कुनै पनि निर्देशनको अधीन रही, यस विधानका प्रावधानहरूअनुसार पक्षहरूले प्रमाण दाखिल गर्न सक्नेछन्।

९. पुर्पक्ष कार्यकक्षलाई, अन्य कुराका अतिरिक्त, पक्षहरूको आवेदनमा वा आफ्नै प्रस्तावमा निम्नलिखित अधिकार रहनेछ:

(क) प्रमाणको ग्राह्यता वा सान्दर्भिकता बारे निर्णय गर्ने; र

(ख) सुनुवाइको सिलसिला सुव्यवस्था कायम राख्न आवश्यक सबै पाइलाहरू चाल्ने।

१०. कारबाहीको दुरुस्त प्रतिविम्बन गर्ने गरी पुर्पक्षको पूर्ण अभिलेख गरिएको र रजिस्ट्रारद्वारा व्यवस्थित र सुरक्षित राखिएको कुरा पुर्पक्ष कार्यकक्षले सुनिश्चित पार्नेछ।

**धारा ६५: दोष स्वीकारोक्तिसम्बन्धी कारबाही प्रक्रिया**

१. धारा ६४, अनुच्छेद ८ (क) अनुसार अभियुक्तले दोष सकार गरेमा, पुर्पक्ष कार्यकक्षले निम्न कुराको निरूपण गर्नेछ:
   (क) दोषको स्वीकारोक्तिको प्रकृति र परिणाम अभियुक्तले बुझेको छ;
   (ख) दोष स्वीकारोक्ति बचाउ पक्षको कानुनी सल्लाहकारसँगको पर्याप्त परामर्शपछि अभियुक्तले स्वेच्छापूर्वक गरेको हो; र
   (ग) दोष स्वीकारोक्ति निम्न कुराहरूमा रहेका मुद्दाका तथ्यहरूबाट समर्थित छ:
      (१) अभियोक्ताले ल्याएका र अभियुक्तले सकारेका अभियोगहरू;
      (२) अभियोगलाई परिपूरकता दिने अभियोक्ताबाट प्रस्तुत भएका कुनै सामग्रीहरू जसलाई अभियुक्तले सकार गरेको छ; र
      (३) साक्षीको बकपत्रजस्ता अभियोक्ता वा अभियुक्तले प्रस्तुत गरेको अन्य कुनै प्रमाण।

२. अनुच्छेद १ मा उल्लेख गरिएका कुरा स्थापित भएको भन्ने बारे पुर्पक्ष कार्यकक्ष सन्तुष्ट भएमा, यसले, प्रस्तुत गरिएको अन्य कुनै अतिरिक्त प्रमाणसहित, दोष स्वीकारोक्तिसँग सम्बन्धित रहने अपराध प्रमाणित गर्न चाहिने सबै अत्यावश्यक तथ्यहरू स्थापित भएको भनी दोष स्वीकारोक्तिउपर विचार गर्नेछ र अभियुक्तलाई दोषी ठहर गर्न सक्नेछ।

३. अनुच्छेद १ मा उल्लेख गरिएका कुरा स्थापित भएको भन्ने बारे पुर्पक्ष कार्यकक्ष सन्तुष्ट नभएमा, यसले दोष स्वीकारोक्ति नभएको विचार गरी यस विधानले व्यवस्था गरेअनुसार साधारण पुर्पक्षको कारबाही प्रक्रियाअनुसार पुर्पक्षलाई निरन्तरता दिन आदेश गर्नेछ र सो मुद्दालाई अर्को पुर्पक्ष कार्यकक्षमा प्रेषित गर्न सक्नेछ।

४. न्यायको हित, खासगरी पीडितको हितका लागि, मुद्दाका तथ्यहरूको अरू बढी पूर्ण प्रस्तुति आवश्यक छ भन्ने पुर्पक्ष कार्यकक्षले विचार गरेमा पुर्पक्ष कार्यकक्षले निम्नलिखित कार्यहरू गर्न सक्नेछ:
   (क) साक्षीको बकपत्रलगायत्का अतिरिक्त प्रमाण पेस गर्न अभियोक्तालाई अनुरोधगर्ने; वा



   (ख) दोषस्वीकारोक्ति नभएको मानेर यस विधानले व्यवस्था गरेअनुसार साधारण पुर्पक्षको कारबाही प्रक्रियाअनुसार पुर्पक्षलाई निरन्तरता दिन आदेश दिने र अर्को पुर्पक्ष कार्यकक्षमा प्रेषित गर्ने।

५. अभियोगको फेरबदल दोष स्वीकारोक्ति वा गर्नुपर्ने सजाय बारे अभियोक्ता र बचाउ पक्षका बीचमा भएको कुनै पनि छलफल अदालतका हकमा बन्धनकारी हुनेछैन।

**धारा ६६: निर्दोषिताको अनुमान**

१. लागू हुने कानुनअनुसार अदालतबाट दोषी प्रमाणित नभएसम्म हरेक व्यक्तिलाई निर्दोष मानिनेछ।

२. अभियुक्तलाई दोषी प्रमाणित गर्ने भार अभियोक्तामा रहनेछ।

३. अभियुक्तलाई दोषी करार गर्नका लागि अभियुक्तको दोषमा अदालत शङ्कारहित रूपले विश्वस्त भएकै हुन पर्छ।

**धारा ६७: अभियुक्तका अधिकार**

१. कुनै पनि अभियोगको निरूपणमा, अभियुक्तलाई यस विधानका प्रावधानहरूलाई ध्यानमा राख्दै, पूर्ण समानतामा आधारित खुला सुनुवाइ, निष्पक्षतापूर्वक सञ्चालित स्वच्छ सुनुवाइ र देहायका न्यूनतम प्रत्याभूतिहरूको हक हुनेछ:
   (क) अभियुक्तले पूरा बुझ्ने र बोल्ने भाषामा अभियोगको प्रकृति, कारण र विषयवस्तुको तुरुन्त र विस्तृतरूपमा जानकारी पाउने;
   (ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि र आफूले रोजेको कानुनी सल्लाहकारसँग स्वतन्त्रतापूर्वक गोप्य कुराकानी गर्न पर्याप्त समय र सुविधा पाउने;
   (ग) अनुचित ढिलाइबिना पुर्पक्ष गरिने;
   (घ) धारा ६३, अनुच्छेद २ को अधीन रही, पुर्पक्षमा उपस्थित हुन पाउने, आफैले वा रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्न पाउने; अभियुक्तलाई कानुनी सहायता नभएमा यो अधिकारको जानकारी पाउने र न्यायको हितमा आवश्यक भएमा जुनसुकै मामिलामा र अभियुक्तसँग पर्याप्त स्रोतसाधन नभएमा

अदालतबाट तोकिएको कानुनी सहायता पाउने र सो नि:शुल्क हुने;

(ङ) आफूविरुद्धका साक्षीको परीक्षण गर्नेगराउने र आफूविरुद्धका साक्षीसरहको अवस्थामा आफ्ना साक्षीहरूको उपस्थिति र परीक्षण प्राप्त गर्ने। अभियुक्तलाई यस विधानअन्तर्गत प्रतिरक्षा उठान गर्ने र ग्राह्य अन्य प्रमाण प्रस्तुत गर्ने पनि अधिकार हुनेछ;

(च) कुनै पनि कारबाही प्रक्रिया वा अदालतसमक्ष प्रस्तुत लिखतहरू अभियुक्तले पूरा बुझ्न र बोल्न नसक्ने भाषामा भएमा स्वच्छताको खाँचो पूरा गर्न आवश्यक सक्षम दोभाषे र यस्तो अनुवादको सहायता नि:शुल्क पाउने;

(छ) दोषमा सत्य बयान गर्न वा साबित हुन कर नलाग्ने र त्यस्तो मौनतालाई दोष वा निदोर्षिताको निरूपणमा विचार हुन नसक्ने गरी मौन वा चूप बस्न पाउने;

(ज) आफ्नो प्रतिरक्षामा शपथरहित मौखिक वा लिखित बयान दिन पाउने;

(झ) निजमाथि प्रमाणको भार उल्टाउने खण्डनको भार नरहने।

२. यस विधानले व्यवस्था गरेका अन्य खुलासाका अतिरिक्त, अभियोक्ताले आफ्नो कब्जा वा नियन्त्रणमा रहेका अभियुक्तको निर्दोषितालाई दर्शाउने वा दर्शाउन उन्मुख देखिने वा अभियुक्तको दोष न्यून पार्ने वा अभियोजनको प्रमाणको विश्वसनीयतालाई असर पार्ने प्रमाण साध्य भएसम्म चाँडो प्रतिरक्षालाई खुलाउनुपर्नेछ।

**धारा ६८ः पीडित र साक्षीहरूको संरक्षण र कारबाही प्रक्रियामा तिनको सहभागिता**

१. अदालतले पीडित र साक्षीहरूको सुरक्षा, शारीरिक तथा मनोवैज्ञानिक भलाइ, मर्यादा र गोपनीयताको संरक्षण गर्न उपयुक्त उपायहरू अपनाउनेछ। सो गर्दा, अदालतले उमेर, धारा ७, अनुच्छेद ३ मा परिभाषा गरिएअनुसार लैङ्गिकता, र स्वास्थ्य, एवं यसैमा मात्र सीमित नहुने गरी विशेषत: यौन वा लैङ्गिक हिंसा वा बालबालिकाविरुद्धको हिंसा समाविष्ट रहेको अपराध, अपराधको प्रकृतिलगायत्का सबै सम्बद्ध तत्वहरूलाई ध्यानमा राख्नेछ।



अभियोक्ताले यस्ता उपायहरू खासगरी अपराधहरूको अनुसन्धान र अभियोजनका सिलसिलामा अपनाउनेछ। यी उपायहरू अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही वा असङ्गत हुनेछैनन्।

२. धारा ६७ मा व्यवस्थित खुला सुनुवाइको सिद्धान्तको अपवादको रूपमा, अदालतका कार्यकक्षहरूले पीडितहरू र साक्षीहरू वा अभियुक्तको संरक्षणका लागि कारबाही प्रक्रियाको कुनै भाग बन्दइजलासमा गर्न वा विद्युतीय वा अन्य विशेष माध्यमद्वारा प्रमाण प्रस्तुत गर्न अनुमति दिन सक्नेछन्। सबै परिस्थितिहरूलाई, खासगरी पीडित र साक्षीका दृष्टिकोणहरूलाई ध्यानमा राखी, अदालतबाट अन्यथा आदेश भएमाबाहेक, यस्ता उपायहरू विशेषत: यौनहिंसाको पीडित वा पीडित वा साक्षी भएको बालबालिका रहेको मामिलामा क्रियान्वित गरिनेछन्।

३. पीडितहरूका व्यक्तिगत हितलाई असर परेको अवस्थामा, अदालतले उपयुक्त ठहऱ्याएको कारबाही प्रक्रियाको चरणमा र अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही र असङ्गत नहुने गरी, उनीहरूका दृष्टिकोण र सरोकारहरू प्रस्तुत गर्न र विचार गर्न अनुमति दिनेछ। अदालतले उपयुक्त ठानेमा यस्ता दृष्टिकोण र सरोकारहरू कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पीडितको प्रतिनिधित्व गर्ने कानुन व्यवसायीद्वारा प्रस्तुत हुन सक्नेछन्।

४. पीडित तथा साक्षी एकाइले धारा ४३, अनुच्छेद ६ मा उल्लेख भएअनुसार उपयुक्त संरक्षणात्मक उपाय, सुरक्षाबन्दोबस्त, परामर्श र सहयोगबारेमा अभियोक्ता र अदालतलाई सल्लाह सुझाउन सक्नेछ।

५. यस विधानअनुसार प्रमाण वा जानकारीको खुलासाले साक्षी वा निजको परिवारको सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्ने भएमा अभियोक्ताले पुर्पक्ष प्रारम्भ हुनुपूर्व भएको कुनै पनि कारबाही प्रक्रियाको प्रयोजनका लागि यस्ता प्रमाण वा जानकारीहरू रोक्न सक्नेछ र तिनका सट्टामा तिनको सारांश पेस गर्न सक्नेछ। अभियुक्तका अधिकार र स्वच्छ तथा निष्पक्ष पुर्पक्षसँग पूर्वाग्रही वा असङ्गत नहुने गरी यस्ता उपायहरूको अवलम्बन गरिनेछ।

६. आफ्ना सेवक वा प्रतिनिधिहरूको संरक्षण र गोप्य तथा संवेदनशील सूचनाको बचाउका सिलसिलामा आवश्यक उपायका निमित्त राज्यले निवेदन गर्न सक्नेछ।

**धारा ६९: प्रमाण**

१. बकपत्र गर्नुपूर्व हरेक साक्षीले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार निजले दिएको प्रमाणको सत्यता लागि बचनबद्धता व्यक्त गर्नु पर्नेछ।

२. धारा ६८ मा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएको हदमाबाहेक पुर्पक्षमा साक्षीको बकपत्र व्यक्ति आफैले गर्नुपर्नेछ। यस विधानको अधीनमा रही र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार, अदालतले साक्षीको मौखिक वा लिखित बकपत्र श्रव्य वा दृश्य प्रविधिका माध्यमबाट दिन साथसाथै लिखत वा लिखित लिपिउतार पेस गर्न अनुमति दिन सक्नेछ। यी उपायहरू अभियुक्तका अधिकारसँग पूर्वाग्रही असङ्गत हुनेछैनन्।

३. पक्षहरूले धारा ६४ अनुसार मुद्दासँग सम्बद्ध प्रमाण पेस गर्न सक्नेछन्। सत्यको निरूपणका लागि आवश्यक ठानिएका सबै प्रमाणहरूको प्रस्तुतिका लागि अनुरोध गर्न अदालतलाई अधिकार रहनेछ।

४. अदालतले अन्य कुराको अतिरिक्त, प्रमाणको प्रामाणिक मूल्य एवं त्यस्तो प्रमाणले स्वच्छ पुर्पक्ष वा साक्षीको वकपत्रको स्वच्छ मूल्याङ्कनमा उत्पन्न गर्न सक्ने पूर्वाग्रहलाई ध्यानमा राखी कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअुनसार कुनै पनि प्रमाणको सम्बद्धता र ग्राह्यताको ठहर गर्न सक्नेछ।

६. अदालतले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम गोप्यतासम्बन्धी विशेषाधिकारहरूको सम्मान र पालना गर्नेछ।

७. अदालतले सामान्य ज्ञानका तथ्यहरूको प्रमाण खोज्नेछैन तर तिनको न्यायिक जानकारी लिन सक्नेछ।

८. यो विधान वा अन्तर्राष्ट्रियरूपमा मान्यताप्राप्त मानवअधिकारहरूको अतिक्रमण गर्ने माध्यमबाट लिएको प्रमाण ग्राह्य हुनेछैन यदि:



(क) प्रमाणको विश्वसनीयतामा सो अतिक्रमणले सारभूत शङ्का दर्साउँछ भने; वा

(ख) प्रमाणको ग्राह्यता कारबाही प्रक्रियाको निष्ठा प्रतिकूल हुन्छ वा त्यसलाई गम्भीर क्षति गर्छ भने

९. राज्यद्वारा सङ्कलित प्रमाणको सम्बद्धता वा ग्राह्यताउपर निर्णय गर्दा अदालतले राज्यको राष्ट्रिय कानुनको प्रयोगउपर निर्णय गर्नेछैन।

**धारा ७०: न्यायप्रशासनविरुद्धका कसूर**

१. अदालतलाई यसको न्यायप्रशासनविरुद्ध मनसायपूर्वक गरिएका तपसिलका कसूरउपर अधिकारक्षेत्र रहनेछ:

(क) धारा ६९, अनुच्छेद १ अनुसार सत्य बताउने दायित्व भएको बेलामा झूटो बकपत्र गर्नु;

(ख) पक्षले कीर्ते वा झूटो हो भनी जानेको प्रमाण प्रस्तुत गर्नु;

(ग) साक्षीलाई भ्रष्टतापूर्वक प्रभावित पार्नु, साक्षीको उपस्थिति वा बकपत्रलाई बाधाव्यवधान वा हस्तक्षेप गर्नु, बकपत्र गरेबापत साक्षीविरुद्ध प्रतिशोध लिनु वा प्रमाणको सङ्कलनलाई ध्वस्त पार्नु, उलटपुलट गर्नु वा हस्तक्षेप गर्नु;

(घ) अदालतका पदाधिकारीलाई निजका कर्तव्य पूरा नगर्न वा अनुचित तरिकाले गर्न जोर गर्ने वा राजी गर्ने उद्देश्यले रोक्नु, धाकधम्की दिनु वा भ्रष्टतापूर्वक प्रभावित पार्नु;

(ङ) अदालतको पदाधिकारीसँग निजले वा अन्य पदाधिकारीले पालन गरेको कर्तव्यका कारण प्रतिशोध लिनु;

(च) अदालतको पदाधिकारीको रूपमा निजको पदीय कर्तव्यको सम्बन्धमा घुस माग्नु वा स्वीकार गर्नु;

२. यस धाराअन्तर्गतका कसूरमाथिको अदालतको अधिकारक्षेत्रको प्रयोग गर्ने सिद्धान्त र कार्यविधि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ। यस धाराअन्तर्गतको कारबाहीका सिलसिलामा अदालतलाई उपलब्ध गराइने अन्तर्राष्ट्रिय सहयोगका शर्तहरू अनुरोध गरिएको राज्यको राष्ट्रिय कानुनद्वारा निर्धारण हुनेछन्।

३. कसूर कायम भएको अवस्थामा अदालतले पाँच वर्षमा नबढ्ने गरी कैद वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसारको जरिवाना वा दुवै सजाय तोक्न सक्नेछ।

(क) हरेक राज्यपक्षले यस धारामा लेखिएको न्यायप्रशासनविरुद्धका कसूर तिनका प्रादेशिक क्षेत्रमा गरिएमा वा तिनका नागरिकहरूले गरेमा आफ्नो अनुसन्धानमूलक वा न्यायिक प्रक्रियाको सच्चरित्रताका विरुद्धका कसूरहरूलाई दण्डित गर्न आफ्ना फौजदारी कानुनहरूको विस्तार गर्नेछ।

(ख) अदालतको अनुरोधमा, उसले उचित ठानेमा जुनसुकै समयमा, राज्यपक्षले अभियोजनको प्रयोजनका लागि यसका सक्षम अधिकारीहरूसमक्ष मुद्दा प्रस्तुत गर्नेछ। ती अधिकारीहरूले यस्ता

मुद्दाहरूलाई परिश्रमकासाथ हेर्नेछन् र तिनीहरूको प्रभावकारी सञ्चालन गर्न तिनलाई सक्षम पार्न पर्याप्त स्रोतसाधन अर्पनेछन्।

**धारा ७१: अदालतसमक्ष खराब आचरणका लागि दण्डभार**

१. अदालतले आफूसमक्ष उपस्थित भई यसको कारबाही प्रक्रिया बिथोल्ने वा जानाजान यसका निर्देशन पालना गर्न इन्कार गर्ने व्यक्तिहरूलाई कैदसजायभन्दा भिन्न, अदालत कार्यकक्षबाट अस्थायी वा स्थायी रूपले हटाउने, जरिवाना वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेको यस्तै अन्य उपायद्वारा दण्डित गर्नेछ।

२. अनुच्छेद १ मा उल्लिखित उपायहरू गर्ने कुरालाई व्यवस्थित गर्ने प्रक्रिया कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था भएबमोजिम हुनेछ।

**धारा ७२: राष्ट्रिय सुरक्षासूचनाको संरक्षण**

१. यो धारा, राज्यका विचारमा, जानकारी वा लिखतहरूको खुलासा राष्ट्रिय सुरक्षाका हितसँग पूर्वाग्रहकारीहुन सक्ने भनिएको कुनै पनि मामिलामा लागू हुन्छ। यस्ता मामिलामा धारा ५६, अनुच्छेद २ र ३,



धारा ६१, अनुच्छेद ३, धारा ६४, अनुच्छेद ३, धारा ६७ अनुच्छेद २, धारा ६८ अनुच्छेद ६, धारा ८७ अनुच्छेद ६ र धारा ९३ का क्षेत्रभित्र पर्ने मुद्दा साथसाथै यस्तो खुलासा विवादको विषय रहेको ठाउँमा कारबाहीको अन्य कुनै चरणमा उठेका मुद्दाहरू पर्दछन्।

२. जानकारी वा प्रमाण दिन अनुरोध गरिएको व्यक्तिले त्यसो गर्न अस्वीकार गरेको वा खुलासा राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने आधार दर्शाइ राज्यलाई प्रेषित गरेको र सम्बन्धित राज्यले उसको विचारमा सो खुलासा राष्ट्रिय सुरक्षा हितप्रति पूर्वाग्रही हुने कुरामा समर्थन जनाएको अवस्थामा पनि यो धारा लागू हुनेछ।

३. यस धारामा लेखिएको कुनै कुराले धारा ५४ अनुच्छेद ३ (ङ) र (च) अन्तर्गत लागू हुने गोप्यताको आवश्यकता, वा धारा ७३ को कार्यान्वयनप्रति कुनै पूर्वाग्रह राख्नेछैन।

४. राज्यको सूचना वा लिखतहरू कारबाही प्रक्रियाको कुनै चरणमा खुलासा भइरहको वा हुन सक्ने राज्यलाई थाहा हुन आए र सो खुलासा आफ्नो राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने ठानेमा सो राज्यलाई सो विषयबारे यस धाराअनुसारको समाधान प्राप्त गर्नका लागि हस्तक्षेप गर्ने अधिकार हुनेछ।

५. राज्यको विचारमा सूचनाको खुलासा उसको राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही हुने भएमा राज्यले मामिलाको सहयोगात्मक माध्यमबाट समाधान खोज्न अवस्थाअनुसार अभियोक्ता, प्रतिरक्षा वा पूर्वपुर्पक्ष कार्यकक्ष वा पुर्पक्ष कार्यकक्षसँगको सहकार्यद्वारा सबै मनासिब कदम चाल्नेछ। यस्ता कदममा निम्नलिखित कुरा समावेश हुन सक्नेछन्:

(क) अनुरोधको फेरबदल वा स्पष्टीकरण;

(ख) खोजिएको सूचना वा प्रमाणको सान्दर्भिकताका बारेमा अदालतद्वारा निरूपण वा  सान्दर्भिक भए पनि प्रमाण अनुरोध गरिएको राज्यभन्दा भिन्न स्रोतबाट प्राप्त भएको वा प्राप्त हुन सक्ने कुराको निरूपण;

(ग) सूचना वा प्रमाण भिन्दै स्रोतबाट वा भिन्दैरूपमा प्राप्त गर्ने; वा

(घ) अन्य कुरामध्ये, सारांश वा संक्षेप उपलब्ध गराउने, खुलासामाथि सीमा, बन्द इजलासमा वा एकतर्फी कारबाहीको प्रयोग वा कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअन्तर्गत

स्वीकृत अन्य संरक्षात्मक उपायलगायत्को सहायता उपलब्ध गराउन सकिने अवस्थाहरूबारे सम्झौता।

६. सहयोगात्मक माध्यमबाट विवादलाई सुल्झाउन सबै मनासिब पाइलाहरू चालिसकेपछि, र राज्यले सूचना वा लिखतहरू राष्ट्रिय सुरक्षाको हितप्रति पूर्वाग्रही नहुने गरी उपलब्ध गराउन वा खुलासा गर्न सकिने कुनै माध्यम वा अवस्था छैन भन्ने विचार गरेमा कारणहरूको खास वर्णन आफैमा राज्यको राष्ट्रिय सुरक्षाको हितमा पूर्वाग्रही हुने नभएमा आफ्ना निर्णयका खास कारणहरूबारे राज्यले अभियोक्ता वा अदालतलाई सूचित गर्नेछ।

७. त्यसपछि, अदालतले अभियुक्तको दोष वा निर्दोषिताको स्थापनाका लागि प्रमाण सम्बद्ध र आवश्यक छ भन्ने निरूपण गरेमा, अदालतले तपसिलका कारबाही गर्न सक्नेछ:

(क) सूचना वा लिखतको खुलासा खण्ड ९ अन्तर्गतको सहयोगको अनुरोधअनुसार वा अनुच्छेद २ मा वर्णित परिस्थितिअनुसार खोजिएको र राज्यले धारा ९३, अनुच्छेद ४ मा उल्लिखित इन्कारीको आधार दाबी गरेको अवस्थामा:

(१) अदालतले उपअनुच्छेद ७ (क) (२) मा उल्लेख भएअनुसार कुनै निष्कर्ष निकाल्नुअघि उपयुक्त भएसम्म बन्द इजलासमा र एकतर्फी सुनुवाइ गर्नेजस्ता कुरा समेट्न सक्ने गरी राज्यको प्रतिनिधित्वलाई विचार गर्ने प्रयोजनका लागि अरू परामर्शका लागि अनुरोध गर्न सक्नेछ;

(२) अदालतले धारा ९३, अनुच्छेद ४ अन्तर्गतको इन्कारीको आधार दाबी गरेर सो मुद्दाको परिस्थितिमा अनुरोध गरिएको राज्यले यस विधानअन्तर्गतका आफ्नो दायित्वअनुसार काम गरिहेको छैन भन्ने निर्ष्कष निकालेमा, अदालतले आफ्ना निष्कर्षको कारण खुलाई सो विषयलाई धारा ८७, अनुच्छेद ७ अनुसार प्रेषित गर्न सक्नेछ; र

(३) अदालतले अभियुक्तको पुर्पक्षमा, सो परिस्थितिमा उपयुक्त हुन सक्नेसम्म, तथ्यको विद्यमानता वा अभावबारे अनुमान गर्न सक्नेछ; वा



(ख) अन्य सबै परिस्थितिमा:

(१) खुलासाको आदेश गर्नेछ; वा

(२) खुलासाको आदेश नगरेको हदसम्म अभियुक्तको पुर्पक्षमा, सो परिस्थितिमा उपयुक्त हुन सक्नेसम्म, तथ्यको विद्यमानता वा अभावबारे अनुमान गर्नेछ।

**धारा ७३: तेस्रोपक्षीय सूचना वा लिखत**

कुनै राज्यलाई अदालतद्वारा उसको आरक्षकत्व, कब्जा वा नियन्त्रणमा रहेको गोप्यरूपमा राज्य, अन्तरसरकारी सङ्गठन वा अन्तर्राष्ट्रिय सङ्गठनबाट खुलासा भएको कुनै लिखत वा सूचना उपलब्ध गराइदिन अनुरोध गरिएमा यसले सो लिखत वा सूचनाको खुलासा गर्न उत्पत्तिकर्ताको सम्मति लिनेछ। उत्पत्तिकर्ता राज्यपक्ष भएमा धारा ७२ को व्यवस्थाका अधीनमा रही उसले सूचना वा लिखतको खुलासा गर्न सम्मति दिनेछ वा अदालतसँग खुलासाको विषयमा समाधानका लागि जिम्मा लिनेछ। उत्पत्तिकर्ता राज्यपक्ष नभएमा र खुलासा गर्न सम्मति दिन अस्वीकार गरेमा, अनुरोध गरिएको राज्यले अदालतलाई उत्पत्तिकर्तासँगको गोप्यतासम्बन्धी पूर्वस्थापित दायित्वका कारणले लिखत वा सूचना उपलब्ध गराउन आफू असमर्थ भएको जनाउ दिनेछ।

**धारा ७४: निर्णयका लागि आवश्यक कुरा**

१. पुर्पक्ष कार्यकक्षका सबै न्यायाधीशहरू पुर्पक्षको हरेक चरणमा र तिनको कारबाहीका दौरान उपस्थित रहनेछन्। अध्यक्षताले उपलब्ध भएसम्म हरेक मुद्दा-मुद्दाका आधारमा पुर्पक्षका हरेक चरणमा उपस्थित रहन र पुर्पक्ष कार्यकक्षका कुनै सदस्य अविच्छिन्न उपस्थित रहन असमर्थ भएमा अर्को सदस्य प्रतिस्थापित गर्न एक वा बढी वैकल्पिक न्यायाधीशहरू तोक्नेछ।

२. पुर्पक्ष कार्यकक्षको निर्णय प्रमाण र सिङ्गै कारबाही प्रक्रियाको मूल्याङ्कनमा आधारित हुनेछ। निर्णय अभियोगहरू र तिनका कुनै संशोधनहरूमा वर्णन गरिएका तथ्य र परिस्थितिभन्दा बाहिरबाट हुनेछैन। अदालतले आफ्नो निर्णय पुर्पक्ष हुँदा आफूसामु पेश भएका र छलफल भएका प्रमाणमा मात्र आधारित बनाउन सक्नेछ।

३. न्यायाधीशहरूले आफ्नो निर्णयमा सर्वसम्मति जुटाउने प्रयास गर्नेछन् तर त्यसो हुन नसकेमा न्यायाधीशहरूको बहुमतबाट निर्णय गरिनेछ।
४. पुर्पक्ष कार्यकक्षको छलफल गोप्य हुनेछ।
५. निर्णय लिखित हुनेछ र निर्णयमा सबुत प्रमाणबारे पुर्पक्ष कार्यकक्षको ठहर र निष्कर्षको पूर्ण र तर्कसंगत विवरण रहनेछ। पुर्पक्ष कार्यकक्षले एउटा निर्णय जारी गर्नेछ। मतैक्य नभएका अवस्थामा पुर्पक्ष कार्यकक्षको निर्णयमा बहुमत र अल्पमतका दृष्टिकोणहरू राखिनेछन्। निर्णय वा त्यसको सारांश खुला अदालतमा सुनाइनेछ।

**धारा ७५: पीडितलाई क्षतिपूर्ति**

१. अदालतले प्रतिपूरण, हर्जाना र पुन:स्थापनालगायत् पीडितलाई वा पीडितको हकमा क्षतिपूर्तिसम्बन्धी सिद्धान्तहरू स्थापित गर्नेछ। यस आधारमा, कसैको अनुरोधमा वा अपवादजनक परिस्थितिमा आफ्नै प्रस्तावमा, अदालतले आफ्नो निर्णयमा पीडितहरू वा तिनका हकमा भएको कुनै पनि नोक्सानी, क्षति वा चोटपटकको क्षेत्र र हद निर्धारण गर्नेछ र आफू आधारित भएर काम गरिरहेको सिद्धान्त उल्लेख गर्नेछ।
२. अदालतले पीडितलाई वा पीडितका हकमा प्रतिपूरण, हर्जाना वा पुन:स्थापनालगायत् उपयुक्त क्षतिपूर्ति तोकेरै दोषीका नाममा सोझै आदेश गर्न सक्नेछ।
३. उपयुक्त भएको ठाउँमा, अदालतले धारा ७९ मा व्यवस्था गरिएको गुठी कोषमार्फत क्षतिपूर्ति उपलब्ध गराउन आदेश दिन सक्नेछ।
४. यस धाराअनुसार आदेश गर्नुअघि, अदालतले दोषसाबित व्यक्ति, पीडितहरू, अन्य इच्छुक व्यक्तिहरू वा इच्छुक राज्यहरूलाई आमन्त्रित गर्न सक्नेछ र तिनको वा तिनका तर्फबाट प्रतिनिधित्वको ख्याल गर्नेछ।
५. यस धाराअनुसारको अधिकारको प्रयोग गर्दा, अदालतको अधिकारक्षेत्रको मुद्दामा कुनै व्यक्ति दोषसाबित भैसकेपछि अदालतले आफूले यस धाराअनुसार गर्न सक्ने आदेशलाई प्रभावकारी बनाउन धारा ९३, अनुच्छेद १ अनुसारका उपायहरू खोज्न आवश्यक छ कि छैन भन्ने कुरा पनि निर्धारण गर्न सक्नेछ।



६. धारा १०९ का प्रावधानहरू यस धाराका लागि लागू भएसरह राज्यपक्षले यस धाराअन्तर्गतका निर्णयहरूलाई कार्यान्वयन गर्नेछ।
७. यस धारामा लेखिएको कुनै कुरालाई पीडितका राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अधिकारहरूसँग पूर्वाग्रही हुने गरी व्याख्या गरिनेछैन।

**धारा ७६: सजाय तोक्ने**

१. कसूरदार ठहर दोषसाबित भएमा, पुर्पक्ष कार्यकक्षले दिनुपर्ने उपयुक्त सजाय विचार गर्नेछ र पुर्पक्षका सिलसिलामा सजायसँग सम्बद्ध प्रस्तुत गरिएका प्रमाण र बहस जिकिरलाई ध्यानमा लिनेछ।
२. धारा ६५ लागू हुनेमाबाहेक र पुर्पक्ष समाप्त हुनुअघि, पुर्पक्ष कार्यकक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार सजायसम्बद्ध कुनै अतिरिक्त प्रमाण वा बहस सुन्नका लागि थप सुनुवाइ आफ्नै प्रस्तावमा गर्न सक्नेछ वा अभियोक्ता वा अभियुक्तको अनुरोधमा गर्नेछ।
३. अनुच्छेद २ लागू हुने अवस्थामा अनुच्छेद २ मा उल्लिखित थप सुनुवाइका सिलसिलामा र आवश्यक भए कुनै पनि अतिरिक्त सुनुवाइका क्रममा पनि धारा ७५ अन्तर्गतका प्रतिनिधित्वको सुनुवाइ गरिनेछ।
४. सजाय खुला ठाउँमा र, सम्भव भएसम्म, अभियुक्तको उपस्थितिमा घोषणा गरिनेछ।

# खण्ड ७
# सजाय

**धारा ७७: हुनसक्ने सजायहरू**

१. धारा ११० का अधीन रही, अदालतले यस विधानको धारा ५ मा उल्लिखित अपराधमा कसूरदार ठहर भएको व्यक्तिलाई देहायमध्ये कुनै एक सजाय गर्न सक्नेछ:
   (क) अधिकतम ३० वर्षमा नबढ्ने गरी निश्चित वर्षको कारावास; वा

(ख) अपराधको सङ्गीन गम्भीरता र कसूरदार ठहर भएको व्यक्तिको व्यक्तिगत परिस्थितिबाट पुष्टि भएका अवस्थामा जन्मकैद वा आजीवन कारावास।

२. कैदसजायका अतिरिक्त अदालतले निम्नलिखित सजाय गर्ने आदेश दिन सक्नेछ:

(क) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिमको मानकअनुसारको जरिवाना;

(ख) असल नियतका तेस्रो पक्षको अधिकारप्रतिको बिनापूर्वाग्रह, अपराधबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्राप्त गरिएको आम्दानी, धनमाल र सम्पत्तिको सर्वस्व;

**धारा ७८: सजाय निर्धारण**

१. सजाय निर्धारण गर्दा अदालतले कार्यविधि तथा प्रमाण नियमावलीअनुसार अपराधको गम्भीरता र दोषी साबित भएको व्यक्तिको व्यक्तिगत परिस्थितिजस्ता तत्वहरूलाई ध्यानमा राख्नेछ।

२. कैदको सजाय तोक्दा अदालतले अदालतको आदेशअनुसार पहिले थुनछेकमा राखिएको भए सो समय घटाउनेछ। अदालतले सम्बद्ध अपराधका क्रियाकलापसँग सम्बन्धित भएर थुनामा बिताएको अवधिलाई पनि घटाउन सक्नेछ।

३. कुनै व्यक्ति एकभन्दा बढी अपराधमा दोषी साबित भएमा, अदालतले हरेक अपराधका लागि सजाय र कैदसजायको जम्मा अवधि किटान गरी संयुक्त सजाय घोषित गर्नेछ। यस्तो अवधि एकल सजायको उच्चतम हदभन्दा कम र ३० वर्षको कैदसजाय वा धारा ७७, अनुच्छेद (१) (ख) अनुरूप जन्मकैदको सजायभन्दा बढी हुने छैन।

**धारा ७९: न्यासकोष**

१. अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूका पीडित तथा यस्ता पीडितका परिवारको लाभका लागि राज्यपक्षहरूको सभाको निर्णयद्वारा एक न्यासकोष स्थापना गरिनेछ।

२. अदालतले अदालतको आदेशद्वारा जरिवाना वा जफतीमार्फत सङ्कलित नगद वा अन्य सम्पत्ति न्यासकोषमा स्थानान्तरण आदेश गर्न सक्नेछ।



३. न्यासकोषलाई राज्यपक्षहरूको सभाले तय गरेको मानकअनुसार व्यवस्थापन गरिनेछ।

**धारा ८०: सजाय र राष्ट्रिय कानुनको राष्ट्रिय तहको कार्यान्वयनमा अपूर्वाग्रह**

यस खण्डको कुनै कुराले राज्यहरूद्वारा हुने तिनका राष्ट्रिय कानुनले तोकेको सजायहरूको क्रियान्वयनलाई र यस खण्डले तोकेको सजायहरूको व्यवस्था नभएको राज्यहरूको कानुनलाई असर पार्नेछैन।

## खण्ड ८
# पुनरावेदन र पुनरावलोकन

**धारा ८१: सफाइ वा दोषी साबित गर्ने निर्णयविरुद्ध वा सजायविरुद्ध पुनरावेदन**

१. धारा ७४ अन्तर्गतको निर्णयउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार निम्नानुसार पुनरावेदन लाग्न सक्नेछ:

(क) देहायका कुनै पनि आधारमा अभियोक्ताले पुनरावेदन गर्न सक्नेछ:

(१) कार्यविधिगत त्रुटि,

(२) तथ्यको त्रुटि वा

(३) कानुनको त्रुटि।

(ख) दोषी साबित गरिएको व्यक्ति वा सो व्यक्तिकोतर्फबाट अभियोक्ताले देहायका कुनै पनि आधारमा पुनरावेदन गर्न सक्नेछ:

(१) कार्यविधिगत त्रुटि,

(२) तथ्यको त्रुटि,

(३) कानुनको त्रुटि वा

(४) कारबाही वा निर्णयको स्वच्छता वा विश्वसनीयतालाई असर गर्ने अन्य कुनै पनि आधार।

२. (क) सजायउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार अभियोक्ता वा दोषी साबित गरिएको व्यक्तिले अपराध र

सजायका बीचको विषमानुपातका आधारमा पुनरावेदन गर्न सक्नेछ;

(ख) सजायउपरको पुनरावेदनमा अदालतले दोष स्थापित गरिएको कुरालाई पूरै वा केही उल्टी गर्ने आधार छ भन्ने विचार गरेमा अभियोक्ता र दोषी साबित गरिएको व्यक्तिलाई धारा ८१, अनुच्छेद १ (क) वा (ख) बमोजिम आधार प्रस्तुत गर्न बोलाउन सक्नेछ र धारा ८३ अनुसार दोष ठहरउपर निर्णय दिन सक्नेछ;

(ग) केवल दोष ठहर विरुद्धको पुनरावेदनमा अदालतले अनुच्छेद २ (क) अनुसार सजाय घट्ने आधार छ भन्ने विचार गरेमा समान कार्यविधि लागू हुन्छ।

३. (क) पुर्पक्ष कार्यकक्षले अन्यथा आदेश गरेमाबाहेक, पुनरावेदन विचाराधीन रहुन्जेल दोषी साबित गरिएको व्यक्ति हिरासतमा रहनेछ;

(ख) दोषी साबित गरिएको व्यक्तिको हिरासतको अवधि निजलाई गरिएको कैदसजायको अवधिभन्दा बढी भएमा सो व्यक्तिलाई रिहा गरिनेछ। तर अभियोक्ताले पनि पुनरावेदन गरेको अवस्थामा रिहाइ तल उपअनुच्छेद

(ग) अन्तर्गतका शर्तका अधीनमा हुन सक्नेछ;

(घ) सफाइ भएको अवस्थामा तलका कुराहरूको अधीनमा रही अभियुक्त तत्कालै रिहा हुनेछः

(१) अपवादजनक परिस्थितिहरूमा र अन्य कुराहरूका अतिरिक्त भागि जाने ठोस खतरा, अभियोग लगाइएको कसूरको गम्भीरता र पुनरावेदनको सफलताको सम्भावनालाई ध्यानमा राखी, अभियोक्ताको अनुरोधमा पुर्पक्ष कार्यकक्षले पुनरावेदन विचाराधीन रहुन्जेल सो व्यक्तिको थुना कायम राख्न सक्नेछ;

(२) पुर्पक्ष कार्यकक्षको उपअनुच्छेद (ग) (१) अनुसारको निर्णयउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पुनरावेदन गर्न सकिनेछ।

४. अनुच्छेद ३ (क) र (ख) का प्रावधानका अधीन रही पुनरावेदन गर्नका लागि दिएको अवधि र पुनरावेदनको कारबाहीको



अवधिभरका लागि निर्णय वा सजायको कार्यान्वयन निलम्बनमा रहनेछ।

**धारा ८२ः अन्य निर्णयविरुद्ध पुनरावेदन**

१. देहायका कुनै पनि निर्णयउपर कुनै पनि पक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार पुनरावेदन गर्न सक्नेछः

(क) अधिकारक्षेत्र वा ग्राह्यताबारेको निर्णय;

(ख) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिलाई रिहाइ गर्ने वा नगर्ने निर्णय;

(ग) धारा ५६, अनुच्छेद ३ अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षले आफ्नै सक्रियतामा कार्य गर्ने निर्णय;

(घ) कारबाहीको स्वच्छता र शीघ्रतापूर्वकको सम्पादन वा पुर्पक्षको परिणामलाई ठूलै असर पार्न सक्ने विषय, र पूर्वपुर्पक्ष वा पुर्पक्ष कार्यकक्षको विचारमा पुनरावेदन कार्यकक्षद्वारा हुने तत्कालीन समाधानले कारबाहीलाई ठोस गति प्रदान गर्न सक्छ भन्ने कुरा समावेश रहेको निर्णय।

२. पूर्वपुर्पक्ष कार्यकक्षको धारा ५७, अनुच्छेद ३ (घ) अन्तर्गतको निर्णयउपर सम्बन्धित राज्य वा अभियोक्ताले पूर्व पुर्पक्ष कार्यकक्षको अनुमति लिएर पुनरावेदन गर्न सक्नेछ। पुनरावदेनलाई शीघ्रतासाथ सुनुवाइ गरिनेछ।

३. कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार अनुरोध भई पुनरावेदन कार्यकक्षले त्यस्तो आदेश नदिएसम्म पुनरावेदन स्वयंको निलम्बनीय प्रभाव हुनेछैन।

४. पीडितहरूको कानुन प्रतिनिधि, दोषी साबित भएको व्यक्ति वा धारा ७५ अन्तर्गतको आदेशले प्रतिकूल असर परेको सम्पत्तिको वास्तविक मालिकले क्षतिपूर्तिको आदेशउपर कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम पुनरावेदन गर्न सक्नेछ।

**धारा ८३ः पुनरावेदनको कारबाही प्रक्रिया**

१. धारा ८१ अन्तर्गतको कारबाही र यो धाराको प्रयोजनका लागि पुनरावेदन कार्यकक्षलाई पुर्पक्ष कार्यकक्षका सबै अधिकारहरू हुनेछन्।

२. पुनरावेदन कार्यकक्षले पुनरावेदन परेको कारबाही प्रक्रिया निर्णय वा सजायको विश्वसनीयतामा असर पर्ने गरी अनुचित रहेको, वा पुनरावेदन गरिएका निर्णय वा सजाय तथ्यको वा कानुनको त्रुटि वस्तुत: वा कार्यविधिगत त्रुटिले प्रभावित रहको पाएमा, यसले निम्नलिखित काम कारबाही गर्न सक्नेछ:
   (क) निर्णय वा सजाय उल्टी वा संशोधन गर्न; वा
   (ख) भिन्न पुर्पक्ष कार्यकक्षसमक्ष नयाँ पुर्पक्षका लागि आदेश गर्न।

यी उद्देश्यहरूका लागि पुनरावेदन कार्यकक्षले उत्पत्तिकर्ता पुर्पक्ष कार्यकक्षलाई मुद्दाको तथ्यगत विवादको विषय निर्धारण गर्न र त्यसैअनुसार प्रतिवेदन गर्न सुम्पन सक्नेछ वा विषय निर्धारणका लागि आफैले प्रमाण आह्वान गर्न सक्नेछ। निर्णय वा सजायउपर केवल दोषी साबित गरिएको व्यक्तिद्वारा वा सो व्यक्तिका तर्फबाट अभियोक्ताबाट पुनरावेदन परेकोमा निजलाई हानी पुग्ने गरी संशोधन गरिनेछैन।

३. सजायउपर परेको पुनरावेदनमा पुनरावेदन कार्यकक्षले सजाय अपराधसँग समानुपातिक नभएको पाएमा यसले खण्ड ७ बमोजिम सजाय फेर्न सक्नेछ।
४. पुनरावेदन कार्यकक्षको ठहर बहुमत न्यायाधीशहरूबाट हुनेछ र खुला अदालतमा सुनाइनेछ। ठहरमा आधार लिइएका कारणहरू उल्लेख हुनेछन्। मतैक्य नभएमा पुनरावेदन कार्यकक्षको ठहरमा बहुमत र अल्पमत न्यायाधीशहरूका दृष्टिकोणहरू समेटिनेछन्, तर कानुनको प्रश्नमा न्यायाधीशले छुट्टै वा विमति राय सुनाउन सक्नेछ।
५. पुनरावेदन कार्यकक्षले आफ्नो ठहर सफाइ पाएको वा दोष साबित गरिएको व्यक्तिको अनुपस्थितिमा सुनाउन सक्नेछ।

### धारा ८४: दोष साबिती वा सजायको पुनरावलोकन

१. दोषी साबित भएको व्यक्ति वा मृत्युपछि दम्पति, बालबालिका, आमाबाबु वा अभियुक्तले जीवितै हुँदा यस्तो दाबी गर्न प्रष्ट लिखित निर्देशन दिएको अभियुक्तको मृत्यु हुँदाका समयमा जीवित रहेको कुनै एक व्यक्ति वा सो व्यक्तिको तर्फबाट अभियोक्ताले पुनरावेदन



कार्यकक्षसमक्ष दोष साबिती वा सजायको अन्तिम ठहर पुनरावलोकन गर्न देहायका आधारमा निवेदन गर्न सक्नेछन्:
   (क) नयाँ प्रमाण पत्तो लागेको छ, जुन:
      (१) पुर्पक्षका समयमा उपलब्ध थिएन, र सो अनुपलब्धतापूर्ण वा आंशिकरूपमा निवेदन गर्ने पक्षका कारणले भएको थिएन; र
      (२) पुर्पक्षमा प्रमाणित हुन सकेको भए यसले अर्कै फैसलाको परिणाम ल्याउन सक्ने खालको पर्याप्त महत्वपूर्ण छ।
   (ख) पुर्पक्षका क्रममा विचार गरिएको निर्णायक प्रमाण जसमा दोष साबिती निर्भर छ, सो नै झूटो, कीर्ते वा असत्य छ भन्ने कुरा भरखरै पत्तो लागेको छ।
   (ग) सो मुद्दामा दोष साबित गर्न वा अभियोग निश्चय गर्नमा भाग लिएका एक वा बढी न्यायाधीशहरूले धारा ४६ अन्तर्गत तिनलाई हटाउने कुरा सिद्ध गर्न पर्याप्त गम्भीरताको खराब आचरण वा कर्तव्यको गम्भीर उल्लङ्घन गरेका छन्।
२. पुनरावेदन कार्यकक्षले निवेदन आधारहीन हो भन्ने ठहराएमा यसलाई अस्वीकार गर्न सक्नेछ। यसले निवेदनलाई योग्य आधारपूर्ण ठहऱ्याएमा उपयुक्त भएसम्म यसले:
   (क) उत्पत्तिकर्ता पुर्पक्ष कार्यकक्षलाई पुन: बोलाउने;
   (ख) नयाँ पुर्पक्ष कार्यकक्षको गठन गर्ने; वा
   (ग) सो विषयमा अधिकारक्षेत्र ग्रहण गर्ने काम कारबाही कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएको तरिकाले पक्षहरूको सुनुवाइ गरिसकेपछि ठहरको परिमार्जन गर्नुपर्ने नपर्ने कुराको निर्धारणको प्रयोजनका लागि गर्न सक्नेछ।

### धारा ८५: पक्राउ वा दोषी साबित व्यक्तिलाई क्षतिपूर्ति

१. गैरकानुनी पक्राउ र थुनछेकको सिकार भएको व्यक्तिलाई क्षतिपूर्तिको क्रियान्वयनकारी अधिकार हुनेछ।
२. कुनै पनि व्यक्ति फौजदारी कसूरमा अन्तिम निर्णयबाट दोष साबित भएको, र त्यसउप्रान्त नयाँ वा नवीनोद्घाटित तथ्यहरूले निर्णायकरूपमा अन्याय भएको देखाएको आधारमा दोष साबिती उल्टी गरिएमा, समयमै अज्ञात तथ्यको खुलासा नहुनमा पूरै वा

आंशिक रूपले निजकै हात रहेको प्रमाणित भएमाबाहेक, यस्तो दोष साबितीको नतिजास्वरूप सजाय भोगेको व्यक्तिलाई कानुनअनुसार क्षतिपूर्ति गरिनेछ।

३. गम्भीर र स्पष्ट अन्याय भएको कुरा अदालतले निर्णायक तथ्यहरूले दर्शाएको पाएको अपवादजनक अवस्थामा, अदालतले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले तोकोको मानकभित्र रही, अन्तिम निर्णयबाट सफाइ पाएर वा सोही कारणले कारबाही प्रक्रिया समाप्त भएर थुनाबाट रिहा भएको व्यक्तिलाई, आफ्नै तजबिजमा क्षतिपूर्ति दिन सक्नेछ।

## खण्ड ९
# अन्तर्राष्ट्रिय सहयोग र न्यायिक सहायता

**धारा ८६: सहयोग गर्ने सामान्य दायित्व**

यस विधानका प्रावधानअनुसार, राज्यपक्षहरूले अदालतलाई अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान र अभियोजनमा पूर्णरूपमा सहयोग गर्नेछन्।

**धारा ८७: सहयोगका लागि अनुरोध: सामान्य प्रावधान**

१. (क) सरसहयोगका लागि राज्यपक्षहरूसँग अनुरोध गर्ने अदालतलाई अख्तियारी हुनेछ। अनुरोध कूटनीतिक माध्यम वा राज्यहरूले अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन गर्दा चयन गरेका अन्य उपयुक्त माध्यममार्फत सञ्चारित हुनेछ। पछि हुने माध्यम चयनको परिवर्तन हरेक राज्यपक्षले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार गर्नेछ।

(ख) उपयुक्त भएका अवस्थामा, उपअनुच्छेद (क) का प्रावधानप्रति पूर्वाग्रही नहुने गरी अन्तर्राष्ट्रिय फौजदारी प्रहरी सङ्गठन वा अन्य उपयुक्त क्षेत्रीय सङ्गठनमार्फत पनि अनुरोध सञ्चारित हुन सक्नेछ।

२. सहयोगका लागि अनुरोध र अनुरोधलाई पुष्टि गर्ने लिखतहरू सो राज्यले अनुमोदन, स्वीकृति, सर्मथन र सम्मिलनका समयमा चयन



गरेअनुसार कि त अनुरोध गरिएको राज्यको सरकारी कामकाजको कुनै भाषामा हुनेछ वा सो भाषामा गरिएको अनुवादसहित हुनेछ वा अदालतको कुनै एक कामकाजी भाषामा हुनेछ।

३. यस चयनमा पछि हुने परिवर्तन कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीअनुसार हुनेछन्।

४. अनुरोध गरिएको राज्यले सहयोगको अनुरोध र अनुरोधलाई पुष्टि गर्ने कुनै पनि लिखतलाई, अनुरोधको कार्यान्वयनका लागि आवश्यक पर्ने खुलासाको हदमाबाहेक, गोप्य राख्नेछ।

५. यस खण्डअन्तर्गत प्रस्तुत सहयोगको कुनै पनि अनुरोधका सम्बन्धमा, कुनै पीडित, सम्भाव्य साक्षी र तिनका परिवारहरूको सुरक्षा वा भौतिक वा मनोवैज्ञानिक भलाइ सुनिश्चित पार्न आवश्यक हुन सक्ने सूचनाको संरक्षणसम्बन्धी उपायलगायत्का उपाय अदालतले अपनाउन सक्नेछ। यस खण्डअन्तर्गत उपलब्ध गराइएको कुनै पनि सूचना कुनै पीडित, सम्भाव्य साक्षी र तिनका परिवारहरूको रक्षा वा भौतिक वा मनोवैज्ञानिक भलाइको संरक्षण गर्ने तरिकाले उपलब्ध गराइने र प्रयोग हुने कुराको अदालतले अनुरोध गर्न सक्नेछ।

६. (क) अदालतले यो विधानको पक्ष नरहेको कुनै राज्यलाई तदर्थ बन्दोबस्त, त्यस्तो राज्यसँगको सम्झौता वा अरू कुनै उपयुक्त आधारमा यस खण्डअन्तर्गत सहयोग उपलब्ध गराउन निम्त्याउन सक्नेछ।

(ख) अदालतसँग तदर्थ बन्दोबस्त वा सम्झौतामा प्रवेश गरेको यस विधानको पक्ष नभएको राज्यले यस्तो बन्दोबस्त वा सम्झौताअनुसार सरसहयोग गर्न असफल रहेमा अदालतले राज्यपक्षहरूको सभालाई वा सुरक्षापरिषद्ले सिफारिस गरेको मामिलामा सुरक्षापरिषद्लाई सोबारेमा जानकारी दिन सक्नेछ।

७. अदालतले सूचना र लिखतहरू उपलब्ध गराउन कुनै पनि अन्तरसरकारी सङ्गठनलाई आग्रह गर्न सक्नेछ। अदालतले यस्ता सङ्गठनहरूसँग हुन सक्ने सहमति र यसका सक्षमता र कार्यादेशअनुसारका अन्य स्वरूपका सहयोग र सहायताका लागि पनि अनुरोध गर्न सक्नेछ।

८. यस विधानका प्रावधानको विपरीत राज्यपक्षले सहयोगसम्बन्धी अदालतको अनुरोध पालन नगरी अदालतलाई यस विधानअन्तर्गतका अधिकार र कामकारबाहीको प्रचलन गर्नबाट रोकेमा अदालतले सो कुराको निष्कर्ष तयार पार्न र सो कुरा राज्यपक्षहरूको सभासमक्ष वा सुरक्षापरिषद्बाट सिफारिस भएको मामिलामा सुरक्षापरिषद्मा प्रेषित गर्न सक्नेछ।

**धारा ८८: राष्ट्रिय कानुनअन्तर्गत कार्यविधिको उपलब्धता**

यस खण्डमा निर्दिष्ट सबै स्वरूपका सहयोगका लागि तिनीहरूको राष्ट्रिय कानुनअन्तर्गत कार्यविधिहरू उपलब्ध रहने कुरा राज्यपक्षहरूले सुनिश्चित पार्नेछन्।

**धारा ८९: अदालतसमक्ष समर्पण**

१) अदालतले कुनै व्यक्तिको पक्राउ र समर्पणका लागि धारा ९१ मा उल्लिखित अनुरोधलाई पुष्टि गर्ने सामग्रीसहितको अनुरोध त्यस्तो व्यक्ति फेला पर्न सक्ने प्रादेशिक क्षेत्रवाला कुनै पनि राज्यलाई पठाउन सक्नेछ र यस्तो व्यक्तिको पक्राउ र समर्पणमा सो राज्यको सहयोगका लागि अनुरोध गर्नेछ। राज्यपक्षहरूले यस खण्डका प्रावधान र आफ्नो राष्ट्रिय कानुनको कार्यविधिअनुसार यस्तो पक्राउ र समर्पणको अनुरोधलाई पालन गर्नेछन्।

२) समर्पण मागिएको व्यक्तिले धारा २० मा व्यवस्था गरिएअनुसारको अनावृत्ति (ne bis in idem) को सिद्धान्तका आधारमा राष्ट्रिय अदालतमा चुनौती दिएमा, ग्राह्यतासम्बन्धी कुनै सान्दर्भिक निर्णयादेश भए नभएको यकिन गर्न अनुरोध गरिएको राज्यले तत्काल अदालतसँग सम्पर्क गर्नेछ। मुद्दा ग्राह्य रहेमा अनुरोध गरिएको राज्यले अनुरोधको कार्यान्वयनको प्रक्रिया अगि बढाउनेछ। ग्राह्यतासम्बन्धी निर्णयादेश विचाराधीन रहेका अवस्थामा, अदालतले ग्राह्यताबारे टुङ्गो नलाएसम्म व्यक्तिको समर्पणको अनुरोधको कार्यान्वयनलाई अनुरोध गरिएको राज्यले स्थगित राख्न सक्नेछ।

३. (क) राज्यपक्षले, सो राज्यमार्फतको पारवहनले समर्पणलाई बाधा पुऱ्याउने वा विलम्ब गर्नेमाबाहेक, अदालतसमक्ष अर्को राज्यद्वारा समर्पण भइरहेको व्यक्तिको परिवहनलाई आफ्नो



प्रादेशिक क्षेत्रभर आफ्नो राष्ट्रिय कानुनअनुसार अख्तियारी दिनेछ।

(ख) पारवहनका लागि अदालतको अनुरोध धारा ८७ अनुसार सञ्चरित हुनेछ। उक्त अनुरोधमा निम्नलिखित विषय समेटिनेछ:

(१) परिवहन भइरहेको व्यक्तिको विवरण;

(२) तथ्यहरूको छोटो बयान र तिनको कानुनी चारित्रीकरण; र

(३) पक्राउ र समर्पणको वारेन्ट।

(ग) परिवहन हुँदै गरेको व्यक्ति पारवहनको अवधिमा हिरासतको थुनामा रहनेछ।

(घ) व्यक्तिको परिवहन हवाईमार्गबाट भएमा र पारवहनवाला राष्ट्रको प्रादेशिक क्षेत्रमा अवतरण तालिका नरहेमा अख्तियारीको आवश्यकता हुनेछैन।

(ङ) समयतालिकाबिनाको अवतरण पारवहन राज्यको प्रादेशिक क्षेत्रमा हुन गएमा, सो राज्यले अदालतबाट उपअनुच्छेद (ख) मा व्यवस्था भएबमोजिम पारवहनको अनुरोध खोज्न सक्नेछ। पारवहन राज्यले परिवहन भइरहको व्यक्तिलाई, पारवहनको अनुरोध र पारवहन प्रभावकारी नभएसम्मका लागि जानबाट रोकी राख्नेछ। यस शर्तमा कि यस उपअनुच्छेदको प्रयोजनको लागि प्रस्थानउपर लगाइएको प्रतिबन्ध समय तालिकाबिनाको अवतरण भएको समयदेखि ९६ घण्टाभित्र अनुरोध प्राप्त भएमाबाहेक, सो समयभन्दा बढी बढाउन सकिने छैन।

४. खोजिएको व्यक्तिउपर अदालतलाई समर्पण गर्नुपर्नेभन्दा भिन्दै अपराधमा अनुरोध गरिएको राज्यमा कारबाही चलिरहेको वा निजले सजाय भोगिरहेको भए, अनुरोध गरिएको राज्यले अनुरोध सकार्ने निर्णय लिई अदालतसँग सरसल्लाह गर्नेछ।

**धारा ९०: प्रतिस्पर्धी अनुरोधहरू**

१. धारा ८९ अनुसार व्यक्तिको समर्पणका लागि अदालतबाट अनुरोध प्राप्त गरेको राज्यपक्षले अर्को राज्यबाट पनि अदालतले समर्पण खोजेकै अपराधको आधार खडा गर्ने समान क्रियाकलापमा सोही

व्यक्तिको सपुर्दगीका लागि अनुरोध पनि प्राप्त गरेको भए सो तथ्यबारे अदालत र अनुरोधकर्ता राज्यलाई जनाउ दिनेछ।

२. अनुरोधकर्ता राज्य राज्यपक्ष भएको अवस्थामा अनुरोध गरिएको राज्यले अदालतको अनुरोधलाई प्राथमिकता दिनुपर्ने छ, यदि:

(क) जुन मुद्दाको सिलसिलामा समर्पण खोजिएको छ सो मुद्दा ग्राह्य छ भनी अदालतले धारा १८ वा १९ अनुसार निर्णय गरेमा र अनुसन्धानकर्ता राज्यले यसको सपुर्दगीको सन्दर्भमा गरेका अनुसन्धान र अभियोजनलाई सो निर्णयमा ध्यानमा राखिएको भएमा; वा

(ख) अनुच्छेद १ अनुसार अनुरोध गरिएको राज्यको जनाउअनुसार अदालतले उपअनुच्छेद (क) मा वर्णन गरिएको निर्णय लिएको भएमा।

३. अनुच्छेद २ (क) अनुसार निर्णय नभएका अवस्थामा, अनुरोध गरिएको राज्यले आफ्नै तजबिजमा अनुच्छेद २ (ख) को अदालतको निर्णय लम्बित रहेको स्थितिमा अनुरोधकर्ता राज्यबाट भएको सुपुर्दगीको अनुरोधको कारबाही बढाउन सक्नेछ तर अदालतले सो मुद्दा अग्राह्य हुने ठहर नगरेसम्म सो व्यक्तिको सुपुर्दगी गर्नेछैन। अदालतको निर्णय शीघ्रतासाथ गरिनेछ।

४. अनुरोधकर्ता राज्य यस विधानको पक्ष नरहेको राज्य भएमा र अनुरोध गरिएको राज्यमाथि अनुरोधकर्ता राज्यलाई सो व्यक्तिको सुपुर्दगी गर्ने अन्तर्राष्ट्रिय दायित्व नरहेमा र अदालतले मुद्दा ग्राह्य हुने टुङ्गो लाइसकेको भएमा, अनुरोध गरिएको राज्यले समर्पणका लागि अदालतबाट गरिएको अनुरोधलाई प्राथमिकता दिनेछ।

५. मुद्दा ग्राह्य हुने अदालतद्वारा अनुच्छेद ४ अनुसार निर्णय नभएको अवस्थामा, अनुरोध गरिएको राज्यले आफ्नै तजबिजमा अनुरोधकर्ता राज्यको सुपुर्दगीसम्बन्धी अनुरोधबारे कारबाही अगाडि बढाउनेछ।

६. अनुरोध गरिएको राज्य यस विधानको पक्ष नरहेको अनुरोधकर्तालाई व्यक्तिको सुपुर्दगी गर्ने अन्तर्राष्ट्रिय दायित्वमा रहेको अवस्थाबाहेक अनुच्छेद ४ लागू हुने मामिलामा, अनुरोध गरिएको राज्यले व्यक्तिलाई अदालतसमक्ष समर्पण गर्ने वा अनुरोधकर्ता राज्यलाई सपुर्दगी गर्ने भन्ने विषय निर्णय लिनेछ। आफ्नो निर्णय लिँदा अनुरोध



गरिएको राज्यले यसैमा मात्र सीमित नहुने गरी देहायका लगायत् सबै सान्दर्भिक कुराहरूमा विचार पुऱ्याउनेछ:

(क) अनुरोधहरूका तत्तत तिथिमिति;

(ख) सान्दर्भिक भएसम्म, अपराध उसको प्रादेशिक क्षेत्रमा भए नभएको र पीडित वा खोजिएको व्यक्ति उसका नागरिक रहेको लगायत् अनुरोधकर्ता राज्यका चासोहरू; र

(ग) अदालत र अनुरोधकर्ता राज्यबीच समर्पण हुन सक्ने भावी सम्भावना।

७. कुनै व्यक्तिको समर्पणको लागि अदालतबाट अनुरोध प्राप्त गरेको राज्यपक्षलाई अर्को राज्यबाट पनि अदालतले सो व्यक्तिको समर्पण खोजेको अपराध हुनेभन्दा भिन्न क्रियाकलापका लागि सोही व्यक्तिको सपुर्दगीको अनुरोध प्राप्त भएमा:

(क) अनुरोधकर्ता राज्यलाई सुपुर्द गर्नुपर्ने अन्तर्राष्ट्रिय दायित्व नरहेको भए अनुरोध गरिएको राज्यले अदालतबाट प्राप्त अनुरोधलाई प्राथमिकता दिनेछ;

(ख) अनुरोध गरिएको राज्यमाथि अनुरोधकर्ता राज्यलाई सो व्यक्तिलाई सुपुर्द गर्नपर्ने अन्तर्राष्ट्रिय दायित्वमा रहेको अवस्थामा सो राज्यले सो व्यक्तिलाई अदालतलाई समर्पण गर्ने वा अनुरोधकर्ता राज्यलाई सुपुर्द गर्ने भन्ने बारेमा निर्णय लिनेछ। आफ्नो निर्णय लिँदा, अनुरोध गरिएको राज्यले त्यसैमा मात्र सीमित नहुने गरी अनुच्छेद ६ मा किटान गरिएका लगायत् सबै सान्दर्भिक कुराहरूमा ध्यान दिनेछ र प्रश्न उठाएको क्रियाकलापको सापेक्ष प्रकृति र गम्भीरताप्रति विशेष ख्याल राख्नेछ।

८. यस धाराअन्तर्गतको जनाउअनुसार अदालतले कुनै मुद्दा अग्राह्य हुने निर्णय गरेमा, र तत्पश्चात् अनुरोधकर्ता राज्यलाई सुपुर्दगी गर्न इन्कार गरिएमा, अनुरोध गरिएको राज्यले अदालतलाई यो निर्णयको जनाउ दिनेछ।

**धारा ९१: पक्राउ र समर्पणको अनुरोधका अन्तरवस्तु**

१. पक्राउ र समर्पणको लागि लिखितरूपमा अनुरोध गरिनेछ। अत्यन्त जरूरी मामिलाहरूमा, धारा ८७, अनुच्छेद १ (क) ले व्यवस्था गरेको

माध्यमद्वारा पुष्टि हुने गरी, अनुरोध लिखित अभिलेख रहन सक्ने अन्य जुनसुकै माध्यमबाट गर्न सकिनेछ।

२. धारा ५८ अन्तर्गत पूर्वपुर्पक्ष कार्यकक्षद्वारा पक्राउको वारेन्ट जारी भएको व्यक्तिको पक्राउ र समर्पणका लागि गरिएका अनुरोधमा निम्न कुराहरू समेटिने छ वा सो अनुरोध निम्नलिखित कुराहरूबाट पुष्टि गरिनेछः

(क) खोजिएको मानिस, व्यक्तिको पहिचान गर्न पर्याप्त जानकारी र व्यक्तिको सम्भाव्य रासोबासोको सूचना;

(ख) पक्राउको वारेन्टको एक प्रति; र

(ग) अनुरोध गरिएको राज्य र अन्य राज्यबीचका सन्धि वा बन्दोबस्तअनुसारको सपुर्दगीका अनुरोधमा लागू हुने अपेक्षाहरू भन्दा बढी बोझिलो नहुने गरी र अदालतको भिन्न प्रकृतिलाई ध्यानमा राखी सम्भव भएसम्म कम बोझिलो हुने गरी अनुरोध गरिएको राज्यमा समर्पण प्रक्रियाका लागि आवश्यक अपेक्षाहरू कुरा पूरा गर्न जरूरी हुनसक्ने लिखत, बयान वा जानकारी।

३. पहिले दोषी साबित भइसकेको व्यक्तिको पक्राउ र समर्पणका लागि गरिएको अनुरोधका हकमा, अनुरोधमा निम्न कुराहरू समेटिनेछन् वा सो अनुरोध निम्न कुराहरूबाट पुष्टि गरिनेछः

(क) सो व्यक्तिको लागि कुनै पनि पक्राउको वारेन्टको प्रति;

(ख) दोषी साबित भएको निर्णयको प्रति;

(ग) खोजिएको व्यक्ति दोषी साबित भएको निर्णयमा उल्लेख भएको व्यक्ति भएको दर्साउने जानकारी; र

(घ) खोजिएको व्यक्तिको सजायनिदान भएको भए निजलाई गरिएको सजायको प्रति र, कैदसजायका हकमा पहिले सजाय भोगिसकेको अवधि र भोग्न बाँकी रहेको अवधि।

४. अदालतको अनुरोधमा, राज्यपक्षले अनुच्छेद २ (ग) अन्तर्गत लागू हुन सक्ने आफ्ना राष्ट्रिय कानुनअन्तर्गतका कुनै पनि आवश्यकताका बारेमा सामान्यरूपमा वा कुनै खास कुराको सम्बन्धमा अदालतसँग सरसल्लाह गर्नेछ। सरसल्लाहका समयमा राज्यपक्षले अदालतलाई आफ्नो राष्ट्रिय कानुनका खासखास अपेक्षाहरूबारे सूचना दिनेछ।



**धारा ९२ः अस्थायी पक्राउ**

१. अत्यावश्यक मामिलाहरूमा, धारा ९१ मा निर्दिष्ट समर्पणको अनुरोध र अनुरोधलाई टेवा दिने लिखतहरूको प्रस्तुतिलाई थाती राखेर, अदालतले खोजिएको व्यक्तिको अस्थायी पक्राउको अनुरोध गर्न सक्नेछ।

२. अस्थायी पक्राउको अनुरोध लिखित अभिलेख राख्न सकिने सक्षम भएको कुनै पनि माध्यमबाट हुनेछ र अनुरोधमा निम्नलिखित कुराहरू समेटिनेछः

(क) खोजिएको मानिस, व्यक्तिको पहिचान गर्न पर्याप्त जानकारी र व्यक्तिको सम्भाव्य रासोबासोको सूचना;

(ख) व्यक्तिको पक्राउ गर्न खोजिएका अपराधहरू र सम्भव भएसम्म, अपराधको मिति र स्थानसहित ती अपराधहरू घटित हुने आरोपित तथ्यहरूको संक्षिप्त विवारण;

(ग) खोजिएको व्यक्तिका नाममा पक्राउको वारेन्ट वा दोष साबितीको निर्णय रहेभएको विवरण; र

(घ) खोजिएको व्यक्तिको समर्पणका लागि अनुरोध गरिनेछ भन्ने कथन।

३. अनुरोध गरिएको राज्यले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले निर्दिष्ट गरेको समयावधिभित्र धारा ९१ ले निर्देश गरेअनुसारको समर्पणको अनुरोध र अनुरोधलाई पुष्टि गर्ने लिखतहरू प्राप्त नगरेमा अस्थायीरूपमा पक्राउ गरिएको व्यक्तिलाई हिरासतबाट छुटकारा दिन सकिनेछ। तर अनुरोध गरिएको राज्यको कानुनले अनुमति दिएमा सो अवधि व्यतित हुनुभन्दा अगावै सो व्यक्तिले समर्पणका लागि सहमत हुन सक्नेछ। यस अवस्थामा अनुरोध गरिएको राज्यले व्यक्तिलाई अदालतसमक्ष जति सक्दो चाँडो समर्पण गर्न कारबाही चलाउनेछ।

४. समर्पणको अनुरोध र सो अनुरोधलाई पुष्टि गर्ने लिखतहरू पछिल्लो मितिमा दाखिल भएको भए अनुच्छेद ३ अनुसार खोजिएको व्यक्ति हिरासतबाट छुटेको कुराले पछि हुने सो व्यक्तिका पक्राउ र समर्पणप्रति पूर्वाग्रह राख्नेछैन।

**धारा ९३ः सरसहयोगका अन्य स्वरूप**

१. राज्यपक्षहरूले यस खण्डका प्रावधानअनुसार र राष्ट्रिय कानुनको कार्यविधिअन्तर्गत अनुसन्धान र अभियोजनको सिलसिलामा निम्नबमोजिमका सहयोगका लागि अदालतले गरेका अनुरोधहरूको पालना गर्नेछन्:

(क) व्यक्तिहरूको पहिचान र अत्तोपत्तो वा चिजबिजको अवस्थिति;

(ख) शपथसाथ बकपत्र गराउनेलगायत्का प्रमाण लिने कार्य र विशेषज्ञको राय तथा अदालतलाई आवश्यक प्रतिवेदनहरूलगायत् प्रमाणको प्रस्तुतीकरण;

(ग) अनुसन्धान वा अभियोजन भइरहेको व्यक्तिको सोधपुछ;

(घ) न्यायिक कागजातसहित अभिलेखको सेवा;

(ङ) अदालतसमक्ष साक्षी वा विशेषज्ञका रूपमा व्यक्तिहरूको स्वैछिक उपस्थितिको सहजीकरण;

(च) अनुच्छेद ७ ले व्यवस्था गरेबमोजिम व्यक्तिहरूको अस्थायी स्थानान्तरण;

(छ) चिहानको उत्खनन र परीक्षणलगायत् ठाउँ वा थलोको परीक्षण;

(ज) खानतलासी र बरामदीको कार्यान्वयन;

(झ) कार्यालय अभिलेख र लिखतहरूलगायत् अभिलेख र लिखतहरूको प्रबन्ध;

(ञ) पीडित र साक्षीहरूको संरक्षण तथा प्रमाणको सुरक्षा;

(ट) अन्ततः जफ्तीको प्रयोजनका लागि, वास्तविक तेस्रा पक्षका अधिकारहरूप्रति पूर्वाग्रह नराखी अपराधहरूका आम्दानी, जेथा र सम्पत्ति तथा सरसाधनहरूको पहिचान, खोज र रोक्का वा बरामदी;

(ठ) अदालतको अधिकारक्षेत्रभित्रका अपराधहरूको अनुसन्धान र अभियोजनलाई सघाउने दृष्टिले अनुरोध गरिएको राज्यको कानुनले निषेध नगरेको अन्य कुनै पनि प्रकारको सहायता।

२. अदालतलाई अदालतसमक्ष उपस्थित हुने कुनै साक्षी वा विशेषज्ञलाई अनुरोध गरिएको राज्यबाट सो व्यक्तिले प्रस्थान गर्नुअघि भएका कुनै कार्य वा अकार्यका सिलसिलामा अदालतद्वारा निजलाई अभियोजन गरिने, थुन्ने वा व्यक्तिगत स्वतन्त्रतामा कुनै सीमाबन्दीको भागीदार बनाइनेछैन भन्ने सुनिश्चितता प्रदान गर्ने अधिकार हुनेछ।

३. अनुच्छेद १ अन्तर्गत प्रस्तुत अनुरोधमा विस्तार गरिएको सहायताको खास उपायको कार्यान्वयन अनुरोध गरिएको राज्यमा सामान्य प्रचलनका विद्यमान आधारभूत कानुनी सिद्धान्तको आधारमा निषेधित भएमा, सो विषयमा समाधान निकाल्न अनुरोध गरिएको राज्यले तत्कालै अदालतसँग सल्लाह गर्नेछ। सल्लाहमा सहायता अर्को तरिकाले दिने वा शर्तको अधिन रही दिने भन्ने कुरालाई विचार गरिनेछ। सल्लाहपछि पनि सो विषय समाधान नभएमा अदालतले आवश्यकताअनुसार अनुरोधमा फेरबदल गर्नेछ।

४. धारा ७२ अनुसार कुनै राज्यपपक्षले सहयोगको अनुरोधलाई सो अनुरोधसँग सम्बन्धित कुनै लिखतको प्रस्तुति वा प्रमाणको खुलासा उसको राष्ट्रिय सुरक्षासँग सम्बन्धित भएमा मात्रै पूरै वा आंशिकरूपमा, इन्कार गर्न सक्नेछ।

५. अनुच्छेद १ (ठ) अन्तर्गतको सहायताको अनुरोध इन्कार गर्नुपूर्व, अनुरोध गरिएको राज्यले निर्दिष्ट शर्तका अधीनमा रही वा पछिल्लो मितिमा वा वैकल्पिक तरिकाले सहायता उपलब्ध गराउन सकिन्छ कि भनी विचार गर्नेछ। तथापि अद ालत वा अभियाक्ताले शर्तहरूको अधीन रही सहायता स्वीकार  गरेमा अदालत वा अभियोक्ताले तिनको पालना गर्नेछ।

६. सहायताका लागि गरिएको अनुरोध इन्कार भएमा, अनुरोध गरिएको राज्यले तत्कालै अदालत वा अभियोक्तालाई यस्तो इन्कारीको कारण जानकारी गराउनेछ।

७. (क) अदालतले पहिचान गर्न वा बकपत्र लिन वा अन्य सहायता प्राप्त गर्नका लागि हिरासतमा रहेको व्यक्तिको अस्थायी स्थानान्तरणका लागि अनुरोध गर्न सक्नेछ। निम्न शर्तावस्थाहरू पूरा भएमा व्यक्तिको स्थानान्तर हुन सक्नेछ:

(१) सो व्यक्तिले स्थानान्तरणका लागि स्वतन्त्ररूपमा जानिबुझी आफ्नो सम्मति दिन्छ; र

(२) अनुरोध गरिएको राज्य सो राज्य र अदालत सहमत भएका शर्तअवस्थाको अधीन रही, स्थानान्तर गर्न राजी छ।

(ख) स्थानान्तर हुने व्यक्ति हिरासतमा रहनेछ। स्थानान्तरणको उद्देश्य पूरा भएपछि अदालतले सो व्यक्तिलाई बिनाढिलाई अनुरोध गरिएको राज्यलाई फिर्ता गर्नेछ।

८. (क) अनुरोधमा वर्णन गरिएको अनुसन्धान र कारबाही प्रक्रियाका लागि चाहिएमाबाहेक अदालतले लिखतहरू र सूचनाको गोपनीयता सुनिश्चत पार्नेछ।

(ख) अनुरोध गरिएको राज्यले आवश्यक भएमा अभियोक्तालाई लिखतहरू र सूचना गोप्यताको आधारमा सञ्चारित गर्नेछ। अभियोक्ताले तत्पश्चात् तिनलाई खालि नयाँ प्रमाणको विकासका लागि प्रयोग गर्नेछ।

(ग) अनुरोध गरिएको राज्यले, आफ्नै प्रस्ताव वा अभियोक्ताको अनुरोधमा, पछिबाट यस्ता लिखतहरू र सूचनाको खुलासाका लागि सम्मति दिन सक्नेछ। त्यसपछि तिनीहरूलाई खण्ड ५ र ६ का प्रावधानअनुसार र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावली-बमोजिम प्रमाणस्वरूप प्रयोग गर्न सकिनेछ।

९. (क) (१) राज्यपक्षले अदालतबाट र अन्तर्राष्ट्रिय दायित्वअन्तर्गत अर्को राज्यबाट समर्पण वा सुपुर्दगीबाहेकको प्रतिस्पर्धी अनुरोधहरू प्राप्त गरेको अवस्थामा, राज्यपक्षले अदालत र अर्को राज्यको परामर्शमा, आवश्यक भए एक वा अर्को अनुरोधलाई स्थगन गर्न वा शर्त राखेर भए पनि, दुवै अनुरोधहरूलाई पूरा गर्ने प्रयत्न गर्नेछ।

(२) सो गर्न असफल भएमा प्रतिस्पर्धी अनुरोधहरूलाई धारा ९० मा स्थापित सिद्धान्तहरूका आधारमा समाधान गरिनेछ।

(ख) अदालतले अनुरोध गरेको सूचना, सम्पत्ति वा व्यक्तिहरू तेस्रो राज्य वा अन्तर्राष्ट्रिय सम्झौताद्वारा अन्तर्राष्ट्रिय सङ्गठनको अधीनका विषय रहेछन् भने अनुरोध गरिएको राज्यले अदालतलाई सोको जानकारी दिनेछ र अदालतले आफ्नो अनुरोध तेस्रो राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनतर्फ तेर्स्याउनेछ।

१०. (क) अदालतले अनुरोध पाएमा अदालतको अधिकारक्षेत्रभित्रको अपराध हुने वा अनुरोधकर्ता राज्यको राष्ट्रिय कानुनअन्तर्गत गम्भीर अपराध हुने क्रियाकलापको अनुसन्धान वा पुर्पक्ष गर्ने राज्यपक्षलाई सहयोग गर्ने र सहायता उपलब्ध गराउन सक्नेछ।

(ख) (१) उपअनुच्छेद (क) अन्तर्गत उपलब्ध गराउने सहायतामा अन्य कुराको अतिरिक्त निम्नलिखित कुराहरू समेटिने छन्:

(अ) अनुसन्धान वा अदालतले गरेको पुर्पक्षका क्रममा लिएका बयान, बकपत्र, लिखत वा अन्य प्रकारका प्रमाण सञ्चरण गर्ने; र

(आ) अदालतको आदेशले थुनामा रहेको कुनै व्यक्तिसँग सोधपुछ गर्ने।

(२) उपअनुच्छेद (ख) (१) अ अन्तर्गतको सहायताको हकमा:

(अ) लिखत वा अन्य प्रकारका प्रमाण कुनै राज्यको सहायतामा प्राप्त गरिएको भए तिनको सञ्चरणका लागि सो राज्यको सम्मति चाहिनेछ;

(आ) बयान, बकपत्र, लिखत वा अन्य प्रकारका प्रमाण साक्षी वा विशेषज्ञले उपलब्ध गराएको भए तिनको सञ्चरण धारा ६८ का प्रावधानको अधीन हुनेछ।

(ग) अदालतले, यस अनुच्छेदमा किटान भएका शर्तावस्था अन्तर्गत, यो विधानको पक्ष नभएको राज्यबाट पनि यस अनुच्छेद-अनुसारको सहयोगको अनुरोधलाई स्वीकृती दिन सक्नेछ।

**धारा ९४: जारी अनुसन्धान वा अभियोजनको सन्दर्भमा अनुरोधको कार्यान्वयनको स्थगन**

१. अनुरोधको तत्काल कार्यान्वयनले अनुरोधसम्बन्धी भन्दा भिन्दै मुद्दाको जारी अनुसन्धान वा अभियोजनलाई हस्तक्षेप गर्ने भएमा अनुरोध गरिएको राज्यले अदालतसँग सहमति कायम गरेको समयावधिका लागि अनुरोधको कार्यान्वयन स्थगन गर्न सक्नेछ। तर स्थगनअवधि अनुरोध गरिएको राज्यमा सम्बन्धित अनुसन्धान वा अभियोजन पूरा गर्न आवश्यक हुने समयभन्दा बढी हुनेछैन। स्थगन गर्ने निर्णय गर्नुअघि अनुरोध गरिएको राज्यले केही शर्तहरूको अधीन रही तत्काल सहायता सहमायता प्रदान गर्न सकिन्छ कि भन्ने कुरामा ख्याल गर्नुपर्छ।

२. अनुच्छेद १ अनुसार स्थगन गर्ने निर्णय लिइएमा, अभियोक्ताले, तथापि, धारा ९३, अनुच्छेद १ (ञ) अनुसार प्रमाणको सुरक्षा गर्ने उपायहरू खोज्न सक्नेछ।

**धारा ९५: ग्राह्यताको चुनौतीका सन्दर्भमा अनुरोध कार्यान्वयनको स्थगन**

ग्राह्यताको चुनौती धारा १८ वा १९ अनुसार अदालतमा विचाराधीन रहेको अवस्थामा, अभियोक्ताले यस्ता प्रमाणको सङ्कलन धारा १८ वा १९ अनुसार अघि बढाउन सक्ने गरी अदालतले विशेष आदेश गरेमाबाहेक, अनुरोध गरिएको राज्यले अदालतको निर्णय थाती रहुन्जेल यस भागअन्तर्गतको अनुरोधको कार्यान्वयन स्थगन गर्न सक्नेछ।

**धारा ९६: धारा ९३ अन्तर्गत अन्य स्वरूपका सहायताको अनुरोधका अन्तरवस्तु**

१. धारा ९३ मा उल्लिखित अन्य स्वरूपका सहायताको अनुरोध लिखितरूपमा गरिनेछ। जरूरी मामिलामा, धारा ८७, अनुच्छेद १ (क) ले व्यवस्था गरेको माध्यमबाट अनुरोध भएको पुष्टि हुने गरी लिखित अभिलेख रहन सक्षम हुने कुनै पनि माध्यमबाट अनुरोध गर्न सकिनेछ।

२. अनुरोधमा अनुकूलताअनुसार निम्नलिखित कुरा रहने वा तीबाट समर्थित हुनेछन्:

(क) अनुरोधको कानुनी आधार वा जगलगायत् अनुरोधको उद्देश्य र खोजिएको सहायताको छोटो विवरण;

(ख) खोजिएको सहायता उपलब्ध गराउनका लागि फेला पार्नै पर्ने वा पहिचान हुनै पर्ने कुनै व्यक्ति वा स्थानको ठेगान वा पहिचानबारे सम्भव भएसम्म विस्तृत जानकारी;

(ग) अनुरोधमा अन्तर्निहित अत्यावश्यक तथ्यहरूको छोटो विवरण;

(घ) पूरा गरिनुपर्ने कुनै कार्यविधि वा आवश्यक शर्तको कारण र विवरण;

(ङ) अनुरोध कार्यान्वयन गर्नका लागि अनुरोध गरिएको राज्यको कानुनअन्तर्गत आवश्यक पर्न सक्ने त्यस्तो कुनै जानकारी; र



(च) खोजिएको सहायता उपलब्ध गराउनका लागि सान्दर्भिक अन्य कुनै जानकारी।

३. अदालतको अनुरोधमा राज्यपक्षले अनुच्छेद २ (ङ) अन्तर्गत लागू हुन सक्ने आफ्नो राष्ट्रिय कानुनअन्तर्गतका आवश्यक कुनै शर्तलाई लिएर, सामान्यरूपमा वा खास विषयमा, अदालतसँग सल्लाह गर्नेछ। सल्लाह गर्दा राज्यपक्षले अदालतलाई आफ्नो राष्ट्रिय कानुनका खासखास आवश्यक शर्तका बारेमा सूचना दिनेछ।

४. यस धाराका प्रावधानहरू, उपयुक्त भएसम्म, सहायताका लागि अदालतसँग गरिएको अनुरोधका हकमा पनि लागू हुनेछन्।

**धारा ९७: सल्लाह**

यस खण्डअन्तर्गत राज्यपक्षले प्राप्त गरेको अनुरोधको कार्यान्वयनलाई बाधा गर्ने वा रोक्ने समस्याहरू यसले पहिचान गरेको अवस्थामा सो समस्या सुल्झाउनका लागि राज्यले अदालतसँग ढिलाइ नगरिकन सल्लाह गर्नेछ। यस्ता समस्यामा अरू कुराको अतिरिक्त निम्न कुरा समावेश हुन सक्नेछन्:

(क) अनुरोध कार्यान्वयन गर्न अपर्याप्त जानकारी;

(ख) समर्पणका लागि गरिएको अनुरोधका सवालमा सर्वोतम प्रयासको बाबजूद खोजिएको मानिसको ठेगान लाग्न नसकेको वा गरिएको अनुसन्धानबाट अनुरोध गरिएको राज्यको व्यक्ति स्पष्टत: वारेन्टमा भएको नामको व्यक्ति होइन भनी गरिएको अनुसन्धानले निश्चित गरेको; वा

(ग) अनुरोध गरिएको वर्तमान स्वरूपमा अनुरोधको कार्यान्वयन गर्दा अनुरोध गरिएको राज्यले अर्को राज्यसँगको साबिकदेखि विद्यमान सन्धिको दायित्व तोड्नुपर्ने अवस्था रहेको तथ्य।

**धारा ९८: उन्मुक्तिको परित्याग र समर्पण सहयोग**

१. उन्मुक्तिको परित्यागका लागि पहिलो सो तेस्रो राज्यको सहयोग प्राप्त नगरिकन अदालतले कुनै राज्य वा तेस्रो राज्यको व्यक्ति वा सम्पत्तिको उन्मुक्तिसम्बन्धी अनुरोध गरिएको राज्यका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको दायित्वसँग बाझिने गरी काम गर्नुपर्ने गरी समर्पण वा सहायताका लागि अनुरोधको कारबाही बढाउन सक्नेछैन।

२. समर्पणका लागि सम्मति दिन पहिले पठाउने राज्यको प्राप्त नगरिकन, पठाउने राज्यको व्यक्तिलाई अदालत समक्ष समर्पण गर्नका लागि सो राज्यको सम्मति चाहिने अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको आफ्नो दायित्वसँग बाभिने गरी अनुरोध गरिएको राज्यले काम गर्ने गरी अदालतले समर्पणको अनुरोधलाई अघि बढाउन सक्नेछैन।

**धारा ९९: धारा ९३ र ९६ अन्तर्गतका अनुरोधहरूको कार्यान्वयन**

१. सहायताका लागि गरिएका अनुरोधहरूको कार्यान्वयन अनुरोध गरिएको राज्यको कानुनअन्तर्गतको सान्दर्भिक कार्यविधिअनुसार र, यस्तो कानुनले निषेध नगरेसम्म, तिनमा लेखिएका कार्यविधिअनुसरण गर्ने वा अनुरोधमा निर्दिष्ट व्यक्तिहरूलाई प्रक्रिया कार्यान्वयनमा उपस्थित हुने र सहयोग गर्न अनुमति दिने किसिमको अनुरोधमा निर्दिष्ट गरिएको तरिकाबाट हुनेछ:

२. जरूरी अनुरोधका हकमा प्रत्युत्तरमा तयार पारिएका लिखत र प्रमाणहरू अदालतको अनुरोधमा तुरुन्तै पठाइनेछ।

३. अनुरोध गरिएको राज्यका प्रत्युत्तरहरू तिनको मौलिक भाषा र स्वरूपमा सञ्चारित हुनेछन्।

४. यस खण्डका अन्य धाराहरूसँग पूर्वाग्रह नराखी, कुनै अनिवार्य उपायहरूबिना नै कार्यान्वयन हुन सक्ने अनुरोधको सफल कार्यान्वयनका लागि आवश्यक भएमा अनुरोध गरिएको राज्यपक्षका अधिकारीहरूको उपस्थितिबिना नै खासगरी व्यक्तिविशेषबाट स्वैच्छिकरूपमा अन्तर्वार्ता वा प्रमाण लिनेलगायत्का कार्य अनुरोधको कार्यान्वयन र सार्वजनिक क्षेत्र वा अन्य सार्वजनिक स्थानको अदलबदलबिनाको परीक्षणका लागि आवश्यक भए राज्यपक्षको प्रादेशिक क्षेत्रभित्र अभियोक्ताले यस्तो अनुरोध निम्नानुसार सोभै कार्यान्वयन गर्न सक्नेछ:

(क) अनुरोध गरिएको राज्यपक्षकै प्रादेशिक क्षेत्रमा सो आरोपित अपराध भएको, र धारा १८ र १९ बमोजिम ग्राह्यताको निर्धारण भइसकेको छ भने अनुरोध गरिएको राज्यपक्षसँगका सबै सम्भव सल्लाहपछि अभियोक्ताले सोभै यस्तो अनुरोध कार्यान्वयन गर्न सक्नेछ;



(ख) अन्य मामिलामा अनुरोध गरिएको राज्यपक्षसँगका सल्लाहपछि र सो राज्यपक्षले उठाएका मनासिब शर्त र सरोकारको अधीन रही अभियोक्ताले यस्तो अनुरोध कार्यान्वयन गर्न सक्नेछ। यस उपअनुच्छेदअनुसार अनुरोधको कार्यान्वयनमा अनुरोध गरिएको राज्यपक्षले समस्याहरू पहिचान गरेमा विलम्ब नगरिकन यसले सो समस्या समाधान गर्न अदालतसँग सल्लाह गर्नेछ।

५. राष्ट्रिय सुरक्षासँग जोडिएका गोप्य सूचनाको खुलासा रोक्न तयार गरिएका बन्देजहरूको दाबी गर्न धारा ७२ अन्तर्गत अदालतद्वारा सुनुवाइ वा परीक्षण गरिएको व्यक्तिलाई अनुमति दिने प्रावधानहरू यस धाराअन्तर्गतको सहायताको अनुरोधको कार्यान्वयनमा पनि लागू हुनेछन्।

**धारा १००: लागत खर्च**

१. अदालतबाट बेहोरिने देहायकाबाहेक, अनुरोधहरूको कार्यान्वयनका लागि अनुरोध गरिएको राज्यको प्रादेशिक क्षेत्रमा भएका साधारण खर्चहरू सो राज्यद्वारा बेहोरिनेछन्:

(क) साक्षी र विशेषज्ञहरूको यात्रा तथा सुरक्षा वा धारा ९३ बमोजिम थुनामा रहेका व्यक्तिहरूको स्थानान्तरणसँग सम्बन्धित खर्चहरू;

(ख) अनुवाद, दोभाषेसेवा र लिपिउतारका खर्चहरू;

(ग) न्यायाधीशहरू, अभियोक्ता, नायब अभियोक्ताहरू, रजिस्ट्रार, नायब रजिस्ट्रार र अदालतको कुनै अङ्गका कर्मचारीहरूको भ्रमण र निर्वाह खर्चहरू;

(घ) अदालतद्वारा अनुरोध गरिएको विशेषज्ञको राय वा प्रतिवेदनका खर्चहरू;

(ङ) हिरासतमा राखेको राज्यद्वारा अदालतसमक्ष समर्पण भइरहको व्यक्तिको परिवहनसँग सम्बन्धित खर्चहरू; र

(च) सल्लाहपछि अनुरोधको कार्यान्वयनबाट हुन सक्ने कुनै पनि असाधारण खर्च।

२. अनुच्छेद १ का प्रावधानहरू राज्यपक्षहरूबाट अदालतलाई गरिएका अनुरोधहरूमा पनि, उपयुक्त भएका हदसम्म, लागू हुनेछन्। सो अवस्थामा अदालतले कार्यान्वयनका साधारण खर्चहरू बेहोर्नेछ।

**धारा १०१: विशिष्टताको नियम**

१. यस विधानअन्तर्गत अदालतसमक्ष समर्पण गरिएको व्यक्तिउपर समर्पण गरिएको अपराधको आधार हुने आचरण वा क्रियाकलापबाहेकका समर्पणपूर्वको कुनै पनि क्रियाकलापका लागि कारबाही चलाइने, सजाय वा थुनछेक गरिनेछैन।

२. अदालतले अदालतसमक्ष व्यक्तिको समर्पण गर्ने राज्यबाट अनुच्छेद १ का आवश्यक शर्तहरूको परित्यागका लागि अनुरोध गर्न सक्नेछ र आवश्यक भए, अदालतले धारा ९१ अनुसार अतिरिक्त जानकारी उपलब्ध गराउनेछ। राज्यपक्षहरूलाई यस्तो परित्याग अदालतलाई उपलब्ध गराउने अधिकार रहनेछ र यसो गर्न प्रयास गर्नुपर्छ।

**धारा १०२: शब्दावलीको प्रयोग**

यस विधानको प्रयोजनका लागि:

(क) "समर्पण" भन्नाले यस विधानअनुसार राज्यले व्यक्तिलाई अदालतसमक्ष बुझाउनुलाई जनाउनेछ।

(ख) "सुपुर्दगी" भन्नाले सन्धि, सम्झौता वा राष्ट्रिय कानुनअनुसार एक राज्यले अर्को राज्यसमक्ष व्यक्तिलाई बुझाउनुलाई जनाउनेछ।

# खण्ड १०
# क्रियान्वयन

**धारा १०३: कैदसजायको क्रियान्वयनमा राज्यको भूमिका**

१. (क) कैदसजाय अदालतसमक्ष सजायनिदान भएका व्यक्तिहरूलाई स्वीकार गर्ने इच्छा दर्शाएका राज्यहरूको सूचीबाट अदालतले चयन गरेको राज्यमा भुक्तान गराइनेछ।

(ख) सजायनिदान भएको व्यक्तिलाई स्वीकार गर्ने आफ्नो इच्छाको घोषणाका समयमा राज्यले आफूले स्वीकार गर्ने बारे अदालत सहमत भएका र यस खण्डअनुसारका शर्तहरू समावेश गर्न सक्नेछ।

(ग) खास मुद्दामा चयन भएको राज्यले अदालतको चयन आफूलाई स्वीकार्य भए-नभएको अविलम्ब अदालतलाई सूचना गर्नुपर्नेछ।



२. (क) क्रियान्वयन गर्ने राज्यले अदालतलाई अनुच्छेद १ मा सहमत गरिएका शर्तहरूको प्रयोगलगायत् कैदसजायको सीमा वा हदलाई तात्विकरूपमा असर गर्न सक्ने परिस्थितिका बारेमा जनाउ दिनेछ। यस्तो ज्ञात वा पूर्वानुमानित परिस्थितिबारे अदालतलाई कम्तीमा ४५ दिने सूचना दिइनेछ। यस अवधिमा क्रियान्वयनकारी राज्यले धारा ११० अन्तर्गतका आफ्नो दायित्वसँग पूर्वाग्रहकारी हुन सक्ने कुनै पनि कारबाही गर्नेछैन।

(ख) उपअनुच्छेद (क) मा उल्लिखित परिस्थितिसँग अदालत सहमत हुन नसकेका अवस्थामा अदालतले क्रियान्वयनकारी राज्यलाई सोको जनाउ दिनेछ र धारा १०४, अनुच्छेद १ बमोजिम कारबाही चलाउनेछ।

३. अनुच्छेद १ अन्तर्गतको चयन गर्ने तजबिजको प्रयोग गर्दा, अदालतले निम्नलिखित कुरामा ध्यान दिनेछ:

(क) कैदसजायको क्रियान्वयनको उत्तरदायित्व राज्यपक्षहरूले कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीमा व्यवस्था गरिएबमोजिम समवितरणका सिद्धान्तहरूअनुसार बहन गर्नुपर्छ भन्ने सिद्धान्त;

(ख) बन्दीहरूप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापक रूपले स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्डहरूको प्रयोग;

(ग) सजाय पाएको व्यक्तिको दृष्टिकोण;

(घ) सजाय पाएको व्यक्तिको राष्ट्रियता;

(ङ) क्रियान्वयनकारी राज्यको चयन गर्दा अपराध गर्दाका परिस्थिति, सजाय गरिएको व्यक्ति वा सजायको प्रभावकारी कार्यान्वयनसम्बन्धी यस्तै अन्य कारक तत्वहरू।

अनुच्छेद १ अन्तर्गत कुनै राज्यको चयन नभएमा, धारा ३, अनुच्छेद २ मा उल्लिखित मुख्यालय सम्झौतामा किटान गरिएका शर्तावस्थाअनुसार आतिथेय राज्यले उपलब्ध गराएको कारागारमा कैदसजायको भुक्तान गराइनेछ। यस्तो मामिलामा कैदसजायको क्रियान्वयनमा हुन जाने खर्चहरू अदालतले बेहोर्नेछ।

**धारा १०४: क्रियान्वयनकारी राज्यको चयनमा परिवर्तन**

१. अदालतले कुनै पनि समयमा सजाय गरिएको व्यक्तिलाई अर्को राज्यको कारागारमा स्थानान्तरण गर्न सक्नेछ।
२. सजाय गरिएको व्यक्तिले जुनसुकै समयमा सजाय क्रियान्वयनकारी राज्यबाट स्थानान्तरण लागि अदालतसमक्ष निवेदन गर्न सक्छ।

**धारा १०५: सजायको कार्यान्वयन**

१. राज्यले धारा १०३, अनुच्छेद १ (ख) अनुसार निर्दिष्ट गरेका शर्तहरूका अधीन रही, कैदको सजाय राज्यपक्षहरूका लागि बन्धनकारी हुनेछ जसलाई कुनै पनि हालतमा हेरफेर गरिने छैन।
२. पुनरावेदन वा पुनरवलोकनको कुनै पनि निवेदनउपर निर्णय गर्ने अधिकार अदालतलाई मात्र रहनेछ। सजाय पाएको व्यक्तिद्वारा यस्तो निवेदन गर्नमा क्रियान्वयनकारी राज्यले कुनै बाधाव्यवधान खडा गर्ने छैन।

**धारा १०६: सजाय क्रियान्वयन र कैदका अवस्थाको सुपरीवेक्षण**

१. कैदसजायको क्रियान्वयन अदालतको सुपरीवेक्षणको अधिनमा रहनेछ र बन्दीप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापकरूपमा स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्ड सङ्गत रहनेछ।
२. कैदका शर्तावस्थाहरू क्रियान्वयनकारी राज्यको कानुनद्वारा व्यवस्थित हुनेछन् र बन्दीप्रति गर्नुपर्ने व्यवहारलाई व्यवस्थित गर्ने व्यापकरूपमा स्वीकार गरिएका अन्तर्राष्ट्रिय सन्धिगत मापदण्ड सङ्गत रहनेछन्; यस्ता शर्तावस्थाहरू कुनै पनि हालतमा समान खालका कसूरहरूमा क्रियान्वयनकारी राज्यमा दोषी ठहर गरिएका बन्दीहरूलाई लागू हुनेभन्दा कम वा बढी अनुकूल हुने छैनन्।
३. सजाय पाएको व्यक्ति र अदालतबीचका सञ्चारसम्पर्कहरू निरावरोध र गोप्य हुनेछन्।

**धारा १०७: सजाय भुक्तानपछि व्यक्तिको स्थानान्तरण**

१. सजाय पूरा भएपछि सजाय क्रियान्वयनकारी राज्यले सो व्यक्तिलाई आफ्नै प्रादेशिक क्षेत्रभित्र रहन अख्तियार गरेमाबाहेक, सजायको क्रियान्वयनकारी राज्यको नागरिक नरहेको व्यक्ति क्रियान्वयनकारी राज्यको कानुनअनुसार निजलाई ग्रहण गर्नुपर्ने दायित्व भएको राज्य वा निजलाई ग्रहण गर्न राजी रहेको अर्को राज्यमा स्थानान्तरण हुने व्यक्तिको चाहनालाई समेत ख्याल राखी स्थानान्तरण हुन सक्नेछ।
२. अनुच्छेद १ अनुसार अर्को राज्यमा व्यक्तिको स्थानान्तरण गर्दा हुने खर्च कुनै पनि राज्यले नबेहोरेमा यस्तो खर्च अदालतद्वारा बेहोरिनेछ।
३. धारा १०८ का व्यवस्थाहरूको अधीन रही, क्रियान्वयनकारी राज्यले आफ्नो राष्ट्रिय कानुनअनुसार पुर्पक्ष वा कुनै सजायको कार्यान्वयनका लागि कुनै व्यक्तिको सुपुर्दगी वा समर्पणका लागि अनुरोध गरेका राज्यलाई सो व्यक्तिलाई सुपुर्दगी वा समर्पण पनि गर्न सक्नेछ।

**धारा १०८: अन्य कसूरहरूको अभियोजन वा सजायमा सीमाबन्दी**

१. त्यस्तो अभियोजन, सजाय वा सपुर्दगी क्रियान्वयनकारी राज्यको अनुरोधमा अदालतले अनुमोदन गरेमाबाहेक, क्रियान्वयनकारी राज्यको हिरासतमा रहेको सजाय गरिएको व्यक्तिलाई क्रियान्वयनकारी राज्यमा सो व्यक्तिलाई बुझाउनुअघि निज संलग्न रहेको क्रियाकलापका लागि अभियोजन, सजाय वा तेस्रो राज्यमा सपुर्दगीको भागीदार बनाइनेछैन।
२. सजाय पाएको व्यक्तिको दृष्टिकोणको सुनुवाइ गरी अदालतले मामिलाको निर्णय गर्नेछ।
३. सजाय पाएको व्यक्ति पूरा सजाय भुक्तान गरिसकेपछि क्रियान्वयनकारी राज्यको प्रादेशिक क्षेत्रमा ३० दिनभन्दा बढी स्वैच्छिकरूपमा रहिरहेमा वा तत्पश्चात् सो क्षेत्र छाडी सो राज्यको प्रादेशिक क्षेत्रमा फर्केमा अनुच्छेद १ लागू हुनेछैन।

**धारा १०९: जरिवाना र जफतीसम्बन्धी क्रियान्वयन**

१. खण्ड ७ अन्तर्गतका अदालतका जरिवाना र जफतीका आदेशहरूलाई राज्यपक्षहरूले सद्‌नियत तेस्रा पक्षहरूको अधिकारप्रति प्रतिकूल प्रभाव नपर्ने गरी र तिनको राष्ट्रिय कानुनको कार्यविधिअनुसार क्रियान्वयन गर्नेछन्।
२. जफतीको आदेशको क्रियान्वयन गर्न कुनै राज्यपक्ष असमर्थ भएमा, सद्‌नियत तेस्रा पक्षहरूको अधिकारप्रति प्रतिकूल प्रभाव नपर्ने गरी

जफत गर्न अदालतले आदेश गरेका आम्दानी, जेथा वा सम्पत्ति असूल गर्ने उपायहरू अपनाउनेछ।

३. अदालतको निर्णयको कार्यान्वयनको नतिजास्वरूप राज्यपक्षले पाएको अचल सम्पत्ति वा उपयुक्त भएअनुसार, अन्य सम्पत्तिको बेचबिखनबाट भएको आम्दानी अदालतलाई हस्तान्तरण गरिनेछ।

**धारा ११०: सजाय घटाउने सम्बन्धमा अदालतबाट पुनरावलोकन**

१. क्रियान्वयनकारी राज्यले अदालतले घोषणा गरेको सजायको म्याद सकिनुअगावै व्यक्तिलाई छुटकारा दिनेछैन।

२. कुनै पनि सजाय घटाउन निर्णय गर्ने अधिकार अदालतलाई मात्रै रहनेछ र सोबारे व्यक्तिको सुनुवाइ गरेर मात्र निर्णय गर्नेछ।

३. व्यक्तिले सजायको दुईतिहाई भाग वा जन्मकैदको हकमा २५ वर्ष भुक्तान गरिसकेपछि सजाय घटाउन पर्ने-नपर्ने टुङ्गो लाउनका लागि अदालतले यसको पुनरावलोकन गर्नेछ। सोभन्दा अगावै यस्तो पुनरावलोकन गरिनेछैन।

४. अनुच्छेद ३ अन्तर्गतको पुनरावलोकनमा देहायका एक वा बढी कारक तत्व विद्यमान पाइएमा अदालतले सजाय घटाउन सक्नेछ:

(क) अनुसन्धान र अभियोजनमा छिट्टै र निरन्तर अदालतलाई सरसहयोग गर्ने सो व्यक्तिको इच्छा;

(ख) अन्य मुद्दाहरूमा अदालतका निर्णय र आदेशहरूको कार्यान्वयनलाई सम्भव बनाउन र खासगरी पीडितका लाभका लागि प्रयुक्त हुन सक्ने जरिवाना, जफती वा क्षतिपूर्तिको आदेशका अधीनस्थ सम्पत्ति ठेगान गर्न सहायता उपलब्ध गराउनमा व्यक्तिको स्वैच्छिक सहायता; वा

(ग) कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था गरेबमोजिम सजायको घटाउनुको औचित्य सावित गर्न परिस्थितिहरूमा स्पष्ट र महत्वपूर्ण परिवर्तनको पुष्टि गर्न पर्याप्त हुने अन्य कुरा।

५. अदालतले अनुच्छेद ३ अन्तर्गतको आफ्नो प्रारम्भिक पुनरावलोकनबाट सजाय घटाउन उपयुक्त नभएको टुङ्गो गरेमा, त्यसपछि कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीले व्यवस्था



गरेको सीमाशर्त र अन्तरालमा सजाय अल्पीकरणको प्रश्न पुनरावलोकन गर्नेछ।

**धारा १११: पलायन**

दोषी साबित भएको व्यक्ति हिरासतबाट भाग्यो र क्रियान्वयनकारी राज्यबाट उम्क्यो भने सो राज्यले, अदालतसँग सल्लाह गरेपछि, सो व्यक्ति रहेको राज्यसँग विद्यमान द्विपक्षीय वा बहुपक्षीय सम्झौताअनुसार समर्पणका लागि अनुरोध गर्न सक्छ वा खण्ड ९ अनुसार व्यक्तिको समर्पण खोज्न अदालतलाई अनुरोध गर्न सक्नेछ। अदालतले व्यक्तिले सजाय भोगिरहेको राज्य वा आफूले चयन गरेको अर्को राज्यमा सो व्यक्ति पठाउन निर्देश गर्न सक्नेछ।

## खण्ड ११
# राज्यपक्षहरूको सभा

**धारा ११२: राज्यपक्षहरूको सभा**

१. यस विधानका राज्यपक्षहरूको सभा यसैद्वारा स्थापना गरिएको छ। हरेक राज्यपक्षका सभामा एकजना प्रतिनिधि रहनेछ, जसका साथ वैकल्पिक प्रतिनिधि र सल्लाहकारहरू रहन सक्नेछन्। विधान वा अन्तिम ऐनमा हस्ताक्षर गरेका अन्य राज्यहरू सभाका पर्यवेक्षक हुन सक्नेछन्।

२. सभाले:

(क) तयारी आयोगका सुझाउ एवम् सिफारिसहरू उपयुक्त भएअनुसार विचार गर्ने र स्वीकार गर्नेछ;

(ख) अदालतको प्रशासनबारे अध्यक्षता, अभियोक्ता र रजिस्ट्रारलाई व्यवस्थापन रेखदेख उपलब्ध गराउनेछ;

(ग) अनुच्छेद ३ अन्तर्गत स्थापित विभागका प्रतिवेदन र क्रियाकलापहरूबारे विचार गर्नेछ र तिनकाबारेमा उपयुक्त कारबाही गर्नेछ;

(घ) अदालतको बजेटबारे विचार र निर्णय गर्नेछ;

(ङ) धारा ३६ अनुसार न्यायाधीशहरूको सङ्ख्या हेरफेर गर्ने-नगर्ने निर्णय गर्नेछ;

(च) असहयोगसम्बन्धी कुनै पनि प्रश्नबारे धारा ८७ अनुच्छेद ५ र ७ अनुसार विचार गर्नेछ;

(छ) यो विधान र कार्यविधि तथा प्रमाणसम्बन्धी नियमावलीको अनुरूप हुने अन्य कुनै पनि कामकारबाही सम्पादन गर्नेछ।

३. (क) सभामा सभाबाट निर्वाचित तीन वर्षको कार्यकाल रहने एक अध्यक्ष, दुई उपाध्यक्षहरू र १८ सदस्यहरूसहितको एक विभाग हुनेछ।

(ख) विभाग, विशेषत: समन्यायिक भौगोलिक वितरण र विश्वका प्रमुख कानुन प्रणालीहरूको पर्याप्त प्रतिनिधित्वसमेतलाई ध्यानमा राखी प्रतिनिधिमूलक चरित्रको हुनेछ।

(ग) विभागले वर्षमा एक पटकमा नघटाइ आवश्यकताअनुसार पटकपटक बैठक गर्नेछ। यसले सभालाई जिम्मेवारीहरूको परिपालना गर्नमा सहायता गर्नेछ।

४. सभाले अदालतको प्रभावकारिता र आर्थिक क्षमताको प्रवर्द्धनका लागि अदालतको निरीक्षण, मूल्याङ्कन र अनुसन्धान गर्ने स्वतन्त्र रेखदेख संयन्त्र लगायत् आवश्यकताअनुसारका मातहत निकायको स्थापना गर्न सक्नेछ।

५. अदालतका अध्यक्ष, अभियोक्ता र रजिस्ट्रार वा तिनका प्रतिनिधिहरू उपयुक्त भएअनुसार सभा र समितिका बैठकहरूमा सहभागी हुन सक्नेछन्।

६. सभाले अदालतको मुख्यालय वा संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा वर्षमा एक पटक बैठक गर्नेछ र परिस्थितिले आवश्यक भएबमोजिम विशेष सत्रहरू बसाउनेछ। यस विधानमा अन्यथा निर्दिष्ट गरिएकोमाबाहेक, विशेष सत्रहरू विभागको आफ्नै सक्रियतामा वा एक तिहाइ राज्यपक्षहरूको अनुरोधमा बोलाइनेछ।

७. हरेक राज्यपक्षलाई एक मतको अधिकार हुनेछ। सभा र विभागमा सर्वसम्मतिबाट निर्णयमा पुग्न हरसम्भव प्रयास गरिनेछ। सर्वसम्मति हुन नसकेमा विधानमा अन्यथा व्यवस्था गरिएकोमाबाहेक:

(क) राज्यपक्षहरूको पूर्ण बहुमत मतदानका लागि आवश्यक गणपूरक सङ्ख्या भएको अवस्थामा सारवान विषयमा निर्णय उपस्थित रहेका र मतदान गरेकाहरूको दुईतिहाई बहुमतबाट गरिनेछ।



(ख) कार्यविधिसम्बन्धी विषयका निर्णयहरू उपस्थित र मतदान गर्ने राज्यपक्षहरूको सामान्य बहुमतबाट गरिनेछन्।

८. अदालतको खर्चका लागि आर्थिक योगदानको भुक्तानी गर्न बक्यौता रहेको राज्यपक्षको अघिल्ला दुई वर्षमा गर्नुपर्ने योगदानको रकमभन्दा बढी रकम बक्यौता रहेको अवस्थामा यसलाई सभा र विभागमा मतदान गर्ने अधिकार रहनेछैन। यसो भए तापनि राज्यपक्षको नियन्त्रणभन्दा बाहिरको अवस्थाको कारणले भुक्तानी गर्न नसकेको कुरामा सभा सन्तुष्ट भएमा सभाले त्यस्तो राज्यपक्षलाई सभा र विभागमा मतदान गर्न अनुमति दिन सक्नेछ।

९. सभाले आफ्ना कार्यविधिको नियमावली आफैं पारित गर्नेछ।

१०. सभाको आधिकारिक तथा कामकाजी भाषाहरू संयुक्त राष्ट्रसङ्घका महासभाको भाषाहरू सरह हुनेछन्।

# अर्थव्यवस्था

**धारा ११३: आर्थिक नियमावली**

अन्यथा विशेष व्यवस्था गरिएकोमाबाहेक अदालत र विभाग एवं मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभासँग सम्बन्धित सबै आर्थिक विषयहरू यो विधान र राज्यपक्षहरूको सभाद्वारा जारी आर्थिक नियमावलीअनुसार व्यवस्थित हुनेछन्।

**धारा ११४: खर्चको भुक्तानी**

अदालत र विभाग तथा मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभाको खर्चबर्च अदालतको कोषबाट भुक्तानी हुनेछन्।

**धारा ११५: अदालत र राज्यपक्षहरूको सभाका कोषहरू**

राज्यपक्षहरूको सभाले निश्चित गरेको बजेटमा व्यवस्था भए अनुसारको अदालत र विभाग तथा मातहतका अङ्गहरूलगायत् राज्यपक्षहरूको सभाको खर्चबर्च देहायका स्रोतबाट बेहोरिनेछन्:

(क) राज्यपक्षहरूबाट गरिएको निर्धारित योगदान;

(ख) विशेषत: सुरक्षापरिषद्द्वारा गरिएका सिफारिसका कारण भएका खर्चहरूको सम्बन्धमा, महासभाको स्वीकृतिको अधीन रही, संयुक्त राष्ट्रसङ्घले उपलब्ध गराएका रकम।

**धारा ११६: स्वैच्छिक योगदान**

धारा ११५ प्रति कुनै पूर्वाग्रह नराखी, अदालतले अतिरिक्त रकमका रूपमा सरकारहरू अन्तर्राष्ट्रिय सङ्गठनहरू, व्यक्तिविशेषहरू, संस्थानहरू र अन्य संस्थापनाहरूबाट राज्यपक्षहरूको सभाले स्वीकार गरेका शर्तावस्थाका अनुसार स्वैच्छिक योगदान ग्रहण गर्न र उपयोग गर्न सक्नेछ।

**धारा ११७: योगदानको लेखाजोखा**

राज्यपक्षहरूबाट भएको योगदानहरूको लेखाजोखा, संयुक्त राष्ट्रसङ्घले आफ्नो नियमित बजेटको लागि स्वीकार गरेको माप र सो मापनको आधारभूत सिद्धान्तमा आधारित भई सहमति गरिएको मापनअनुसार हुनेछ।

**धारा ११८: वार्षिक लेखापरीक्षण**

वार्षिक आर्थिक विवरणलगायत् अदालतको अभिलेख, हिसाबकिताब र लेखाको वार्षिकरूपमा स्वतन्त्र लेखापरीक्षकबाट परीक्षण हुनेछ।

# अन्तिम प्रबन्ध

**धारा ११९: विवादको समाधान**

१. अदालतको न्यायिक कामकारबाहीसम्बन्धी कुनै पनि विवाद अदालतको निर्णयबाट समाधान गरिनेछ।
२. प्रारम्भ भएको तीन महिनाभित्र वार्ताप्रक्रियाबाट समाधान हुन नसकेका यस विधानको व्याख्या वा प्रचलनसम्बन्धी दुई वा बढी राज्यपक्षहरूको अन्य कुनै पनि विवाद राज्यपक्षहरूको सभासमक्ष सिफारिस हुनेछ। सभाले विवाद आफै समाधान गर्ने प्रयास गर्न सक्नेछ वा सो न्यायालयको विधानअनुरूप अन्तर्राष्ट्रिय न्यायालयसमक्ष सिफारिस गर्नेलगायत्का विवादको समाधानका अन्य माध्यमबारे सिफारिस गर्न सक्नेछ।



**धारा १२०: असहमति**

यस विधानप्रति कुनै असहमति राख्न सकिनेछैन।

**धारा १२१: संशोधन**

यो विधान लागू भएको सात वर्ष व्यतित भएपछि कुनै पनि राज्यपक्षले यसमा संशोधन प्रस्ताव गर्न सक्छ। कुनै प्रस्तावित संशोधनको पाठ संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष प्रस्तुत गरिनेछ, जसलाई निजले तत्काल सबै राज्यपक्षहरूलाई पठाउनेछन्।

जनाउको मितिबाट तीन महिनाभन्दा चाँडो नहुने गरी राज्यपक्षहरूको सभाले यसको आउँदो बैठकमा उपस्थित र मतदान गर्नेहरूको बहुमतद्वारा प्रस्तावलाई अघि बढाउने वा नबढाउने विषयमा निर्णय गर्नेछ। प्रस्तावलाई सभाले सोझै टुंगो लगाउन सक्नेछ वा अन्तभूर्त विषयले गर्दा त्यस्तो आवश्यक भएमा पुनरावलोकन सम्मेलन बोलाउन सक्नेछ।

सर्वसम्मति हुन नसकेमा संशोधन पारित गर्न राज्यपक्षहरूको सभाको बैठकमा वा पुनरावलोकन सम्मेलनमा राज्यपक्षहरूको दुईतिहाई बहुमत आवश्यक हुनेछ।

अनुच्छेद ५ मा व्यवस्था गरिएकोबाहेक संशोधन राज्यपक्षहरूको सात-आठौं अंशले अनुमोदन वा सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरेको एक वर्षपछि संशोधन सबै राज्यपक्षका लागि लागू हुनेछ।

यस विधानको धारा ५, ६, ७ र ८ का कुनै पनि संशोधन सो संशोधन स्वीकार गर्ने राज्यपक्षहरूका लागि तिनले अनुमोदन वा सम्मिलन गरेको लिखत दाखिला गरेको एक वर्षपछि लागू हुनेछ। संशोधन नस्वीकारेका राज्यपक्षको हकमा, संशोधनमा समेटिएका अपराधहरू सो राज्यपक्षका नागरिकहरूले गरेमा वा त्यसको प्रादेशिक क्षेत्रमा गरिएमा अदालतले सोसम्बन्धी अधिकारक्षेत्रको प्रयोग गर्नेछैन।

राज्यपक्षहरूको सात-आठौं अंशले  अनुच्छेद ४ अनुसार कुनै संशोधन स्वीकार गरेमा संशोधन स्वीकार नगर्ने कुनै पनि राज्यपक्षले धारा १२७,

अनुच्छेद १ मा जेसुकै कुरा लेखिएको भए पनि तर धारा १२७, अनुच्छेद २ को अधीन रही, त्यस्तो संशोधन लागू भएको एक वर्षभन्दा बढी ढिलो नगरिकन सूचना दिएर तत्कालै लागू हुने गरी यो विधानबाट आफू अलग हुन सक्नेछ।

संयुक्त राष्ट्रसङ्घका महासचिवले राज्यपक्षहरूको सभाको बैठक वा पुनरावलोकन सम्मेलनबाट पारित भएको कुनै पनि संशोधन सबै राज्यपक्षहरूलाई पठाउनेछन्।

**धारा १२२: संस्थागत प्रकृतिका प्रावधानको संशोधन**

१. पूर्णतया संस्थागत प्रकृतिका यस विधानका प्रावधानहरू, जस्तो कि, धारा ३५, धारा ३६, अनुच्छेद ८ र ९, धारा ३७, धारा ३८, धारा ३९, अनुच्छेद १ (पहिला दुई वाक्य), २ र ४, धारा ४२, अनुच्छेद ४ देखि ९, धारा ४३, अनुच्छेद २ र ३ तथा धारा ४४, ४६, ४७ र ४९ का संशोधनहरू, धारा १२१, अनुच्छेद १ मा जुनसुकै कुरा लेखिएको भए पनि, कुनै पनि राज्यपक्षले जुनसुकै बेला प्रस्ताव गर्न सक्नेछ। प्रस्तावित संशोधनको पाठ संयुक्त राष्ट्रसङ्घका महासचिव वा राज्यपक्षहरूको सभाले चयन गरेको व्यक्तिसमक्ष प्रस्तुत गरिनेछ, जसलाई निजले तत्काल सबै राज्यपक्षहरू र सभामा सहभागी हुने अरूलाई पठाउनेछ।

२. सर्वसम्मति कायम हुन नसकेका यस धाराअन्तर्गतको संशोधन राज्यपक्षहरूको दुईतिहाई बहुमतद्वारा राज्यपक्षहरूको सभा वा पुनरावलोकन सम्मेलनबाट पारित हुनेछ। यस्तो संशोधन सभा वा

अवस्थाअनुसार सम्मेलनबाट पारित भएको छ महिनापछि सबै राज्यपक्षहरूका लागि लागू हुनेछ।

**धारा १२३: विधानको पुनरावलोकन**

१. यो विधान लागू भएको सात वर्षपछि संयुक्त राष्ट्रसङ्घका महासचिवले यस विधानको कुनै संशोधनउपर विचार गर्न पुनरावलोकन सम्मेलन बोलाउनेछन्। यस्तो पुनरावलोकनमा, त्यसैमा मात्र सीमित नहुने गरी, धारा ५ मा रहेका अपराधहरूको सूचीसमेत



समावेश हुन सक्नेछ। सम्मेलन राज्यपक्षहरूको सभामा भाग लिनेहरूका लागि समान शर्तबमोजिम खुला हुनेछ।

२. त्यसपछि जुनसुकै समयमा राज्यपक्षको अनुरोधमा र अनुच्छेद १ मा उल्लिखित उद्देश्यका लागि बहुमत राज्यपक्षहरूको स्वीकृतिमा संयुक्त राष्ट्रसङ्घका महासचिवले पुनरावलोकन सम्मेलन बोलाउनेछन्।

३. धारा १२१, अनुच्छेद ३ देखि ७ सम्मका प्रावधानहरू पुनरावलोकन सम्मेलनमा विचार गरिएको विधानको कुनै पनि संशोधन पारित गर्ने र लागू गर्ने कुरामा लागू हुनेछन्।

**धारा १२४: सङ्क्रमणकालीन व्यवस्था**

धारा १२, अनुच्छेद १ र २ मा जुनसुकै कुरा लेखिएको भए पनि यस विधानको पक्ष बनेपछि राज्यले सम्बन्धित राज्यका लागि यो विधान लागू भएको मितिपछि सात वर्षको अवधिका लागि, धारा ८ मा उल्लेख गरिएको श्रेणीका अपराध उसका नागरिकले गरेको वा उसको क्षेत्रभित्र भएको आरोपमा अदालतको अधिकारक्षेत्र स्वीकार नगर्ने गरी घोषणा गर्न सक्नेछ। यस धाराअन्तर्गतको घोषणा जुनसुकै बेला फिर्ता लिन सकिनेछ। यस धाराका प्रावधान धारा १२३, अनुच्छेद १ अनुसार बोलाइएको पुनरावलोकन सम्मेलनमा पुनरावलोकन गरिनेछ।

**धारा १२५: हस्ताक्षर, अनुमोदन, स्वीकार, समर्थन वा सम्मिलन**

१. यो विधान हस्ताक्षरका लागि सबै राज्यहरूका लागि रोममा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालयमा सन् १९९८ जुलाई १७ तारिखमा खुला हुनेछ। त्यसपछि यो हस्ताक्षरका लागि सन् १९९८ अक्टोबर १७ सम्म इटलीको परराष्ट्र मन्त्रालय, रोममा खुला रहनेछ। सो मितिपछि यो विधान सन् २००० डिसेम्बर ३१ सम्म हस्ताक्षरका लागि संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्यूयोर्कमा रहनेछ।

२. यो विधान हस्ताक्षरकारी राज्यहरूको अनुमोदन, स्वीकृति वा समर्थनको अधीन रहनेछ। अनुमोदन, स्वीकृति वा समर्थनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल गरिनेछन्।

३. यो विधान सम्मिलनका लागि सबै राज्यहरूलाई खुला हुनेछ। सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल गरिनेछ।

**धारा १२६: लागू हुने**

१. यो विधान अनुमोदन, स्वीकृति वा समर्थन वा सम्मिलनको साठियौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल भएको मितिपछिको साठियौँ दिनपश्चात्को महिनाको पहिलो दिनदेखि लागू हुनेछ।

२. अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको साठियौँ लिखत दाखिला भएपछि अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन गर्ने हरेक राज्यका लागि यो विधान अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको उसको लिखत दाखिल भएको मितिको साठियौँ दिनपश्चात्को महिनाको पहिलो दिनदेखि लागू हुनेछ।

**धारा १२७: परित्याग**

१. राज्यपक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर गरी यो विधानबाट अलग्गिन सक्नेछ। जनाउले पछिल्लो मिति तोकेकोमाबाहेक यस्तो परित्याग जनाउ दिएको मितिदेखि एक वर्षपछि लागू हुनेछ।

२. परित्याग गरेको कारणले राज्यपक्ष यस विधानको पक्ष रहेको समयमा उत्पन्न भएको कुनै पनि आर्थिक दायित्वलगायत्का दायित्वहरूबाट मुक्त हुनेछैन। यसको परित्यागले परित्याग गर्ने राज्यले सरसहयोग गर्नुपर्ने कर्तव्य भएको र परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै प्रारम्भ भएको फौजदारी अनुसन्धान वा कारबाही प्रक्रियासम्बन्धी अदालतसँगको कुनै सरसहयोगलाई असर पार्नेछैन न त यसले परित्याग प्रभावकारी हुने मितिभन्दा अगावै अदालतमा विचाराधीन रहेको विषयउपर विचार गर्ने कार्यलाई निरन्तरता दिनमा कुनै किसिमले प्रतिकूल प्रभाव पार्नेछ।



**धारा १२८: आधिकारिक पाठ**

यस विधानको मौलिक पाठ जसको अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सिली, रसियाली र स्पेनी भाषाका पाठहरू समानरूपमा आधिकारिक छन्, संयुक्त राष्ट्रसङ्घका महासचिवकहाँ दाखिल गरिनेछ, जसले तिनीहरूका प्रमाणित प्रति सबै राज्यहरूलाई पठाउनेछन्।

प्रत्यक्ष रोहबरमा तल हस्ताक्षर गर्ने सम्बन्धित सरकारहरूका तत्सम्बन्धी विधिवत अधिकारप्राप्तहरूले यस विधानमा हस्ताक्षर गरेका छन् । आज सन् १९९८ जुलाई महिनाको सत्रौँ दिनमा रोममा सम्पन्न ।